


श्रीराम




योगेश्वर श्रीकृष्ण




श्री परमानन्दजी महाराज
(परमहंसजी)



# अहिंसाको स्वरूप



महावीर स्वामी





महात्मा बुद्ध

## स्वामी अड़गड़ानन्द जी



महात्मा गाँधी



स्वामी विवेकानन्द



सन्त कबीर

।। ॐ नमः सद्गुरुदेवाय ।।

# भारतीय महापुरुषहरूको दृष्टिमा अहिंसाको स्वरूप

अहिंसा एउटा अल्झिएको प्रश्न हो। मूलतः यो यौगिक शब्द हो, आन्तरिक साधनाको शब्द हो, तर कालान्तरमा मानिसहरूले यसलाई बाहिरी जगत्‌को जीवहत्यासंग जोडी दिए।...


लेखक :

परमपूज्य श्री परमहंस महाराजज्यूको कृपा-प्रसाद

*स्वामी श्री अड़गड़ानन्दजी*

श्री परमहंस आश्रम, शक्तेषगढ़, चुनार-मिर्जापुर (उ० प्र०)- भारत

फोन : ०५४४३-२३८०४०



प्रकाशक :

**श्री परमहंस स्वामी अड़गड़ानन्दजी आश्रम ट्रस्ट**

न्यू अपोलो एस्टेट, गाला नं 5, मोगरा लेन (रेलवे सबवे के पास)

अंधेरी (पूर्व), मुम्बई – 400069

ॐ

अनन्तश्री विभूषित,

योगिराज, युगपितामह

परमपूज्य स्वामी श्री परमानन्दजी

श्री परमहंस आश्रम अनुसुइया

(चित्रकूट)

के परम पावन चरणों में


सादर समर्पित

अन्तस्प्रेरणा

# गुरु-वन्दना

**।। ॐ श्री सद्गुरुदेव भगवान की जय।।**

जय सद्गुरुदेवं, परमानन्दं, अमर शरीरं अविकारी।
निर्गुण निर्मूलं, धरि स्थूलं, काटन शूलं भवभारी।।
सूरत निज सोहं, कलिमल खोहं, जनमन मोहन छविभारी।
अमरापुर वासी, सब सुखराशि, सदा एकरस निर्विकारी।।
अनुभव गम्भीरा, मति के धीरा, अलख फकीरा अवतारी।
योगी अद्वेष्टा, त्रिकाल द्रष्टा, केवल पद आनन्दकारी।।
चित्रकूटहिं आयो, अद्वैत लखायो, अनुसुइया आसन मारी।
श्री परमहंस स्वामी, अन्तर्यामी, हैं बड़नामी संसारी।।
हंसन हितकारी, जग पगुधारी, गर्व प्रहारी उपकारी।
सत्-पंथ चलायो, भरम मिटायो, रूप लखायो करतारी।।
यह शिष्य है तेरो, करत निहोरो, मोपर हेरो प्रणधारी।
जय सद्गुरु................भारी।।




**श्री श्री १००८ श्री स्वामी परमानन्दजी महाराज ( परमहंसजी )**

जन्म : शुभ सम्वत् विक्रम १९६९ (सन् १९११ ई०)

महाप्रयाण : ज्येष्ठ शुक्ल ७, वि०सं० २०२६, दिनांक २३/०५/१९६९ ई०

परमहंस आश्रम अनुसुइया, चित्रकूट



**श्री स्वामी अड़गड़ानन्दजी महाराज**

(परमहंस महाराज का कृपा–प्रसाद)

# प्रस्तावना

'अहिंसा' मूलतः योग-साधनाको शब्द हो। अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह यी पाँचै एकैसाथ योगीको हृदयमा स्थापित भइसकेपछि योगका उन्नत भूमिकाहरूमा प्रवेश मिल्दछ। धारणा, ध्यान, समाधि र कैवल्य ज्ञानसम्मका ऊँचाईहरूमा प्रतिष्ठित गराउँदछ। यसलाई शील र अणुव्रत पनि भनिन्छ। यी अहिंसाकै पूरक हुन्। छुट्टै अहिंसा जस्तो कुनै साधना छैन।

वास्तवमा निःशस्त्रीकरणलाई धार्मिक रूप प्रदान गर्नको लागि नै व्यवस्थाकारहरूले 'अहिंसा' शब्दको सामाजिक प्रचार गराए, जबकि निःशस्त्रीकरण हाम्रो परम्परा छैन। अनादिकालदेखि, सभ्यताको आरम्भदेखि नै अस्त्र-शस्त्रहरूको सम्मानको परम्परा रहेको छ। तपाईंका पूर्वजहरूमा एउटा पनि देवता अथवा एउटा पनि असुर यस्तो छैन जोसंग शस्त्र छैन- देवराज इन्द्रको वज्र, यमको दण्ड, देवाधिदेव शङ्करको त्रिशूल, ब्रह्माको शक्ति, विष्णुको चक्र। देवासुर संग्राममा देवताहरूको हार भएपछि देवीहरूले युद्ध गरिन् र विजय गराइन्। देवता मात्र होइन, राक्षस अर्थात् रक्ष संस्कृतिवाला पनि शस्त्र-सञ्चालनमा पछि थिएन्न्। उनीहरूको आविष्कार पनि कम थिएन; जस्तै– टाउको काटिएपछि पनि जीवित हुनु। उनका गुरु शुक्राचार्यले संजीवनी विद्याद्वारा मरेका सेनालाई पनि जीवित गरिदिन्थे। रक्तबीज जस्तो आविष्कार- रगतको जति थोपा खस्थ्यो, त्यत्ति नै राक्षस भएर उभिन्थे। असुरका छोरीहरू पनि शस्त्र-सञ्चालनमा दक्ष थिइन्। ताड़का आदिले इन्द्रद्वारा बसालिएको समृद्ध करुष देशलाई नष्ट गरिदिए। त्यहाँ भयंकर जंगल भयो।

राजा-महाराजाहरूले पनि दिग्विजय, त्रिलोक विजय, चक्रवर्ती पदको कीर्तिमान स्थापित गरे; अश्वमेध, राजसूय यज्ञहरूको माध्यमले शस्त्राभ्यासको परम्पराको निर्वाह गरे। महान् विजेता नरेशहरूमा सम्राट अशोक, समुद्रगुप्त र अकबर जस्ता भारतीय राजाहरूको गणना हुन्छ। शस्त्रहरूको खोजीमा पूर्वजहरूले देवलोकसम्मको यात्रा गर्दथे। अर्जुनले देवलोकबाट शस्त्र प्राप्त गरेका थिए र उही अर्जुन महाभारत युद्ध हुनुभन्दा अगाडि सैन्य निरीक्षण गर्दा काम्न थाले र भने- गोविन्द! म युद्ध गर्दिन। आफन्तहरूलाई मार्दा पाप हुनेछ। भगवान्‌ले

भन्नुभयो- यदि तिमीले युद्ध गरेनौ भने स्वधर्म, कीर्ति गुमाएर पापलाई प्राप्त गर्नेछौ। अर्जुनले भने- शस्त्रधारी कौरवले म शस्त्रविहीनलाई मारुन्, मर्नु श्रेयस्कर हुन्छ, तर युद्ध गर्दिन। शस्त्रविहीन अर्थात् मुर्दा! षड्यन्त्रकारी दुर्योधन, जसले कुन्तीसमेत सबै पाण्डवलाई लाक्षागृहमा जलाएको थियो, अर्जुनलाई नि:शस्त्र भेटेको भए के जीवित छोड्द्थियो?

उनै शौर्यसम्पन्न पूर्वजहरूका सन्तानहरू, आज मुट्ठिभर दुई–चारजना गरमदिमागीहरूले कतै खुट्टा जमाउँदा मानिसहरूका लागि भाग्ने ठाउँ हुँदैन।

दिग्विजयी भारतीयहरूको यो दुर्दशा न त मुसलमान शासकहरूले गरे, न त अंग्रेजहरूले र न त वर्तमान सरकारहरूले गरे। यो त आजभन्दा पन्ध्रसय-दुई हजार वर्ष पहिले गीताको श्लोकांश 'चातुर्वर्ण्यं मया सृष्टम्'को भ्रामक व्याख्याको कारण पुष्यमित्र शुंगकालमा भौतिक शिक्षाको आधारमा बनाइएका र धर्माचार्यहरूद्वारा प्रवर्तित सामाजिक व्यवस्थाको देन हो। 'वर्ण' आत्मालाई विदित गराउने साधनाका क्रमोन्नत आन्तरिक खुड्किलाहरू हुन्, जसमा प्रवेशको अधिकार ती सबैलाई छ, जसलाई मानव-शरीर मिलेको छ; तर व्यवस्थाकारहरूले 'वर्ण'को अर्थ 'जाति' गराएर समाजलाई जन्मका आधारमा चार प्रमुख जातिहरूमा विभाजन गरी आ-आफ्नो जातीय व्यवसाय अनुसार बाँच्ने-खानेमा विवश गराएर धर्म घोषित गरिदिए, राजाहरूका सेनाका बलले यस व्यवस्थालाई लागु गरिराखे र विधाताका सृष्टिका जीवहरूको मृत्यु र जीवनलाई हिंसा र अहिंसाको संज्ञा दिएर अबुझ, हतप्रभ र भयभीत बनाई दिए।

प्राय: सबै जातिहरू व्यावसायिक आरक्षण तथा हिंसा-अहिंसाको व्यवस्थासंग असन्तुष्ट थिइन्। रिसाएर यिनीहरू कतै शस्त्र न उठाई लिउन् त्यसैले व्यवस्थाकारहरूले नि:शस्त्रीकरणको कुचक्र चलाए कि बहुसंख्यक सेवक वर्ग शूद्रले कुनै पनि परिस्थितिमा शस्त्र नउठाउन्। यदि उनीहरूलाई कसैले लुटे पनि शस्त्र नउठाउन - नत्र नरकमा जानु पर्नेछ। दान लिएको वस्तु कसैले खोस्छ भने ब्राह्मणले शस्त्र उठाउन सक्छ। गाइमाथी संकट आउँदा वैश्यले पनि शस्त्र उठाउन सक्छ। क्षत्रियहरूले मात्र शस्त्र उठाउन सक्छन्। सयमा सात क्षत्रिय, त्यसमा पनि स्त्रीहरू, बच्चाहरू र वृद्धहरू! ती मध्ये दुई–

चार जनालाई कब्जा गरेपछि अरू बाँकी व्यक्तिहरूलाई भेड़ा-बाख्रा जस्तै डोऱ्याएर लैजान सकिन्छ।

यो शोषण सधैं चलिरहोस्। कतैबाट पनि विरोधको स्वर नउठोस्, यसका लागि व्यवस्थाकारहरूले शिक्षामा कड़ा प्रतिबन्ध लगाए कि एउटा मात्र वर्ग 'ब्राह्मण'ले पढ्नेछ-पढाउनेछ। संस्कृति-ग्रन्थ महाभारत र एकतामूलक परमश्रेय प्रदायिनी धर्मग्रन्थ गीता पढ्न र घरमा राख्न प्रतिबन्ध लगाई दिए। नयाँ-नयाँ स्मृतिग्रन्थहरूको संरचना गरी त्यसैलाई धर्मशास्त्र घोषित गरिदिए।

हाम्रो संस्कृतिमा शस्त्राभ्यास अनिवार्य थियो। समाजमा आसुरी प्रवृत्तिहरूको बढोतरी भएपछि एक समुदायले रावण जस्तै भजन गर्न दिदैन। खाउ-पिउ, मोज गरको सभ्यता मात्र कर गर्न लाग्दछ। यस्ता आततायीहरूका कुनै पनि प्रकारले हृदय-परिवर्तन नदेखेपछि जंगलमा बस्ने सन्त-महात्माहरूले पनि राजा-महाराजाहरूलाई शस्त्र-सञ्चालनको शिक्षा दिएर आसुरी प्रकृति-वालाहरूको मूलोच्छेदन गराई दिए, आत्मोद्धारको साधना सर्वसुलभ बनाई दिए। यसप्रकारको युद्ध अहिंसाको विरोधी होइन, बरू अहिंसालाई नै प्रतिष्ठित गर्नको लागि गरिएको समयानुकुल समाधान हो, जसको लागि प्रत्येक समाजले सधैं सचेत रहनु पर्दछ। आफ्नो अस्तित्व, धर्म र संस्कृतिको रक्षाको लागि शस्त्रहरूको अभ्यास अनिवार्य छ।

आतंकवादीहरूसंग अस्त्र-शस्त्रहरूको कमी छैन। आज पनि नि:शस्त्रीकरण सोझो र शान्तिप्रिय व्यक्तिहरूका लागि मात्रै हो। यस नि:शस्त्रीकरणको वकालत पनि तिनीहरू नै बढी गर्दछन् जोसंग गुप्तरूपमा अस्त्र-शस्त्र धेरै मात्रामा छ। तिनीहरूलाई यो भय छ कि कतै उनको एकाधिकार समाप्त न भैजाओस्। यो नै अशान्तिको कारण हो।

समाजमा सुखसंग बाँच्नको लागि दया, सद्भाव, सहयोग, मित्रता, सहनशीलता, अर्काको दु:खमा करुणा इत्यादिको सद्गुणहरू आवश्यक छन् जसले गर्दा एक अर्कामाथी भरोसा रहन्छ; तर यो अहिंसा होइन। आउनुस् हेरौं हाम्रा पूर्वज महापुरुषहरूले अहिंसालाई कुन सन्दर्भमा लिएका छन्।

**- स्वामी अड़गड़ानन्द**

# धर्मशास्त्र

श्रीमद्भगवद्गीता सृष्टिका आदिशास्त्र हो। भगवान् श्रीकृष्णले भन्नुहुन्छ, ''अर्जुन! यस अविनाशी योगबारे आरम्भमा मैले सूर्यलाई भने (गीता, ४/१)। (हुन सक्छ गीताको पुरानो नाम अविनाशी योग थियो होला। यस्तो विद्या जसले अविनाशी परमात्मासंग योग गराउँछ, यो नै धर्मको परिभाषा हो- **धारयति इति धर्मः**।) सूर्यले आफ्नो पुत्र आदिमनुलाई भने। महाराजा मनुले त्यसैलाई आफ्नो स्मृतिमा धारण गर्दै स्मृतिको परम्परा दिए- त्यसैलाई आफ्नो पुत्र इक्ष्वाकुसंग भने। उनीद्वारा राजर्षिहरूले जाने। त्यो महत्वपूर्ण समयदेखि यो अविनाशी योग हराएर गएको थियो। त्यसैलाई म तिमीसंग भन्न गइरहेछु।'' पहिले पनि मैले नै भनेको थिएँ र आज पनि म नै भनिरहेछु। यो परमात्माको श्रीमुखको वाणी हो। जसलाई सुनेर अर्जुनले भने-

**नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत।**
**स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव।। (गीता, १८/७३)**

हे अच्युत! मोहबाट उत्पन्न मेरो अज्ञान नष्ट भयो। स्मृतिको जुन परम्परा महाराजा मनुले दिएका थिए, मैले त्यस स्मृतिलाई प्राप्त गरिसकेको छु। म तपाईंको आदेशको पालन गर्नेछु। उसले धनु उठायो, युद्ध भयो। अर्जुनको विजय भयो, धर्म-साम्राज्यको स्थापना भयो। धर्मात्मा राजा युधिष्ठिर सिंहासनमा बसे र फेरि त्यही एउटा धर्मशास्त्र प्रसारित भयो, जुन आरम्भमा थियो। सृष्टिको आदिमा तपाईंको धर्मशास्त्र गीता थियो- यो बिर्सिएपछि द्वापरमा फेरि प्रसारित भयो र आज पनि दशौं हजार टीकाहरूमध्ये जब गीताको आशय विलुप्त भएको थियो, तब गीताभाष्य **'यथार्थ गीता'**को आलोकमा विश्वभरि फैलिएका अप्रवासी भारतीयहरू, भारतीय धर्माचार्यहरू, विद्वत् परिषद् तथा विभिन्न पन्थावलम्बिहरूले एउटै स्वरमा श्रीमद्भगवद्-गीतालाई मानव-धर्मशास्त्र घोषित गरेका छन् । गीता विशुद्ध मनुस्मृति हो। यो नै वहाँलाई नासोको रूपमा मिलेको थियो र मनुबाट जन्म भएका कारणले विश्वभरिका मानव मात्रको धर्मशास्त्र गीता नै हो।

**।। ॐ ।।**

# गीताको आलोकमा 'अहिंसा'

सृष्टिको आदिज्ञानको लिपिबद्ध रूप भगवान् श्रीकृष्णोक्त गीता हो, त्यसैले आदिशास्त्र श्रीमद्भगवद्गीता हो। भगवान्ले आफ्नै श्रीमुखले यसलाई शास्त्र घोषित गर्नुभयो– '**इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ।**' (गीता, १५/२०)– यो गोपनीयभन्दा पनि अति गोपनीय शास्त्र मद्वारा भनिएको हो। यसलाई जानेर तिमी सम्पूर्ण ज्ञान, श्रेयपदको प्राप्ति, सधैं रहिरहने धाम प्राप्त गर्नेछौ। अतः गीता तपाईंको धर्मशास्त्र हो। यसको पहिलो प्रसारण पृथ्वीमा भयो र दोस्रो प्रसारण भारतमा (कुरुक्षेत्रमा) भयो; त्यसैले विश्व-मनीषाको सम्पूर्ण धर्मशास्त्र मात्र गीता हो। जब-जब गीतालाई बिर्सियो, विश्व संकटमा परे र जब यो प्रकाशमा आयो, शंकाहरूको निवारण भयो, संकट समाप्त भयो।

कुरुक्षेत्रको रणक्षेत्रमा कौरव-पाण्डवका सेनाहरू व्यूहबद्ध भए। अर्जुनले भने, ''केशव! मेरो रथलाई दुबै सेनाहरूका मध्यभागमा लग्नुहोस्। म हेरी हालुँ मैले को-कोसंग युद्ध गर्नुछ।'' सैन्य निरीक्षण गर्ने बित्तिकै अर्जुन काम्न थाल्यो। उसले भने- भगवन्! म यो युद्ध गर्दिन बरू शस्त्रधारी कौरवले मलाई मारुन्, मर्नु श्रेयस्कर छ; तर गोविन्द! म युद्ध गर्दिन। यो अधर्म हो; किनकि **'कुलधर्माः सनातनाः।'–** कुलधर्म सनातन हो। युद्ध गर्नाले सनातन धर्म नष्ट हुनेछ। **'जातिधर्माश्च शाश्वताः'–** जातिधर्म शाश्वत हो। युद्ध गर्नाले शाश्वत धर्म नष्ट हुनेछ। कुलका स्त्रीहरू दूषित हुनेछिन्, वर्णसंकरहरू जन्म लिनेछन्, जुन कुल र कुलघातिहरूलाई नरकमा लैजानको लागि नै हुन्छन्। युद्धजनित भीषण नरसंहारले पिण्डोदक क्रिया लुप्त हुनेछ, पितृहरू भोकै रहनेछन्।'' उसले तर्क दिन थाले।

अर्जुनले भने– हामीहरू समझदार भएर पनि महापाप गर्न गइरहेका छौं, किनकि राज्य र सुखको लोभमा आफ्नै कुलको संहार गर्नका लागि उद्यत छौं। हामी यस पापबाट जोगिने विचार किन नगर्ने। म मात्रै भूल गरिरहेको छु, यस्तो कुरा होइन, तपाईं पनि भूल गर्दै हुनुहुन्छ, श्रीकृष्णमाथी पनि आरोप

लगायो। अझसम्म उसले चतुराईमा आफूलाई श्रीकृष्णभन्दा कम ठान्दैन। धनुर्वेदमा आफूलाई केही बढी नै ठान्दथ्यो। उसले भन्दछ– कौरवहरू बुझ्न सकेका छैनन्, तर तपाईं-हामी त समझदार छौं। यस्तो भनेर धनुष-बाण फ्याकी रथको पछिल्लो भागमा बस्यो।

आफूले बुझेसम्म अर्जुन अहिंसाकै निर्वाह गरिरहेको थियो; किनकि उसले अरबौं मानिसहरूको हत्यालाई जोगाई रहेको थियो; तर भगवान्‌ले भन्नुभयो- यदि तिमिले यो धर्ममय युद्ध गरेनौं भने स्वधर्म, कीर्ति र यश गुमाएर पापलाई प्राप्त गर्नेछौ। अर्जुनले भन्छ कि युद्ध गर्नु पाप हो, भगवान् भन्नुहुन्छ कि युद्ध नगर्नु पाप हो। अतः विचारणीय कुरा यो छ कि अहिंसा के हो?

भगवान्‌ले भन्नुभयो, ''अर्जुन! पण्डितहरू, जसको प्राण गइसक्यो उसको लागि पनि शोक गर्दैन्न; किनकि शरीरको जसरी बालकपन, युवा, प्रौढ़ तथा वृद्ध अवस्था हुन्छन्, त्यस्तै अरू-अरू शरीरहरूको पनि प्राप्ति हुन्छ। एउटा शरीर छुटेपछि अर्को अवस्था तयार हुन्छ; त्यसैले पण्डितहरू शोक गर्दैन्न।

अर्जुन! शरीर नाशवान छ, जसको कुनै अस्तित्व छैन। आत्मा नै सत्य हो। शरीर क्षणभंगुर छ, अनित्य छ, यसकारण तिमी युद्ध गर। सम्पूर्ण गीतामा भगवान्‌ले युद्धको मात्र एउटै औचित्य बताए कि शरीर नाशवान छ त्यसैले युद्ध गर। त्यसोभए के पाण्डव-पक्षका शरीरहरू अविनाशी थिए? साखै-नातेदारहरू आधा यता थिए भने आधा उता थिए। ती सबै नातेदारहरू नै थिए। यस आदेशले यो स्पष्ट हुँदैन कि अर्जुनले कौरवहरूलाई मात्र मारुन्। उसले त जहाँ शरीर देखा पर्दथ्यो त्यही बाण चलाउनु पर्दथ्यो। यसबाहेक के शरीर मार्नाले मर्दछ?–

**वासांसि जीर्णानि यथा विहाय**
**नवानि गृह्णाति नरोऽपराणि।**
**तथा शरीराणि विहाय जीर्णा-**
**न्यन्यानि संयाति नवानि देही।। (गीता, २/२२)**

भूतादिहरूका स्वामी आत्मा शरीररूपी वस्त्रलाई त्यागेर नयाँ शरीर धारण गर्दछ। शरीर एउटा वस्त्र हो। आत्माले एउटा शरीर त्यागेर अर्को शरीर

धारण गर्दछ। काम नलाग्ने पुरानो वस्त्र त्यागेर नयाँ वस्त्र धारण गर्दछ भने बच्चाहरू किन मर्दछन्? ती नयाँ वस्त्रहरूलाई त अझै विकसित हुनु थियो। वास्तवमा संस्कार नै शरीरको जीवनीशक्ति हो। संस्कार दुई दिनको छ भने शरीर दुई दिनमै काम नलाग्ने पुरानो हुनजान्छ? संस्कार समाप्त भएपछि शरीर धारण गर्ने कारण पनि समाप्त हुनजान्छ त्यसैले काट-मारले शरीर कहिल्यै पनि मर्ने छैन। क्रमशः भजन गर्दै जाँदा अन्तिम संस्कार समाप्त हुने र शरीर धारण गर्ने कारण समाप्त हुने क्रिया एकैपल्ट घटित हुन्छ। कुनै संस्कार रत्तिभर पनि बाँकी छ भने जस्तो संस्कार छ त्यस्तै पिण्ड तयार हुनेछ, शरीर मिल्नेछ। अतः अन्तिम संस्कार समाप्त हुनु र शरीरप्राप्तिको कारण समाप्त हुनु– यो नै शरीरको अन्त (मुक्ति) हो। स्मृति-पटलमा त्यही विचारहरू उठ्दछन् जो संस्कारहरूमा हुन्छन्। संस्कार बाँकी छैन भने चित्तवृत्ति शान्त प्रवाहित हुन्छ। यो मनको निरोधावस्था हो। यस निरोधको साथै शरीर बन्नुको कारणहरूको निरोध हुनजान्छ र पुरुषले परमतत्त्व परमात्मालाई विदित गर्दछ। यस स्तरमा युद्ध पूर्ण हुन्छ र शाश्वत विजय प्राप्त गर्दछ। यस धारणा अनुसार जीवहरूलाई मार्नाले कुनै क्षति हुँदैन। जीवात्माले वस्त्र त बदल्नु नै थियो। त्यसैले कस्तो हत्या? के वस्त्र बदल्नु हत्या हो? के वस्त्रमा प्राण हुन्छ र? अतः विचार गर्नुहोस् कि अहिंसा के हो?

गीता अनुसार, संसारमा न कोही शत्रु छ न कोही मित्र। एकमात्र आत्मा नै सत्य हो। विधाता र त्यसबाट उत्पन्न सम्पूर्ण सृष्टि नश्वर हो–

**आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन।**
**मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते।। (गीता, ८/१६)**

सृष्टिको रचना गर्ने विधाता र उनीबाट उत्पन्न सम्पूर्ण संसार परिवर्तनशील, दु:खैदुखको खानी र क्षणभंगुर छ। समय समाप्त भएपछि ब्रह्मा पनि आफ्ना लोकसमेत समाप्त हुन्छ, तर अर्जुन! मेरो भक्त कहिले पनि नष्ट हुँदैन। शरीरहरूको सीमाना विधातासम्म हो।

वास्तवमा आत्मा नै सत्य हो, परमतत्त्व हो। यो सनातन पुरुष हो, कालभन्दा पर अमृतस्वरूप हो। यस आत्मालाई विदित गर्ने नियत विधि (योग-विधि)को नाम यज्ञ हो। यस यज्ञमा केही योगीहरू इन्द्रियहरूका

बहिर्मुखी प्रवाहलाई संयमरूपी अग्निमा हवन गर्दछन्, प्रश्वासलाई श्वासमा हवन गर्दछन् र क्रमशः **'प्राणापान गती रुद्ध्वा प्राणायामपरायणाः।'**– श्वास-प्रश्वासको गति रोकेर प्राणायाम गर्दछन्। ज्ञानाग्नि, योगाग्नि, संयमाग्नि, श्वास-प्रश्वासाग्नि– यहाँ भौतिक आगो बल्दैन। आगो त उदाहरण मात्र हो। जसरी आगोमा हरेक वस्तु भस्म हुन्छ, ठीक त्यस्तै संयम पनि एउटा आगो हो, जसमा इन्द्रियहरूका बहिर्मुखी प्रवाह सधैंका लागि शान्त हुन्छ। प्राणायाम एउटा यस्तो आगो छ जसमा प्राणहरूको व्यापार (क्रिया-कलाप)मा विराम लाग्दछ। यस अवस्थामा अन्तःकरणमा राम्रा अथवा नराम्रा विचारहरू उठ्दैन्न। यो नै चित्तको निरोधावस्था हो।

सारांशतः योग-विधि यज्ञ हो। यस योग-विधिलाई कार्यरूप दिनु नै कर्म हो। कर्मको अर्थ हो आराधना, कर्मको आशय हो चिन्तन। कर्ममाथी प्रकाश पार्दै भगवान्ले भन्नुभयो कि यसले आत्मालाई विदित गराउँछ। यो नै नियत कर्म हो, यज्ञार्थ कर्म हो। यज्ञलाई क्रियान्वित गर्नु नै कर्म हो। **'अन्यत्र लोकोऽयं कर्मबन्धनः'**– यज्ञबाहेक अरू जे जति गरिन्छ, ती सबै यसै लोकका बन्धनकारी कर्म हुन्। यो कर्मले **'मोक्ष्यसेऽशुभात्'**– तिमीलाई अशुभ अर्थात् संसार-बन्धनबाट मुक्ति प्रदान गर्नेछ।

अर्जुन! यस कर्मलाई नगरिकन सृष्टिमा कसैले पनि मलाई प्राप्त गर्न सकेका छैन, न त भविष्यमा प्राप्त गर्न सक्नेछ। हामी कर्म गरी नै रहनेछौं कि कुनै बेला यसबाट छुटकारा पनि पाइनेछ? यसमाथी भगवान् भन्नुहुन्छ– कर्महरूको परिणाममा जसलाई आत्मा विदित छ, जो आत्मतृप्त छ, आत्मस्थित छ, त्यस महापुरुषको लागि अलिकति पनि कर्तव्य बाँकी रहँदैन। अब उनलाई कर्म गर्नाले न केही लाभ हुन्छ र न त कर्म छोड्नाले कुनै हानि नै हुन्छ। तैपनि ती महापुरुषहरू उनका पछिलगेकाहरूका हितका लागि राम्ररी कर्ममा गर्दछन्। उनीहरूका लागि प्राप्त हुने योग्य वस्तु अप्राप्त छैन। अगाडि कुनै सत्ता नै छैन भने कसको कामना गर्ने? उनीहरूसंग तुलना गर्दै भगवान्ले आफ्नो परिचय दिनुभयो, ''अर्जुन! मलाई पनि तीनवटै कालमा अलिकति पनि प्राप्त हुने योग्य वस्तु अप्राप्त छैन। कर्म गर्नाले न मलाई कुनै लाभ छ र न त छोड्नाले कुनै हानि नै छ, तैपनि म पछिलागेकाहरूका हितका इच्छाले राम्ररी कर्ममा

लागि रहन्छु। यदि म सावधान भएर कर्म गरिनँ भने समाजले मेरो देखासिखी गरेर भ्रष्ट हुनेछन्।'' यसप्रकारले महापुरुषसंग आफ्नो तुलना गरेर भगवान् स्पष्ट पार्नुभयो कि उनी योगेश्वर थिए, सद्गुरु थिए। पहिले स्वरूपमा स्थित महापुरुषको परिचय दिए, फेरि उनीसंग समानता गर्दै आफ्नो परिचय दिए। यदि सावधान भएर त्यो महापुरुष कर्म गरेर भने अथवा मैले कर्म गरेन भने समाजले त्यस्तै गर्न लाग्नेछन्। समाज वर्णसंकर हुनेछन् र म यी प्रजाहरूलाई हनन गर्ने, मार्नेवाला हुनेछु।

**उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम्।**
**संकरस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः।। (गीता, ३/२४)**

यदि महापुरुषले सावधान भएर नियतकर्ममा लागेन भने अथवा मानिसहरूलाई नियतकर्ममा प्रवृत्त गराएन भने सबै प्रजाको हनन गर्नेवाला बन्नेछ। साधनाद्वारा हिडेर त्यस अविनाशीको प्राप्ति नै जीवन हो र प्रकृतिमा भौतारिनु नै मृत्यु हो। यदि महापुरुषले प्रजालाई क्रिया-पथमा चलाउँदैन भने ऊ सबैको हत्यारा हो, हिंसक हो र आफू साधना पथमा लागेर अरूलाई पनि लगाउँछ भने ऊ शुद्ध अहिंसक हो। गीता अनुसार शरीरको निधन (नश्वर खोलको निधन) मात्र वस्त्र-परिवर्तन हो, हिंसा होइन।

संसारमा स्त्रीहरूको मनमानी आचरणले वर्णसंकर हुने सुनिन्छ; तर यो कस्तो वर्णसंकर हो कि कुनै स्वरूपमा स्थित महापुरुषले कर्ममा लागि परेर तपाईंबाट गर्न लगाउदैन भने तपाईं वर्णसंकर हुनु हुनेछ? वास्तवमा **'हंसा तू सुबरन बरन'**– यस आत्माको वर्ण सुबरण- जो शाश्वत नित्य तत्त्व हो, त्यही वर्ण हो। **'ईश्वर अंस जीव अबिनासी'**– जो त्यस नित्य स्वरूपतिर अग्रसर थियो, त्यसमा भ्रम उत्पन्न हुनजान्छ, ऊ प्रकृतिमा भौंतारिन्छ, यो नै वर्णसंकर हुनु हो। म वर्णसंकरको कर्ता र प्रजाको हनन गर्नेवाला बन्नेछु। अतः आत्मपथतिर उन्मुख हुनु नै अहिंसा हो र आत्मपथबाट वञ्चित हुनु, विकारहरूमा भौंतारिनु हिंसा हो। शुद्ध अहिंसक त्यो महापुरुष हो जसले आत्मालाई विदित गरिसकेको छ र जो त्यस पथमा आफू हिडेर अरूलाई पनि हिडाल्ने क्षमता राख्दछ।

गीताको अध्याय १८/१३-१४मा भगवान् भन्नुहुन्छ कि अर्जुन! शुभ र अशुभ प्रत्येक कार्य हुनुमा पाँच कारणहरू छन्– कर्त्ता, बेग्ला-बेग्लै करण,

विभिन्न प्रकारका चेष्टाहरू, आधार र दैव। कर्त्ता यो मन हो। अनेकौं प्रकारका करण (यदि शुभ पार लाग्यो भने श्रद्धा, समर्पण, एक ब्रह्ममा निष्ठा, धारणा-ध्यान-समाधि, इन्द्रियहरूको संयम, मनको दमन, एकाग्रता– यी नै करण हुन्। यिनीहरूद्वारा तपाईं उता कार्यरूपमा लाग्नुहुन्छ। यदि अशुभ पार लाग्दछ भने काम, क्रोध, लोभ, मोह, मद, मत्सर, षड् विकार, अनन्त इच्छाहरू, अनन्त वासनाहरू- यिनीहरू करण हुनेछन्।) इच्छाहरू अनन्त छन् तर त्यही इच्छा गतिशील हुन्छ, कार्यरूप लिन्छ जसलाई आधार र मौका मिल्छ। पाँचौं कारण दैव हो। शुभ अथवा अशुभ कार्य हुनुमा यी नै पाँच माध्यमहरू हुन्।

यति भए पनि जसले कैवल्यस्वरूप, कल्याण-तत्त्व परमात्मालाई कर्त्ता भन्दछ, त्यो मूढ़बुद्धिवालाले यथार्थ जान्दैन अर्थात् भगवान्‌ले गर्दैन; तर अठार अक्षौहिणी जनसमूहमा अर्जुन यस्तो धरातलमा उभेको थियो जसको लागि भगवान् आफैंले ताल ठोकेर उभिनु भयो कि **'निमित्तमात्रं भव सव्यसाचिन्'** – अर्जुन! तिमी निमित्त बनेर मात्र उभि राख। कर्ता-धर्ता त म छु। विजय तिम्रै हुनेछ। मद्वारा मारिएका यिनीहरू लाशजस्ता हुन्। यी मरेजस्ता भइसकेकाहरूलाई मार। यश प्राप्त गर। काम म गरीदिन्छु र यश तिमी लेऊ कि अर्जुनले विजय गराए। यहाँनेर अर्जुनको लागि भगवान् उभिनु भयो।

साधन-पथमा एउटा सीमा-रेखा छ। जबसम्म साधक त्यसको तल रहन्छ, प्रकृतिले कार्य गर्दछ, मनपरी नाच नचाउँछ उसको लागि यी पाँच कारणहरू हुन्छन्। जब साधकले प्रकृति र पुरुष बीचको आधा दूरी पार गर्दछ, त्यसपछि भगवान् कर्ता–धर्ता हुन्छ। साधकले निमित्तमात्र, यंत्रमात्र भएर रहन्छ। त्यसद्वारा जे जति पार लाग्छ, उनै प्रेरक प्रभुको देन हुन्छ; तर श्रम साधकले नै गर्नु पर्दछ- त्यसैले युद्ध गर; तर त्यसद्वारा जति पार लाग्दछ, त्यो उनै रक्षक प्रेरक प्रभुको देन हो; तर प्रत्येक अवस्थामा युद्ध गर्नुछ, विकारहरूलाई मार्नुछ।

अध्याय १८/५५मा वहाँले भन्नुहुन्छ– अर्जुन! तिमीले मेरो यस आदेशको पालन गर्‍यौ भने इन्द्रियहरूका सम्पूर्ण किल्लाहरूलाई राम्ररी पार गर्नेछौ र यदि अहंकार अथवा मोहवश मेरो आदेश मानेनौ भने विनष्ट हुनेछौ। अर्थात् युद्ध नगर्नेहरू विनष्ट हुन्, आदेश युद्धको मात्र हो।

योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ, ''अर्जुन! आत्मा नै शत्रु र आत्मा नै मित्र हो। जुन पुरुषहरूले मनसहित इन्द्रियहरूलाई जितिसकेका छन्, उनीहरूका लागि आत्मा मित्र भएर मित्रताको व्यवहार गर्छिन्, परमकल्याण गर्नेखालकी हुन्छिन् र जुन पुरुषहरूले मनसहित इन्द्रियहरूलाई जित्न सकेका छैन्न, त्यसको लागि त्यसैको आत्मा शत्रु बनेर शत्रुताको व्यवहार गर्छिन्; अधोगतिमा, तल्लोयोनिहरूमा फ्याँक्नेखालकी हुन्छिन्। यसैले पुरुषहरूले आफैद्वारा आफ्नो आत्माको उद्धार गर्नु पर्दछ, आत्मालाई अधोगतिमा जान नदिउँन्। आत्माको उन्नति नै अहिंसा हो र आत्माको हनन (उद्धार नगर्नु) नै हिंसा हो।

**अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयशः।**
**भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः।। (गीता, १०/५)**

दैवी सम्पद् प्राप्त गरेका पुरुषहरूका लक्षण बताउँदै अहिंसा शब्दको प्रयोग भएको छ (गीता, १६/२)। यस्तै प्रकारले तपमा प्रवृत्त पुरुषका लक्षणहरूमा अहिंसाको प्रयोग भएको छ (गीता, १७/१४)। यहाँ अध्याय दसमा योगेश्वर भन्नुहुन्छ कि मनको शमन, इन्द्रियहरूको दमन, परमात्माको जागृति, प्रकृतिबाट निर्भयता र अहिंसा आदि भाव मबाट हुन्छ। प्रेरकको रूपमा जब उनी आफै उभिनु हुन्छ तबमात्र सिद्ध हुन्छ। आन्तरिक साधनाहरूमा एउटा अहिंसा पनि छ। अहिंसाको बाहिरी संसारमा कुनै उपयोग छैन। अहिंसा सुमिरणले सिद्ध हुने अन्तर्मनको एउटा संयम हो। यो योग–साधनाको एउटा अंग हो। सामाजिक व्यवहारको यो शब्द नै होइन। समाजमा जुन 'अहिंसा, अहिंसा' भन्दछन्, कुनै जीवलाई नसताऊ, यस्तो न गर – एउटा भ्रान्ति हो। धर्मको वास्तविक व्याख्याकारहरूको अभावले भ्रान्तिहरूको सृजना हुनजान्छ। वास्तवमा आत्म-परिणामको रक्षा अहिंसा हो, जुन साधनाको परिणाम आत्म-साक्षात्कार हो। त्यसमा विघ्नकारक विकारहरूको सक्रिय हुनु हिंसा हो र यी विकारहरूको अन्त गर्नु अहिंसा हो।

तपाईंहरू सबैजना आफ्नो मूल धर्मशास्त्र श्रीमद्भगवद्गीता भाष्य **'यथार्थ गीता'** हेर्नुहोस्, अभ्यास गर्नुहोस्। अहिंसाको यो अवस्था संयम साधेपछि तपाईं सबैजनामा सहज हुनेछ।

**।। ॐ ।।**

# महाभारतको आलोकमा 'अहिंसा'

## अहिंसाव्रती पाण्डव-

महाभारत, वनपर्वको स्वप्नोद्भव पर्वमा छ कि वनवासकालमा जंगलका जीव-जन्तुहरूलाई मार्नु नै पाण्डवहरूको मुख्य शौक थियो। एक दिन द्वैत वनका पशुहरूले कुन्तीका छोरा युधिष्ठिरसंग सपनामा निवेदन गरे कि शूरवीर पाण्डवहरूको शिकारले गर्दा जंगली जीवहरूको वंश-परम्पराको मात्र एउटा-एउटा जन्तु बाँकी रहेका छन्, उनीहरूका प्रजाति अब समाप्त हुन लागेका छन्, त्यसैले पाण्डवहरू कृपया आफ्नो निवास-स्थान अन्तै बनाउन्। युधिष्ठिरले उनीहरूको अभ्यर्थना स्वीकार गरी काम्यक वनतिर प्रस्थान गरे। स्मृति-ग्रन्थहरूको प्रकाशमा पाण्डवहरूको यो कृत्य जघन्य हिंसा थियो; तर पाण्डवहरूलाई यसको पाप लागेन। पापीहरूका लागि नरकको विधान छ; तर पाण्डवहरूले परमधाम पाए।

आदिपर्वको उपखण्डमा खाण्डव-दाहको प्रसंग छ। भगवान् श्रीकृष्ण र अर्जुन इन्द्रप्रस्थको नजिकै यमुनाको किनारमा विराजमान थिए। त्यही बेला ब्राह्मणको भेषमा अग्निदेव उनीहरूको नजिक आई भिक्षा मागे। अर्जुनले सोधे, ''विप्रवर! तपाईं कस्तो भिक्षा मन पराउनु हुन्छ।'' उनले उत्तर दिए, ''म साधारण ब्राह्मण होइन। म अग्नि हुँ। मेरो जठराग्नि मन्द भयो। यस खाण्डव वनमा यस्ता वनस्पतिहरू छन् जसद्वारा मेरो जठराग्नि फेरि उदीप्त हुनेछ।'' अर्जुनले सोधे, ''तपाईं वनक्षेत्रलाई खाएर आफ्नो पेट भर्नुहोस्। यसमा के कसैको आपत्ति छ र?''

अग्निदेवले भन्नुभयो, ''प्रयास त मैले धेरै पटक गरें तर देवराज इन्द्रले वर्षाको लहर चलाएर आगोलाई निभाई दिन्छ।'' अर्जुनले जान्न चाहे कि देवराजले यस्तो किन गर्नुहुन्छ? अग्निले भने, ''यस वनमा उनको एउटा मित्र तक्षक निवास गर्दछ। त्यसैको स्नेहले गर्दा इन्द्रले यस्तो बाधा गर्नुहुन्छ।'' अर्जुनले अग्निलाई आश्वासन दियो। सम्पूर्ण वनक्षेत्रमा अग्नि प्रज्वलित भयो। वनका जीव–जन्तुहरू आगोबाट बच्न जता–ततै भाग्न थाले। अग्निले भने,

''अर्जुन! कोही पनि पशु–पक्षी भाग्न नपाउन्।'' (चटनी–अचार र सलाद बिनाको भोजन कस्तो?) अर्जुनले भाग्न लागेका पशु–पक्षीहरूलाई वाणले ढाली दिन्थे। वाणले एउटा नागिनको पुच्छर काटियो। आसन्न प्रसवावस्थाकी त्यो नागिनले एउटा नागको जन्म दिइन्, जो जसो–जसो बाच्न सफल भयो र कालान्तरमा कर्णको माध्यमले अर्जुनसंग प्रतिशोध लिने प्रयास गऱ्यो। एउटा असुरले भगवान् श्रीकृष्णसंग शरणको याचना गरे, श्रीकृष्णले उसलाई अभय दिए। इन्द्रले वर्षाद्वारा अग्निलाई शान्त गर्ने प्रयास गरे; तर देवराजको मनोरथलाई अर्जुनले आफ्ना दिव्य वाणहरूद्वारा विफल बनाई दिए। चाहना अनुसारको भोजनले तृप्त अग्निदेव धेरै प्रसन्न भए। उनले अर्जुनलाई दिव्य रथ, अक्षय तरकस, दिव्य धनुष र भगवान् श्रीकृष्णलाई एउटा चक्र उपहारमा प्रदान गरे। विचारणीय कुरा यो छ कि एउटा विशाल वनक्षेत्रमा कयौं जीव–जन्तु, किरा-फट्याङ्ग्रा, कयौं कीटाणुहरू हुन्छन्। भगवान्को सामुने नै अर्जुनले जीव–संहारमा सक्रिय सहयोग पुऱ्याए। भगवान्ले उसलाई रोक्नु पर्दथ्यो कि पख अर्जुन! यो हिंसा हो। तर उनले पनि यस कार्यमा अर्जुनलाई पुरै सहयोग गरे।

यति धेरै जीवहरूको संहार गर्ने अर्जुनले त नरक जानु पर्दथ्यो; तर भगवान् श्रीकृष्ण हरेक क्षण उनको रक्षकको रूपमा रहे, उनको सारथी बने। भन्न थाल्नु भयो, **'निमित्त मात्रं भव सव्यसाचिन्'**– अर्जुन! तिमी निमित्त मात्र भएर उभिई राख। मद्वारा मारिएका यी शत्रुहरूलाई मार। विजय तिम्रै हुन्छ र भयो पनि।

पाण्डव जब-जब संकटमा परे, भगवान् चारैतिरबाट उनीहरूका सुरक्षा–व्यवस्थामा जुटि रहे। वनपर्वको अजिङ्गर पर्वमा छ कि एकपटक शिकार खेल्न गएका भीम बेलुकीसम्म फर्केनन्। युधिष्ठिरले भने, ''मलाई अपशगुन भइरहेछ। मेरो बायाँ हात फरफराई रहेछ। यहाँ सबैजना उपस्थित छन्, मात्र भाई भीम अनुपस्थित छ। भीम संकटमा परेको जस्तो लाग्छ।'' महर्षि धौम्यलाई साथमा लिएर युधिष्ठिर भीमको खोजीमा निस्के।

घनघोर जंगलमा कुनै व्यक्तिलाई खोजेर भेटाउनु ज्यादै कठिन कार्य हो, त्यो पनि यस्तो जंगलमा जहाँ कहिल्यै पनि कुनै बञ्चरो चलेको छैन, तापनि

भीम जस्तो व्यक्तिलाई खोज्न सजिलो थियो। जुन बाटो भएर भीम गएको थियो, उनको प्रहारले घाइते भएका सयौं भैंसी, बाघ, गैंड़ा, हात्ती कराई रहेका थिए– केही मरिसकेका थिए। सयौं रुखहरू उखेलेर फ्यालिएका थिए। यिनै पदचिन्ह-हरूलाई पछ्याउँदै युधिष्ठिर त्यहाँ पुगे जहाँ एउटा अजिङ्गरद्वारा बेरिएर भीम अचेत भई लड़ेको थियो। अजिङ्गर भेषधारी महाराजा नहुषलाई 'विप्र'को वास्तविक व्याख्या सुनाएर युधिष्ठिरले उनलाई श्रापमुक्त गराए। अतः शिकारको शौकीन भीम! शिकारका प्रेमी सबै पाण्डवहरू! यदि जीव मार्नु हिंसा हो, पाप हो भने भगवान् सधै यिनीहरूका रक्षक र सहायक किन भए? पाण्डवहरूका असाध्य प्रतिज्ञाहरू भगवान् कै वरदहस्तको प्रभावले पूर्ण भए। वरदानहरूका कवचले संरक्षित जयद्रथका सुरक्षा–व्यवस्थालाई ध्वस्त गरेर भगवान्ले अर्जुनको प्रतिज्ञा पुरा गरे।

एकपटक भीमले कठोर प्रतिज्ञा गरिहाल्यो कि द्रौपदीलाई संकेत गरेर दुर्योधनले आफ्नो जुन तिघ्रा थपथपाएको छ, युद्धभूमिमा म गदाले त्यही तिघ्रालाई भाच्नेछु। भीमले जुन बेला प्रतिज्ञा गरेको थियो, दुर्योधन हाड़–मासुको एउटा सामान्य मानिस थियो; तर जब प्रतिज्ञा पूर्ण हुने समय आयो, गान्धारीको दिव्यदृष्टिले बज्र जस्तो भई सकेको थियो। शरीरमा पुरानै अवस्थाको उसको तिघ्रा मात्र बाँकी थियो– त्यसको बाटो पनि भगवान् श्रीकृष्णले सजिलो गरिदिए। निरन्तर अभ्यासको प्रभावले पनि दुर्योधनलाई जित्न असम्भव थियो, तर भगवान्ले अर्जुनलाई प्रेरित गरेर भीमको प्रतिज्ञाको सम्झना गराई दिए जसले गर्दा भीमको प्रतिज्ञा पुरा भयो। केही गरी दुर्योधनको शरीर पूर्णरूपले बज्र बनेको भए के भीमको प्रतिज्ञा पुरा हुनसक्थ्यो? अतः यदि जीव–वध (जीव मार्नु) हिंसा हो (जस्तो कि स्मृतिमा लेखिएको छ), पाण्डवहरू जीव–वधमा निरन्तर प्रवृत्त छन् तापनि उनीहरूलाई भगवान्को संरक्षण किन प्राप्त भयो?

अभिमन्यु युद्धभूमिमा मारिए। पाण्डव सेनाहरू आँसु बगाउदै पछि हट्न थाले। धर्मात्मा युधिष्ठिरले सैनिकहरूलाई आश्वस्त पार्दै भने, "शूरवीरहरू! अभिमन्युको लागि शोक न गर। अभिमन्युले दशहजार मुकुटधारी महारथी राजकुमारहरूको वध गरेका छन्, उनले महान पुण्य कमाएका छन्। (विचार

गुर्नहोस्, यी दश हजार जीवहरूको (योद्धाहरूको) वध पाप हो अथवा पुण्य?) सयौं रथमा बसेका योद्धाहरू अभिमन्युको तेज सहन नसकी भाग्दै गरेको देखिए। उनका वाणले सहस्त्रौं घोडासवारहरूलाई वध गरेका छन् त्यसैले ऊ पुण्य आर्जन गर्ने पुण्यवानहरूको लोकमा गयो। ऊ स्वर्गमा बसेको छ। उसको लागि शोक न गर। पराक्रम प्रकट गर। तिमीहरू पनि स्वर्गमा हिड़।'' फौजहरू फर्के र युद्ध हुन लाग्यो। जीव मार्नु पाप हो जसको परिणाम नरक हो अथवा पुण्य हो जसको प्रतिफल स्वर्ग हो? पुत्रको लागि शोकातुर अर्जुनलाई भगवान् श्रीकृष्णले दिव्यलोकमा लैजानु भयो, जहाँ अभिमन्यु दिव्य सिंहासनमा बसिरहेको पाइयो।

यी कथाहरूबाट यो पनि स्पष्ट हुन्छ कि स्वर्ग कतै आकाशमा हुँदैन। धर्मराज युधिष्ठिर सशरीर स्वर्ग गएका थिए। स्वर्गको लागि आँखा बन्द गर्ने अथवा देवी–देवता पुज्ने कुनै आवश्यकता छैन। युद्धमा वीरगति पाउने वीरहरूका लागि स्वर्ग अत्यन्त सुलभ छ। त्यसबेला उनीहरूका मन–मस्तिष्कमा जमीन र ऐश्वर्यको नै चिन्तन रहन्छ। 'अंत मति सो गति'को अनुरूप उनीहरूलाई स्वर्गीय ऐश्वर्यको प्राप्ति भएमा आश्चर्य के छ? स्वर्गोपम सुखको उपलब्धिको अर्को बाटो नियत कर्मको अनुपालन हो। गीतामा भगवान् भन्नुहुन्छ, मलाई पुजेर मानिसहरू स्वर्गसम्मको कामना गर्दछन्, म उनीहरूलाई दिन्छु। भोगका वस्तुहरू भोगेपछि समाप्त हुन्छन्, तर मसंग टाँसिएर रहने गरेकाले मेरो भक्त कहिल्यै पनि नष्ट हुँदैन। अतः लौकिक जीवनमा समृद्धि र परमश्रेयको प्राप्तिको लागि भजन एक परमात्माको नै गर्नु पर्दछ। भजनका उन्नत खुड्किलाहरूमा अहिंसाको स्तर आउँछ, त्यसैले महाभारतमा लेखिएको छ **'अहिंसा परमो धर्मः।'**– परमधर्म परमात्माको परिवेशमा नै अहिंसाको प्रावधान छ।

॥ ॐ ॥

# श्रीरामचरित मानसमा 'अहिंसा'

भगवान शिवद्वारा विरचित, संत शिरोमणि गोस्वामी तुलसीदासज्यूद्वारा भाषाबद्ध, व्यक्ति-व्यक्तिको जिब्रोमा विराजमान लोकविश्रुत अमरकृति श्रीरामचरित मानसको उत्तरकाण्डमा अहिंसाको स्पष्टीकरण छ–

**परम धर्म श्रुति बिदित अहिंसा।**
**परनिन्दा सम अघ न गरीसा।। (मानस, ७/१२०-२२)**

मानसमा अहिंसालाई परम धर्म भनिएको छ। ठीक यस्तै निर्णय महाभारतमा छ– **'अहिंसा परमो धर्मः।'**

संसारमा जीवहरूलाई मार्नु नै हिंसा हो भने आफ्नो लामो जीवनको अवधिमा रावणले जति हत्याहरू गरे, मात्र चौदह वर्षको वनवासकालमा नै भगवान् श्रीरामले त्यो कीर्तिमान तोड़ी दिए। रामले रावणभन्दा पनि बढी जीवहरूको संहार गरे, हत्या गरे। हुन त रामले निशाचरहरूको हत्या गरेका थिए, तर तिनीहरू मान्छे नै थिए। जनकपुरमा सीतासंग विवाहको लागि उनी आएका थिए। धनुष-यज्ञमा उनले भाग लिएका थिए। सम्मानित राजाहरूको पंक्तिमा उनले स्थान पाएका थिए। त्यसैले निशाचरहरू पनि मानिस नै थिए, हाम्रो-तपाईंको भाईहरू नै थिए। हो, उनीहरूका वृत्ति आसुरी थिए- तर उनीहरूका संख्या अपार थिए।

**दसमुख बैठ सभाँ एक बारा।**
**देखि अमित आपन परिवारा।। (मानस, १/१८०-२)**

उसले आफ्ना असीम परिवार देखे। **'सुत समूह जन परिजन नाती। गनै को पार निसाचर जाती।।'** छोरा-नाती, नातेदारहरू र सेवकहरूको समूह! निशाचरहरूका अनन्त जातिहरू! वर्तमानमा लगभग छ अरब जनसंख्या छ। यो भन्दा पनि बढी खरब, नील, पद्म, शंख, महाशंख र त्यो भन्दा पनि बढी, अगणित! तर रावणले सीताको अपहरण गरेपछि, **'रहा न कोउ कुल रोवनिहारा।'** **(मानस, ७/१०३-१०)–** कुलमा कोही आँसु बगाउनेहरू अथवा जल तर्पण दिनेहरू बाँचेनन्। रामले अपार निशाचरहरूलाई समाप्त गरिदिए।

बचपनमा भगवान् राम शिकार गर्न जान्थे। उनी लुला, लङ्गड़ा अथवा अपाहिज मृग मार्दैनथे। उनी बलिया उफ्रिनमा फुर्तिला मृगहरूको शिकार गर्दथे र ती मृगहरू लगेर पिताश्रीलाई देखाई प्रोत्साहन प्राप्त गर्दथे। **'पावन मृग मारहिं जियँ जानी। दिन प्रति नृपहि देखावहिं आनी।।' (मानस, १/२०४-२)।** क्षत्रियोचित कुल-परम्परा अनुरूप शिकार गर्ने वहाँको अभ्यास थियो। वनवासकालमा पनि वहाँले यस नियमलाई त्याग्नु भएन। उनले संन्यास लिए, मुनि-भेष धारण गरे, रुखको बोक्राले बनेको लुगा लगाए; तर शिकार खेल्न छोड्नु भएन।

वनवासका आरम्भिक दिनहरूमा सीताले आफन्तहरूको सम्झनामा आँसु बगाउने गर्दथिन्, लक्ष्मण क्रोधले रातो भइरहेको थियो, त्यस विषम परिस्थितिमा पनि रामले चारवटा मृगहरूलाई मारे (आदिकाव्य, अयोध्याकाण्ड, बाउन्नौ सर्ग, श्लोक १५२)। यस्तै क्रम चौदह वर्षसम्म चलिरह्यो। यस अनुपातले चौदह वर्षमा कति पशुहरूको हत्या उनबाट भयो होला? स्मृतिहरूको विधान हेर्‍यो भने स्याल मारेमा यति दान! बाघ मार्‍यो भने तीनवटा गाई दान! नाङ्गो खुट्टाले कति कीटाणुहरू मरे होलान्। स्मृतिकालमा जीव-हत्या नै हिंसा थियो। दान देऊ नत्र नरक र हत्याको डर! अहिंसा जस्तो यौगिक शब्दलाई बाहिरी सामाजिक व्यवहारसंग जोड़ेर स्मृतिहरूले भारतलाई नपुंसक र कायर बनाई दिए। हरेक जीवहरूको मृत्युमा भारतीयहरूलाई आफ्नो नरक देखा पर्दछ। यस व्यवस्थाले भारतीयहरूलाई शस्त्रविहीन बनाई दियो, उनीहरूका हात पीठको पछाडि बाँधि दिए।

विदेशमा यो मान्यता छ कि विधर्मीहरूलाई मारिदियो भने मार्नेले स्वर्ग पाउँछ। स्वर्गमा रोजगार मिल्नेछ, उच्चपद मिल्नेछ, ईश्वरको नजिक बस्न पाउँनेछ। भारतमा यो व्यवस्था छ कि कसैलाई मारिदियो भने पाप लाग्छ, नरक जाऊ। ब्राह्मणलाई मार्‍यो भने तीसवटा गाई, क्षत्रियलाई मारेमा बीसवटा गाई, शूद्रलाई मारे पनि दशवटा गाई दान देऊ नत्र नरक आरक्षित छ। भगवान् एक र पाउने तरीका दुई। कतै कसैलाई मारेर स्वर्ग जान्छ, भने कतै प्रायश्चित गर्नु पर्ने हुन्छ। यस प्रकारले अहिंसा एउटा अल्झिएको प्रश्न हो।

वास्तवमा अहिंसा एउटा यौगिक शब्द हो। समाजमा दया, सभ्यताको प्रतीक हो। पालन-पोषण, सुरक्षा संगठनको सामाजिक मूल्य हो; तर अहिंसा मूलतः योगको शब्द हो। चित्तवृत्ति जब शान्त प्रवाहित रहन्छ, आत्मालाई हनन गर्ने विकारहरू जब शान्त हुनजान्छन् त्यसबेला साधक अहिंसाको कसीमा आउँछ।

वनवासकालमा सीताले रामसंग भनिन्, ''देव! यो विलक्षण मृग हो। रौंहरू सुनको, सिङ्ग सुनको, खुर सुनको- यसको सबै अङ्ग सुनै-सुनको छ। यसलाई मारेर ल्याउनुहोस्, कुटी सजाउँनेछु अथवा त्यसलाई जीवितै समातेर ल्याउनुहोस्। जब हामी अयोध्या फर्कन्छौं, यसले निवासको शोभा बढाउँनेछ।'' भगवान्ले विचार गर्नुभयो कि सीताजी अब सुनमा मात्र खुट्टा टेक्न चाहन्छिन् त्यसैले उनलाई सुवर्णमय लङ्कामा नै पठाउने योजना बनाउनु भयो, जसले गर्दा सीता सुवर्ण-सुखको उपभोग गर्न सकुन्; तर त्यहाँ उनलाई पूर्णरूपले रुनको लागि आँसुसम्म पनि मिलेन। सुख न सुनमा छ, न चाँदीमा; सुख त भगवान्को सेवामा छ। अतः सीताको प्रस्तावमा श्रीरामले हिंसा-अहिंसाको विचार गरेन। उनी त्यो मृग मार्न गए, त्यसलाई मारे पनि; यद्यपि त्यो एउटा असुर ठहऱ्यो। जति पनि असुर भेटे, रामले सबैको मूलोच्छेदन गरिदिए। फेरि पनि राम **'श्रुति पथ पालक धर्म धुरन्धर।'–** श्रुति-मर्यादाको पोषक र धर्मको धुरीलाई धारण गर्ने अहिंसक थिए, जबकि निशाचरहरू हिंसक र पापी थिए– **'कृपा रहित हिंसक सब पापी। बरनि न जाहिं विश्व परितापी।।'' (मानस, १/१७५-८)** ती कृपारहित, हिंसक र पापी थिए। को? रावण र उनका परिवार!

**बरनि न जाइ अनीति, घोर निसाचर जो करहिं।**
**हिंसा पर अति प्रीति, तिन्हके पापहि कवनि मिति।।**

**(मानस, १/१८३)**

हिंसाप्रिय व्यक्तिहरूको पापको के कुनै सीमाना हुन्छ? के थियो उनीहरूको हिंसा?–

**जेहि विधि होइ धर्म निर्मूला।**
**सो सब करहिं बेद प्रतिकूला।। (मानस, १/१८२-५)**

धर्मको उन्मूलन नै हिंसा हो। वेदको प्रतिकूल आचरण नै हिंसा हो। वेदको अर्थ हो जानकारी। अविदित तत्त्व परमात्मालाई विदित गर्नु नै वेद हो। त्यसको विपरीत आचरण जसले गर्दा व्यक्ति परमात्मालाई कहिल्यै विदित गर्न सक्तैन, प्रकृतिको अन्धकारमा भौंतारी रहन्छ, यो नै वेद-प्रतिकूल आचरण हो र धर्मको लोप हुनु नै हिंसा हो। धर्म तबमात्र निर्मूल हुनेछ जब धार्मिक संस्थानहरू मेटिनेछन् र धर्मगुरुहरू समाप्त हुनेछन्।यही कुरा रावणले गरे– **'जेहिं जेहिं देस धेनु द्विज पावहिं। नगर गाउँ पुर आगि लगावहिं।।' (मानस, १/१८२-६)** जुन-जुन ठाउँहरूमा गाई र ब्राह्मण भेटिन्थे, ती नगर, गाउँ र पुरमा आगो लगाई दिनु नै उनीहरूको आचरण थियो। उनीहरूको दोष यति मात्र थियो कि संस्कृतिका प्रचारक ब्राह्मणहरूलाई उनीहरूले आफ्नो गाउँ–नगरमा किन ठाउँ दिए जबकि रावण पनि ब्राह्मण कुल-परम्पराको थियो।

**सुभ आचरन कतहुँ नहिं होई। देव विप्र गुरु मान न कोई।।**
**नहिं हरिभगति जग्य तप ग्याना। सपनेहुँ सुनिअ न बेद पुराना।।**
**(मानस, १/१८२-८)**

धर्म तबमात्र नष्ट हुनेछ जब धार्मिक शिक्षा प्रतिबन्धित हुन्छ, शिक्षण संस्थाहरू बन्द हुन्छन्; वेद-पुराण-गीताका वाक्यहरू सुन्नमा नआओस्। यो भन्दा पनि कड़ा कदम रावणले उठायो–

**जप जोग बिरागा तप मख भागा श्रवन सुनइ दससीसा।**
**आपुनु उठि धावइ रहै न पावइ धरि सब घालइ खीसा।।**
**अस भ्रष्ट अचारा भा संसारा धर्म सुनिअ नहिं काना।**
**तेहि बहुबिधि त्रासइ देस निकासइ जो कह बेद पुराना।।**
**(मानस, १/१८२ छन्द)**

जप-योग-वैराग्य, भजन-चिन्तनमा अनुरक्त कुनै व्यक्तिलाई रावणले देखे अथवा सुने भने उसले आफ्नो सेना पठाउँथे अथवा आफै दौडेर जान्थे। यज्ञ विध्वंस गर्थ्यो कि यसले जप किन गरिरहेकोछ, तप किन गरिरहेकोछ, भजन किन गरिरहेकोछ? हाम्रो राज्यमा यस्तो अपराध किन भइरहेछ? यस्तो गर्ने जो सुकैलाई पनि रावणले अनेक प्रकारका यातनाहरू दिन्थे। अचेल

शंका लागेका व्यक्तिहरूको जाँच पुलिसले जसरी गर्दछ, कहिले टाउको तल, खुट्टा माथी गरी दिन्छ; कहिले रातो खुर्सानीको धुँवा दिन्छन्; कहिले पेटमा गोब्रेकिरा बाँधि दिन्छन्। गोब्रेकिरा बज्रकीटको एउटा प्रजाति हो जसले ज्यादै कड़ा माटोलाई काटेर जमिन मुनि छिर्छ, त्यसलाई पेटमा चिरा पार्न कति बेर लाग्छ? यति गरेपनि यदि कसैले आफ्नो हठ छाडेन भने, भजन गर्न बन्द गरेन भने रावणले त्यसलाई देश–निष्कासनको दण्ड दिन्थ्यो।

विधाताको सम्पूर्ण सृष्टि रावणकै देश थियो- **'ब्रह्मसृष्टि जहँ लगि तनुधारी। दसमुख बसबर्त्ती नर नारी।।'** विधाताको सृष्टिभन्दा बाहिर कुन चाहिं देश थियो जहाँ रावणले उनीहरूलाई निष्कासन गर्थ्यो? रावणको देश-निष्कासनको अर्थ थियो शरीरबाट प्राण निष्कासन! शरीरले यस सृष्टिमा बाँच्ने अधिकार समाप्त हुनु। त्यो थियो मृत्युदण्ड।

निशाचरहरूमा पनि आहारको अनुष्ठान थियो। जसरी महात्माहरूमा कोही फलाहारी, कोही शाकाहारी, कोही दुग्धाहारी छन् भने कोही मही पिएर भजन गर्दछन्, त्यस्तै निशाचरहरूमा **'दुर्मुख सुर रिपु मनुज अहारी। भट अतिकाय अकंपन भारी।।'** कोही अतिकाय थिए, कोही देवताका शत्रु, दुर्मुख थिए भने कोही मानिसको आहार गर्दथे। उनीहरू मानिसहरूको मात्र आहार गर्दथे। थाहा छैन कि कुन डाक्टरले उनीहरूलाई यो सुपाच्य आहार बताई दिए। रावणले कसैलाई देश–निकाला गरेपछि, मनुष्य आहारीहरूको काम बन्थ्यो। यस प्रकारले धर्मको उन्मूलन हिंसा हो।

राम धर्मको धुरी धारण गर्नेवाला थिए। धर्म भनेको के हो?-

**परम धर्म श्रुति बिदित अहिंसा।**
**परनिंदा सम अघ न गरीसा।। (मानस, ७/१२०-२२)**

अहिंसा परम धर्म हो, शाश्वत धर्म हो। यो भन्दा अगाडि कुनै धर्म छैन। यो अहिंसा सुरतिले विदित हुन्छ। मनको दृष्टिको नाम नै सुरति हो। तपाईं यहाँ बस्नु भएको छ, छत्तीसौं रङ्गहरू बर्सी रहेछन्, मन-मस्तिष्क स्थिर छ। एक्कासी कसैले कानमा भनिदियो कि तपाईंको दाईलाई चोट लागेकोछ, गाडीले अलिकति छोई दियो, यस्तो सुन्ने बितिकै दाईको स्वरूप स्मृति-पटलमा फिजिनेछ– दाई कस्तो छ? नाक कस्तो छ? उनको रौं-रौं सम्म

देखिन थाल्छ। यहाँ आँखा खुलेको छ, कान खुलेको छ; तर न त यहाँको दृश्य देखा पर्नेछ न एउटा पनि शब्द सुनिन्छ र दाईको स्वरूप दृष्टि-पटलमा आउने–जाने गरिरहनेछ। मानिस त्यहीं रहन्छ जहाँ उसको वृत्तिले काम गर्दछ। मनको यही दृष्टिको नाम नै सुरत हो। यस दृष्टिलाई सबैतिरबाट समेटेर इष्टमा लगाउनु नै सुरत–योग हो।

'सुरत' शब्द वैदिक वाङ्मयको होइन। सामान्य व्यक्तिहरूलाई विभिन्न प्रकारले बुझाउनको लागि सन्तहरूले नै श्रुति समानताको रूपमा यो शब्दको उपयोग गरेका हुन्, श्रुतिको नै तद्भव रूप सुरत हो। वायुभन्दा पनि तेज यो मन सुरतको माध्यमले सबैतिरबाट समेटिएर अचल स्थिर हुन्छ। स्वाँस भित्र आयो भने ओम्, बाहिर गयो भने ओम्, ओम्, ओम्– स्वाँस बाँस जस्तै ठाडो रहोस्; चित्तवृत्ति स्वाँसमा तेलको धारा जस्तै बग्न लागोस्; न त राम्रो संकल्प उठोस् न त नराम्रो सङ्कल्प; वायुमण्डलका कुनै पनि सङ्कल्पले मनमा प्रवेश गर्न नपाओस्– सुरत विदित हुनु भनेको यही हो। यो नै मनको निरोधावस्था हो। जुन क्षण सुरत विदित भयो, अचल स्थिर स्वाँसमा टिक्यो, आत्मालाई हनन गर्ने सबै विकारहरू साथ छोडदिन्छन्। यो नै विशुद्ध अहिंसा हो। आत्माको रक्षा नै अहिंसा हो।

मन अत्यन्त वेगवान छ, अगम्य छ। तपाईं–हामी आफ्नो बुद्धिले यसलाई रोक्न सक्तैनौं। मन कसरी शान्त हुन्छ? **'छूटइ मल कि मलहि के धोएँ। घृत कि पाव कोइ बारि बिलोएँ।।' (मानस, ७/४८-५)** हिलोमा लतपत भएको कपडालाई फेरि फोहर पानीमा धोए भने के त्यसको मैल सफा हुन सक्छ? मैलको तर झन बाक्लो हुनेछ। मोटर-गाड़ी धुने-पुछ्नेवाला, पार्ट-पुर्जा मर्मत गर्नेवाला मिस्त्रीहरू नयाँ लुगा लगाए पनि एकै क्षणमा त्यो लुगा मैलले भरिन्छ। त्यसैले बुद्धिद्वारा निर्णय गरेर यदि कुनै साधना गरिन्छ भने त्यसले कसिंगर मात्र थुपारी रहन्छ; किनकि बुद्धिले जहाँसम्म निर्णय लिन्छ अथवा मनले कल्पना गर्दछ, ती सबै माया नै हुन्– **'गो गोचर जहँ लगि मन जाई। सो सब माया जानेहु भाई।।' (मानस, ३/१४-३)**। इन्द्रियहरू र तिनीहरूको विषयमा मनले जहाँसम्म कल्पना गर्दछ– **'सो सब माया जानेहु भाई'**– ती सबै माया हुन्, झुक्याउने खाले मात्र हुन्।

बुद्धि र मनबाहेक तपाईंसंग के छ र? यदि यिनैद्वारा गणित लगाएर तपाईं–हामीले भजन गऱ्यौं भने मन कहिले पनि रोकिदैन। मायाद्वारा माया कसरी रोकिन्छ? मन तब मात्र रोकिन्छ **'मन बस होइ तबहिं, जब प्रेरक प्रभु बरजे।'** जब प्रभु प्रेरकको रूपमा ओर्लनुहुन्छ, तपाईंको मार्गदर्शन गर्न लाग्नु हुन्छ। त्यसैले रामचरित मानसमा लेखेको छ– **'श्रुति पथ पालक धर्म धुरन्धर। गुनातीत अरु भोग पुरंदर।।' (मानस, ७/२३-२)**। जुन प्रभुको हामीलाई चाहना छ, सद्गुरुको शरण–सान्निध्यमा हाम्रो गुहार यस्तो होस् कि श्रद्धाले उनीसंग हाम्रो सम्बन्ध जोडियोस्, आत्मासंग अभिन्न भएर प्रभु जागृत भइजाओस्। **'श्रुति पथ पालक'**– साधन-पथ, योग-पथ, भक्ति-पथको राम नै सुरक्षा गर्नेवाला हुन्। सुरतमा विजातीय सङ्कल्प आउनुभन्दा पहिले नै भगवान् सावधान गर्न थाल्नु हुन्छ कि गल्ती गर्दैछौ, पर्ख। सुरत राम्ररी लागेपछि भन्नुहुन्छ– लागी राख। चिन्तन ठीक छ। राति दुई बजे भगवान्ले नै जगाउन हुन्छ कि उठ, बसेर भजन गर। चिन्तनको धारा निर्विघ्न शान्तरूपले प्रवाहित भई रहेला भगवान्ले त्यसलाई प्रोत्साहन दिनुहुन्छ कि लागी राख। यस अवस्थापछि बौद्धिक निर्णयको आवश्यकता हुँदैन कि भजन के हो, ज्ञान-विज्ञान कस्तो हुन्छ, यम-नियम साधनाका अंग-उपांगहरू कति छन्? जोड-गाँठका समीकरणहरूको उपयोगिता रहँदैन, बुद्धि मात्र यन्त्र जस्तो रहन्छ। त्यस समयमा आज्ञा-पालन नै भजन हो। अरू केही पनि नसोच, न यमको प्रयास गर न नियमको चिन्ता गर। मात्र यति गर कि प्रभु के भन्नुहुन्छ, के चाहनु हुन्छ? त्यसलाई बुझ र लागि राख। भजनको तालिका एकपटक सुनियो-बुझियो– त्यो त कण्ठ छँदैछ। प्रत्येक दिन त्यही दोहऱ्याउनाले के लाभ? इष्टको आज्ञाको पालन नै भजन हो। वहाँकै निर्देशनमा हिड्दा–हिड्दै भगवान्ले क्रमशः तपाईंलाई त्यस बिन्दुमा उभ्याई दिनुहुनेछ, जहाँ सुरत शान्त प्रवाहित हुन्छ, सुरत विदित हुन्छ। त्यसबेला भजन बाहेक अरू संकल्प उठ्दैन- न राम्रो संकल्प अथवा न नराम्रो संकल्प। मन निरोधको यो अवस्था आएपछि तत्काल यस निरोधको साथै प्रभु तपाईंमा दृष्टि बनेर उभिनुहुन्छ, सामुन्ने स्वयं आफै उभिनुहुन्छ। तपाईं बुझ्नु भएन भने भगवान् पटक–पटक गरी बुझाउनु हुनेछ। यसैको साथै दर्शन, स्पर्श र प्रवेश मिल्दछ। यो नै विशुद्ध अहिंसा हो। यो नै हो परम धर्म, शाश्वत धर्म, सम्पूर्ण धर्म! यस अवस्थामा

धर्मपालनमा अलिकति पनि त्रुटि बाँकी रहँदैन। धर्मको पराकाष्ठा नै अहिंसा हो। अहिंसा एउटा स्थिति हो, योग–साधनाद्वारा मिल्ने एउटा स्तर हो; यो पनि प्राप्तिकालमा पुगेर मात्र सम्भव हुन्छ। कहिले? जब सुरति विदित हुन्छ।

सुरतिको महत्व प्रतिपादित गर्दै सन्त कबीर भन्नुहुन्छ– **'मोरि सुरत सुहागन जाग री।'** कबीर भजनानन्दी महापुरुष थिए। वहाँ भन्नुहुन्छ– **'का सोवत है मोह निशा में, उठि के भजनिया में लाग री।। .....मोरि सुरति सुहागन जाग री।।'** साधक सुहागन तब हुन्छ जब भगवान्‌को वरदहस्तको संरक्षणमा आउँछ। तब मात्र उसको सौभाग्य सधै उसको साथ हुन्छ। यस्तो तब हुन्छ जब भजन हृदयमा जागृत हुन्छ, प्रभु रक्षकको रूपमा उभिनुहुन्छ। सुरत जागृत भयो भने के गर्ने? **'चित दे सबद सुनो श्वासन लगि, उठत मधुर धुन राग री।'** सबैतिरलाई चित्तलाई बटुलेर, सचेत भएर लाग कि मैले कहाँ लाग्नु पर्दछ, कति लाग्न सकिरहेकोछु, कति गल्तिहरू भइरहेका छन्? सचेत अवस्थाले शब्द सुन। कुन शब्द! पूज्य गुरुदेव महाराजजी भन्नुहुन्थ्यो– ''स्वाँस नाम बाहेक अरू केही पनि भन्दै भन्दैन। हामीले नाम जप्नु पर्दैन, मात्र हेर्नु छ कि स्वाँस कहिले भित्र पस्यो? के भन्यो? कहिले फर्केर गयो? के भन्यो? यसलाई हेर्दै गर, सुन्दै गर। स्वाँस भित्र आयो भने ओम्, बाहिर गयो भने ओम्! **'उठत मधुर धुन राग री।'–** ईश्वरीय माधुर्यको रागिनी उठी रहन्छिन् त्यसलाई सुनी राख, त्यसैमा आनन्दमग्न भई राख- **'मस्त हुआ जब अनहद सुनकर तब क्या सुनना तूरों का।'**। एउटा अर्को भजनमा सन्त कबीर भन्नुहुन्छ– ''भजन जब नाप-तौलको सिमानाभन्दा माथी निरन्तर (अनहद) हुन थाल्छ, तब सांसारिक वाद्य यन्त्र (तुरही) इत्यादिका आवाजसंग प्रयोजन रहँदैन।'' त्यसैलाई उनले यहाँ पनि भन्नुहुन्छ– **'चित दे सबद सुनो स्वाँसन लगि उठत मधुर धुनि राग री। का सोवत है मोह निशा में.......।'** मोहरूपी रात्रिमा किन अगाडि–पिछाडि भइरहेछौं, भजन गर। प्रभुप्रति समर्पण अनिवार्य छ। त्यसैले पछिल्ला पंक्तिहरूमा वहाँ भन्नुहुन्छ– **'चरन सीस धरि विनती करिहौं'–** गुरुमहाराजको चरणमा प्रणत भएर विनति गर र यदि कुनै कामना नै छ भने **'भगति विमल वर माँग री।'-** वहाँसंग भक्तिको निर्मल वरदानको माँग गर। विभक्तको अर्थ हो विभाजन। प्रभु अलग छ, साधक अलग छ, यो हो विभक्ति। भोलि प्रभुको काखमा स्थिति मिल्नुछ, अर्को

क्षणमा स्थिति हुनुछ, अहिले त तपाईं-हामी प्रभुदेखि अलग छौं। यो दूरी जब समाप्त हुन्छ, दर्शन, स्पर्श, प्रवेश र स्थिति मिल्दछ– यो नै भक्तिको पराकाष्ठा हो, चरमोत्कृष्ट अवस्था हो। विमल भक्ति त्यो हो जसमा प्रकृतिको अलिकति पनि विकारको कल्पनासम्म हुँदैन।

भजन गर्ने पनि एउटा नियमित आचरण हुन्छ। बिहान–बेलुका केही क्षण ध्यानमा बस्नु, नाम जप गर्नु र बाँकी समयमा गफ गर्नु भजन होइन। यसबारे संत कबीरले भजनको साथमा अपनाइये सावधानीहरूमाथी जोर दिदै भन्नुहुन्छ– **'कहत कबीर सुनो भाई साधो! जगत पीठ दे भाग री।'–** संतहरू! ध्यान देऊ। संसारतिर पिठ्यु फर्काउनाले परमात्मा, सद्गुरु सन्मुख भई हाल्नुहुन्छ। त्यस अवस्थामा विस्तारै–विस्तारै न हिड्, गतिलाई छिटो भन्दा झन छिटो बनाउदै हिड्। केही भजन, केही लोक व्यवहार गर्छ भने उसले किन घर छोडेको थियो? भजन गर्नेवालासंग समय कहाँ हुन्छ? जसमा लगन छैन, विरह-वैराग्य-छटपटाहट छैन; त्यस साधकको लागि भगवान् छैन? साधना त गर्नु नै पर्नेछ।

अत: विशुद्ध अहिंसा तब हुन्छ, जब सुरत शान्त स्थित रोकिन्छ। यो स्थिर भएपछि, तत्क्षण भगवान्को नै वातावरण रहन्छ, प्रकृतिको वातावरण शान्त हुनजान्छ। ईश्वरीय आलोक त्यस अवस्थामा मिल्दछ। भगवान् तपाईंमा दृष्टि बनेर सञ्चारित हुनेछ, सामुन्ने स्वयं उभिनुहुन्छ। तपाईंले नबुझे पनि बुझाउनु हुन्छ। वहाँको दर्शन मिल्नेछ, स्पर्श मिल्नेछ, वहाँमा प्रवेश मिल्नेछ, स्थिति मिल्नेछ। प्रभुले कृपा गर्नुभयो भने आफ्नो स्वरूप दिनुहुन्छ। तपाईंलाई जीवको रूपमा छुट्टै केही टुक्रा दिएर, स्वर्गीय सुखहरूमा लोभ्याएर छोड्नु हुन्न। तपाईं स्वरूपस्थ हुनुभयो भने सधैं रहिरहने जीवन प्राप्त गर्नुहुन्छ, जसको पछि मृत्यु हुँदैन। यस स्थितिलाई प्राप्त गर्नु नै अहिंसा हो, जहाँ **'काल न खाय कलप नहिं व्यापै, देह जरा नहीं छीजै।'** एउटा अर्को भजनमा यिनै सन्त कबीरले यस स्थितिको चित्रण गर्दै भन्नुभएको छ कि त्यस स्वरूपमा परिवर्तन हुँदैन, त्यो जीर्ण-शीर्ण हुँदैन। सधैं रहिरहने जीवन र शान्ति, जसबारे महायोगेश्वर श्रीकृष्ण पनि भन्नुहुन्छ– **'तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम्।' (गीता, १८/६२)**– परमशान्ति प्राप्त गर्नेछौं, त्यस निवास स्थानलाई पाउनेछौं जो शाश्वत छ, अजर-अमर छ।

समाजमा जन्म र मृत्यु काल-क्रमका घटनाहरू हुन्। चक्रवर्ती सम्राट दशरथको मृत्युमा समवेदना व्यक्त गर्दै कुल-पुरोहित महर्षि वशिष्ठले भन्नुभयो–

**सुनहु भरत भावी प्रबल, बिलखि कहेउ मुनिनाथ।**
**हानि लाभु जीवनु मरनु, जसु अपजसु बिधि हाथ।।**
**(मानस, २/१७१)**

जन्मनु र मर्नु, हानि र लाभ, यश र अपयश- मानिसको हातमा केही पनि हुँदैन- यी सबै प्रारब्धको हातमा छन्। **'बिलखि कहेउ मुनिनाथ'**- ज्ञानिहरूमा श्रेष्ठ मानिने वशिष्ठ मुनि पनि रुन लागे। दशरथजी भवितव्यताले मरे, भावीले मरे। मृत्यु भवितव्यताको हातमा छ। ती सम्पूर्ण भवितव्यताहरू मेटिन्छन्, प्रारब्धहरू काटिन्छन्– समर्पणको साथै चिन्तन गर्नाले, सद्गुरुको शरण जानाले! कठिनताले वशमा हुने हत्यारा डाँकु **'बालमीकि भये ब्रह्म समाना।'**- उनी ब्रह्मर्षि भए। भगवान् जब वन जानुभयो **'मुनि कहँ राम दण्डवत कीन्हा। आसिरबाद बिप्रवर दीन्हा।।'**- भगवान्ले ती मुनिश्रेष्ठलाई दण्डवत् गरे, विप्र वाल्मीकिले आशीर्वाद दिए। त्यसैले भजनद्वारा सबैथोक सम्भव हुन्छ। जीवहत्या एक-आपसमा बदलाहरू हुन्। अहिंसा तब मात्र हुन्छ जब आत्मा, यो मरणधर्मा पुरुष आफ्नो अमर तत्त्वलाई प्राप्त गर्दछ। भक्तिपथमा सर्वाङ्गीण साधना परिपक्व भएपछि मात्र यो स्थिति आउँछ। अहिंसाको छुट्टै कुनै साधना छैन।

एउटा महात्मा रामेश्वरम् तीर्थयात्रामा जाँदै थिए। बाटोमा पर्ने बाक्लो जंगलमा छः जना डाँकाहरूले उनलाई समाते। महात्माले भने, ''जे जति मसंग छ तपाईंहरू लिनुहोस्।'' उनीहरूले भने, ''हामीहरू पहिले मार्दछौं अनि मात्र लिन्छौं। हामी परिश्रमको कमाई गर्छौं, दान लिदैनौं।'' महात्माले भने, ''ठीकै छ, मर्नुभन्दा पहिले आधा घण्टा भगवान्को चिन्तन त गर्न देऊ।''

डाँकाहरू सहमत भए। महात्मा भजनमा बसे। महात्माले भगवान्संग सोधे– ''मैले यिनीहरूलाई सबैथोक दिइरहेछु तापनि यिनीहरूले मलाई मार्न किन चाहन्छन्?'' भगवानले बताउनु भयो– ''पछिल्लो जन्ममा तिमीले यी सबैलाई काटेका थियौ। यदि तिमीले भजन नगरेको भए, तिम्रो छःवटा छुट्टा-छुट्टै जन्ममा काटेर यिनीहरू बदला समाप्त हुन्थे। भजनको प्रभावले गर्दा

तिमीलाई सबैले एकसाथ मिलेर काट्न चाहन्छन्। यिनीहरूको हातले तिमी एकपटक मात्र मर्नु पर्दछ। त्यसपछि तिम्रो लागि कुनै पनि विघ्न हुने छैन। शरीरको के छ, त्यो फेरि मिल्नेछ, आरामले भजन गर्नेछौ।''

भजनबाट निवृत्त भएर महात्माले भने, ''चाँडै काट।'' डाँकाहरूलाई आश्चर्य लाग्यो र भने– ''अघि त तपाईं जीवनको लागि रुदै हुनुहुन्थ्यो, अब तपाईं बढ़ी प्रसन्नताले जीवन किन दिन चाहनुहुन्छ?'' महात्माले भने, ''यससंग तपाईंहरूको कुनै प्रयोजन छैन। तपाईंहरू यो कुरा बुझ्न सक्नुहुन्न। तपाईंहरू तरवार उठाउनुहोस् र मलाई मार्नुहोस्।'' डाँकाहरूले भने, ''तपाईं जबसम्म यो रहस्य बताउनु हुन्न तबसम्म हामीले तपाईंलाई मार्दैनौं र जान पनि दिदैनौं।''

आखिरमा महात्माले बताउनै पर्‍यो कि जब उनी भजन गरिरहेका थिए, भगवान्‌ले उनलाई एउटा दृश्य देखाए कि तपाईंहरू सबैको हत्या मैले पूर्वजन्ममा गरेको थिएँ। भजनले प्रभावले गर्दा ती हत्याहरूको बदला यो एउटै जन्ममा समाप्त हुन गइरहेछ, होइन भने छः पटक जन्म लिन्थे र काटिन्थे।

डाँकाहरूले सोधे– ''हामीहरू जे गरी रहेछौं के त्यो बदला हो? त्यसो भए तपाईंले पनि हामीलाई काट्नु हुनेछ?'' महात्माले भने– ''त्यो त हो। यो सृष्टि बदलाको अन्तहीन क्रम हो। क्रिया–प्रतिक्रियाको कुनै अन्त छैन।'' डाँकाहरूले भने– ''महात्मन्! अब हामीले तपाईंलाई काट्दैनौं। हामीलाई बदला लिनु छैन। नराम्रा कामहरू गर्दै, जंगलमा लुक्दै, पशुहरू जस्तो जीवन बिताउँदै हाम्रा धेरैजसा आयुका दिनहरू व्यर्थ बिते। अब तपाईं हामीहरूलाई मार्गदर्शन गर्नुहोस् र भजन-विधि बताई दिनुहोस्।'' जुन दृढताले उनीहरू अपराधिक कार्यमा लागेका थिए, त्यस्तै मनोयोगले उनीहरू भजन-चिन्तनमा लागे र राम्रा सन्तको रूपमा परिणित भए। यस्तो कुनै पाप छैन जुन भजनद्वारा काटिदैन।

अतः बाहिरी मारकाट आपसका बदलाहरू हुन्, दुःखद पनि हुन्; तर अहिंसासंग यसको कुनै प्रयोजन छैन। अहिंसा साधनापरक हो।

।। ॐ।।

# महावीर स्वामीको दृष्टिमा 'अहिंसा'

जन-जीवनमा अहिंसाको नामले कठोर तथा भ्रामक प्रयोग जति भारतमा छ, त्यति विश्वको कुनै पनि ठाउँमा देख्न पाइदैन। यहाँ जीवहत्याबाट बच्नु नै अहिंसाको पर्याय बनिसकेको छ। संसारको अरू कुनै पनि देशमा अहिंसाको साधना छैन। अरबमा अहिंसा मान्नेहरू कति छन्? के युरोपमा अहिंसाको कुनै कीर्तिमान छ? आस्ट्रेलियामा अहिंसाका कति प्रचारक छन्। साइबेरिया, जहाँ वनस्पति नै हुँदैन, सील-माछा र कवक (काई) खाएर बाँच्ने प्राणीहरूका लागि अहिंसाको यस अवधारणाको के कुनै उपयोग छ?

'अहिंसा' सांसारिक जीवनको शब्द नै होइन। यो योग-साधनाद्वारा प्राप्त हुने आन्तरिक अवस्था हो; तर मानिसहरूले यसलाई सांसारिक व्यवहारसंग गाँसिदिएका छन्। यसलाई उनीहरूले महावीर स्वामीको सिद्धान्त भन्छन्। आउनुस् हेरौं, भगवान् महावीरले के भन्नुभयो र प्रचलनमा के छ?

आचार्य समन्तभद्र विरचित 'रत्नकरण्ड-श्रावकाचार'को १०६औं श्लोकको टीका गर्दै पं० विद्याभूषणज्यूले लेख्नुभएको छ– ''आहारको मात्र त्याग गर्नु उपवास होइन, त्यो त अनादर जस्तो हो। पाँचवटै इन्द्रियहरूका विषयहरू र क्रोधादि विकारहरूका त्यागको साथै चार प्रकारका आहारहरूको त्याग गर्दै स्व-स्वरूपमा लीन हुन गरिने प्रयासलाई नै उपवास भनिन्छ।''

यसप्रकारले उपवास भनेको इन्द्रियहरूलाई विषयहरूबाट अलग राख्ने साधना हो, रात-दिन र निरन्तर चलिरहने साधना हो, प्रतिदिनको साधना हो। फेरि उनले अगाडि श्लोकमा लेख्नुभएको छ कि उपवासका दिनहरूमा जैन धर्म मान्नेहरूले कृषि-कार्य गर्नु हुँदैन, व्यापार गर्नु हुँदैन, नोकरीमा जानु हुँदैन। प्रतिदिन यी कार्यहरू गरेन भने के गर्ने? जैन धर्मावलम्बीहरूको मान्यता छ कि राती भोजन गर्नु हुँदैन, तरकारीको तल्लोभाग (डाँठ), फलको बीउ आदि खानु हुँदैन, पातहरू खानु, कुच्चोले बढ़ारेर खुट्टा टेक्नु, पानी छानेर अथवा उमालेर पिउनु, मुख र नाकमा कपडा बाधेर हिड्नु, केही गरी कुनै जीव मरी

हाले भने त्यसको लागि एक महिना पश्चाताप गर, इत्यादि-इत्यादि। प्रश्न उठ्छ कि हामी राती भोजन किन न गर्ने?

प्रत्येक महापुरुषले आफ्ना अनुयायीहरूलाई रहन-सहन, हिड्ने, उठ्ने-बस्ने आदिका विधि बताउँछन्। भगवान् महावीरभन्दा पनि पहिलेका महात्मा भरतको उल्लेख पाइन्छ। जैन धर्मावलम्बीहरू उनलाई दोस्रो तीर्थंकर मान्दछन्। उनी ऋषभदेवजीका पुत्र, चक्रवर्ती सम्राट थिए। राजकीय वैभवको परित्याग गरेर उनी सन्त बने, ज्यादै राम्रा महापुरुष भए। उनले नियम दिए कि **'पानी पिये छान के, गुरु करे जान के, रास्ता चले देख के और बिना विचारे ऐसा कोई कार्य न कर डालें कि आजीवन शोचनीय हो जाय।'**

पानी छानेर पिउनु पर्दछ; किनकि प्रदूषित पानीले धेरै प्रकारका रोगहरू हुने गर्दछन्। आजभोलि मिनरल वाटर पिउने मानिसहरूका बाँनी बसिरहेछ। हरेक उत्सव, विवाह, पर्व आदिमा मिनरल वाटरका बोतलहरू प्रचलनमा आएका छन्। यो दुधको मुल्यभन्दा पनि बढ़ी मुल्यमा बिक्री भइरहेछ, हुन त यो पानी नै छ। कारण मात्र यति छ कि त्यो छानिएको पानी हो। छानिएको अथवा उमालिएको पानी पिउनुको उद्देश्य कीटाणुको रक्षा गर्ने होइन बरू स्वास्थ्यको सुरक्षा हो कि त्यसो गर्नाले धेरैजसो रोगहरूबाट बच्न सकिन्छ।

यसै प्रकार, **'गुरु करे जान के'**– यस्तो नहोस् कि हतारमा जो सुकैलाई पनि गुरु बनाई हाल्ने। गुरु एउटा स्थिति हो– **'नास्ति तत्त्वं गुरोः परम्'**– जसको कहिल्यै विनाश हुँदैन, त्यो अविनाशी तत्त्व नै परम गुरु हो। त्यस तत्त्वमा दृष्टि राख्दै गुरुको पहिचान गर्नु पर्दछ।

**'रास्ता चले देख के'**– बाटो हेरेर हिड्नु पर्दछ नत्र गिर्खा-ढुङ्गा, काँढा-कुश अथवा कुनै चुचो वस्तु पैतालामा घोच्न सक्छ, सर्प अथवा बिच्छीमाथी पैताला पर्न सक्छ, कुनै पनि घटना घट्न सक्छ। त्यसैले बाटो हेरेर हिड्नु पर्दछ। यसै प्रकार विचार नगरीकन कुनै पनि यस्तो कार्य हुँदैन जुन आजीवन शोचनीय होस्। **'बिना विचारे जो करे, सो पाछे पछताय। काम बिगारे आपना, जग में होत हँसाय।।'** परिणाममाथी विचार गरेपछि मात्र पाइला चाल्नु पर्दछ।

यसै प्रकार महावीर स्वामीले पनि केही निर्णय दिए, जसको उल्लेख दोस्रो शताब्दीमा उमास्वामीले आफ्नो ग्रन्थ 'मोक्षशास्त्र' (तत्वार्थ सूत्र)मा यस प्रकारले गरेको छ– **'वाङ्मनो गुप्तीर्यादान निक्षेपण समित्यालोकित पान भोजनानि पंच।' (अध्याय ७, सूत्र ४)** अर्थात् वाणीको संयम, मनोवृत्तिको निग्रह, हेरेर हिड्ने, कुनै वस्तुलाई हेरेर-बुझेर राख्ने र उठाउने तथा उज्यालोमा भोजनलाई जाँच गरेर छानेर ग्रहण गर्ने – साधकले यी पाँच कुराको सधै ध्यान राख्नु पर्दछ।

साधकले सर्वप्रथम वाणीको संयम गर्नुपर्दछ– **'ऐसी बानी बोलिये, मन का आपा खोय। औरन को सीतल करें, आपहु सीतल होय।।' (रहीम)।** गोस्वामी तुलसीदासज्यूको मन्तव्य छ- **'तुलसी मीठे वचन ते, सुख उपजे चहुँ ओर। बसीकरन एक मंत्र है, तजि दे वचन कठोर।।'** वाणीको संयममा अलिकति लापरवाही आउनाले महारानी द्रौपदीबाट भूल भयो, जुन महाविनाशको कारण बन्यो।

राजसूय यज्ञ भइरहेको थियो। चक्रवर्ती सम्राटकी महारानी द्रौपदीको मनमा हास्य-व्यङ्गको भावना उफ्रिन थाले। तिनले आफ्नै जेठो ससुरालाई अन्धो भनिन्। तिनको यो वाणी मर्यादाको विरुद्ध थियो, जसको परिणाम चीरहरण र महासंग्राममा भयो। इन्द्रप्रस्थको अनौठो सभा–भवन हेर्न लाग्दा दुर्योधनको टाउ एउटा पर्खालमा ठोकियो। उसलाई त्यहाँ पैसेज भए जस्तो लागिरहेको थियो। स्फटिक र ग्लासहरूले बनेका पारदर्शी ढोकाहरू थिए, पर्खालहरू थिए। उसले हड्बडाएर चारैतिर हेऱ्यो- कसैले हेरिरहेको त छैन? तर हेर्नेहरूले हेरिरहेका थिए। अगाडि बढेपछि उसले पानी बगेको देख्यो। ऊ लुगा माथी उठाउन थाल्यो। एउटा दासीले निवेदन गरिन्, ''युवराज! यहाँ पानी छैन, बाटो छ।'' त्यो दासी त्यही बाटोबाट हिडेर गइन्। दुर्योधन पनि त्यसैगरी निस्केर गयो। केही अगाडि बढ़ेपछि दासीले भनिन्, ''युवराज! सावधान! आगे पानी छ।'' दुर्योधनलाई त्यहाँ समतल बाटो भए जस्तो लाग्यो। उसलाई रिस उठ्यो कि अब त दासीहरू पनि ख्याल-ठट्टा गर्न थालिन्। ऊ अगाडि बढ्यो र पोखरीमा खस्यो। द्रौपदीले यो दृश्य हेरिरहेकी थिइन्। तिनको मुखबाट निस्किहाल्यो– ''अन्धोको छोरा पनि अन्धो।'' यति

सानो कुराले दुर्योधनलाई घोच्यो। यसै कुराले गर्दा द्रौपदीको फरिया तानेर नाङ्गो पार्ने प्रयास गरियो, कपाल समातेर घिसारियो र महाभारतको लड़ाई भयो। त्यसैले वाणीको संयम आवश्यक छ। साधकहरूका लागि वाणीको संयम यति मात्र छ कि **'जब बोले तो हरि गुन गावें। मौन रहे तो नाम जपावें।।'**

दोस्रो संयम मनोवृत्तिको निग्रह हो अर्थात् वृत्ति सधै चिन्तनमा शान्त प्रवाहित होस्। साधक भिक्षाटन गर्दछ। छेउबाट को-को ओहर-दोहर गर्दैछन्, कोही एक आपसमा झगडा गरिरहेका छन्, कोही अरू केही गरिरहेछ, आइमाईहरूले बच्चाहरूलाई हप्काई रहेछिन्, केही न केही कानमा परि नै रहन्छ। यस्ता परिस्थितिहरूमा उनीहरूका हाउभाउले, आँखाले देख्नाले, कानले सुन्नाले वृत्तिमा कुनै प्रकारको उद्वेग उत्पन्न हुन नपाओस्। यस्तो नहोस् कि तपाईं पनि त्यसै वातावरणमा बग्न थाल्नुस् अथवा तपाईं पनि त्यही हिसाब लगाउन थाल्नुस्। संसारमा यी सबै भई रहनेछन्। समुद्र छ भने छाल उठी नै रहन्छ। साधकले आफ्नो लक्ष्यमा, आफ्नो अठोटमाथी दृष्टि राखेर हिड्नु पर्दछ, चिन्तनमा अनुरक्त रहनु पर्दछ, सचेतावस्थामा हिड्नु पर्दछ।

बाटो हेरेर हिड्नु पनि एउटा संयम हो। पहिले आज जस्तो राजमार्ग थिएन। प्राचीनकालीन गोरेटो बाटोमा कतै सर्प, बिच्छु, कतै काँढा, कतै कुश, कतै खाल्टो– केही न केही भई नै हाल्थे– अतः बाटो हेरेर हिड्नु पर्दछ। यो आजको परिस्थितिमा पनि त्यत्तिकै प्रासंगिक छ।

कुनै पनि वस्तुलाई हेर-विचार गरेर मात्र राख्न र उठाउनु पर्दछ कि यो ठाउँ यो वस्तु राख्ने योग्य छ कि छैन। कुनै पनि वस्तु कहाँबाट लिदै छु त्यस बेला पनि हेर-विचार गरेर उठाउनु पर्दछ। शक्तेशगढ़को नजिककै गाउँका एउटा पहलमान आश्रममा आउने-जाने गर्दथ्यो। छ्यानब्बे वर्षको उमेरमा भर्खरै उनको मृत्यु भएको छ। एकपटक मैले त्यससंग सोधे कि तपाईंको पहलमानी कस्तो थियो? उसले बतायो– महाराज! घरभन्दा दश किलोमीटर टाढ़ा एउटा अखड़ामा म अभ्यास गर्न जान्थे। म घरबाट अखड़ासम्म दौड़ेर जान्थे, कुस्ती खेल्थे र दौड़ेर घर फर्किन्थे। मैले ख्याल–ठट्ठामा सोधे– "पहलमानी त राम्रा-राम्रा खानेकुराहरू खान पाइन्थ्यो होला नि?" उसले अलिकति उदास भएर

भने– ''त्यही त पाइएन महाराज! होइन भने राम्रो पहलमानमा मेरो गन्ती थियो, अग्लो इच्छा थियो। राम्रो भोजनको अभावमा प्रगति गर्न सकिएन।'' मैले सोधे– ''तपाईंको जीवनको कुनै उल्लेखनीय घटना छ भने बताउनुस्।'' उनले बताए– ''एकचोटि पशुहरूको घास लिन म खेतमा गएको थिएँ। नजिकै बाँसको भयाँङ्ग थियो। मैले भयाङ्गको फेदमा टोकरी राखी दिए। त्यसबेला म अखड़ाको बारेमा सोचिरहेको थिएँ। मैले हेर्न सकेन कि टोकरी कहाँ राख्दैछु? त्यहाँ एउटा कालो सर्प थियो। टोकरी त्यसैमाथी परेछ। सर्पले मलाई टोक्यो। त्यता ध्यान जाने बित्तिकै मैले सर्पलाई समार्ती हाले। सर्प हातमा बेरिन थाल्यो। त्यसको कसाई यति बलियो थियो कि मेरो हातको हाड नै भाँचिन्छ जस्तो लाग्दथ्यो; तर मैले सर्पको घाँटी छोडीन। दौड्दै घर आएँ, मानिसहरूलाई बोलाए। जसो-जसो सर्पलाई हातबाट छुटाएँ, टाढा जमिनमा पछारी दिएँ, त्यसलाई मारी दिए; तर म बेहोस भएँ। घर-परिवारले उपचार गराए। तेस्रो दिनमा मलाई होस आयो।'' यदि त्यो पहलमानले ठाउँ हेरेर टोकरी राखेको भए के त्यो घटना घट्दथ्यो?

एउटा अर्को सज्जनले ताँबाको भाँडोमा पानी भरेर खाटमुनि राखी सुन्थे गर्दथ्यो जसलाई सुतेर उठ्ने बित्तिकै ऊ पिउने गर्दथ्यो। गर्मीको समय थियो। एउटा बिच्छु सीतलको खोजीमा त्यसै लोटामाथी बस्यो। बिहान अभ्यासले गर्दा उसले खाटमुनि हात बढाएपछि बिच्छुले टोकी हाल्यो। यदि उसले हेरेर हात फैलाएको भए यस्तो दुर्घटना किन हुन्थ्यो? त्यसैले यो महापुरुषले नियम बनाए कि कुनै पनि वस्तु राख्दा अथवा उठाउँदाखेरि हेरेर-बुझेर उठाउनु पर्दछ।

वहाँले 'आलोकित पान भोजनानि'को व्यवस्था दिनुभयो कि भोजन र पानी प्रकाशमा हेरेर-बुझेर ग्रहण गर। जैन आचार्यहरूले यसको व्याख्या यस्तो गरे कि आलोकको अर्थ दिन पनि हुन सक्छ, त्यसैले राति भोजन गर्नु हुँदैन। भगवान् महावीर दुई हजार वर्ष पहिले हुनु भएका थिए। त्यो बेला मिट्टीतेलको आविष्कार भएको थिएन। त्यसैले घनघोर जंगलमा बस्ने आचार्यहरूले व्यवस्था दिएका होलान् कि खाने-पिउने काम दिनमा नै गरी सक्नु पर्दछ। यी ती दिनहरूका व्यवस्था थिए जब प्रकाशका साधन जनसाधारणलाई उपलब्ध थिएन। आजभोलि महानगरहरूमा अँध्यारोको कुनै समस्या छैन, राति पनि

पनि क्रिकेट खेल्ने गरिन्छ, भुईंमुनि रेलगाडी चल्दैछ, पानीजहाजहरूमा बाँच्ने-खाने भई नै रहन्छ। आलोकको अर्थ दिन माननु एउटा भ्रम हो; किनकि आजभोलि त्यो नै जैन समाजको मापदण्ड बनिसकेको छ।

यो पनि अन्धविश्वास नै हो कि तरकारीका पातहरू त खान सकिन्छ किनकि तिनीहरूमा थोरै जीवाणुहरू हुन्छन्। भुईंमुनि उत्पन्न हुने तरकारीहरू जस्तै मूला, आलु, जमींकन्द, गाजर इत्यादि न खाऊ; किनकि उनीहरूमा जीवाणु बढी हुन्छन्। भुईंमाथी उत्पन्न हुने वनस्पतिहरूको प्रयोग गर्नाले जीव-हत्या थोरै हुन्छ। एउटा जैन परिवारका व्यक्तिहरूले भने– हामीहरू लसुन खादैनौं, मूला-गाजर-शकरकन्द खादैनौं। मैले यसको कारण सोधेपछि उनीहरूले भने– ''महाराजजी! हामीहरू अहिंसक छौं। जमीनमुनि जुन वनस्पतिहरू तयार हुन्छिन् तिनीहरूमा जीवाणु धेरै हुन्छन्। त्यसको माथिल्लो भाग खानाले हामीहरू जीव-हिंसा थोरै गर्दछौं।'' मैले सोधें– ''माथीबाट कसैको घाँटी रेटेर खाएपछि त्यो त मरी नै हाल्छ। त्यसको तल्लो भाग पनि खाएकोभए केही समयपछि नै अरू जीवाणुहरूको पालो आउँथ्यो। माथिल्लो भागमात्र प्रयोग गरेर तपाईंले जीवाणुहरूलाई मार्ने प्रक्रिया झन् छिटो पार्नु भयो। वहाँले स्वीकार्नु भयो कि यसप्रकारको व्यवस्था भ्रामक भएको जस्तो लाग्दछ। मैले उनीहरूसंग सोधें– ''अदुवा-बेसार त तपाईंले खानु नै हुन्छ होला?'' उनीहरूले भने– ''यो नभए चटनी अथवा अँचार कसरी बन्नेछ? दाल कसरी पाक्नेछ?'' मैले भने– ''यो त लसुनभन्दा पनि बढी गहिरोमा उत्पन्न हुन्छ। के यसमा बढी जीवाणुहरू हुँदैन?'' उनीहरूले भने– ''त्यसो भए यो पनि भ्रमले भरिएको छ।''

केही महात्माहरूले हातमा नरम ब्रस अथवा कपड़ाको कुचो लिएका हुन्छन्। त्यसले उनीहरू बाटो सफा गरेर आफ्ना खुट्टा टेक्छन जसले गर्दा पैतलाले कुल्चिएर कुनै कीटाणु मर्न नपाउन्। केही मानिसहरू छानेर पानी पिउँछन्, केहीले उमालेर पिउँछन्, केही विसलरी बोतलको रूपमा उमालिएको र शुद्ध गरिएको पानी खान्छन् किनकि पानी फोहर छ, त्यसमा कीटाणुहरू छन्। पानी उमालेर उनीहरूले कीटाणुहरूलाई रक्षा गर्दछन् कि तिनीहरूलाई मृत्युदण्ड दिन्छन्। ती कीटाणुहरूलाई हटाएर मानिसहरूले आफ्नो प्राणको

रक्षा गर्दछन्। मेरो गुरु महाराजजीले पनि पानी उमालेर पिउनु हुन्थ्यो किनकि पानीमा खराबी थियो। जीवहरूको हत्या अथवा रक्षाको प्रश्नै थिएन।

यस प्रकारले सयकड़ौं महात्माहरू अहिंसाको नामले मुखमा कपड़ा बाँधेर हिड्दछन् जसले गर्दा मुखमा कुनै कीटाणु नपसोस् र मुखको तातो निःश्वासले मसिना जीवहरूलाई कष्ट नहोस्। यो पनि एउटा भ्रम नै हो। श्वास लिने काम त नाकको हो। आफ्नो क्षमता अनुसार जीवहरूका श्वास तेज अथवा सुस्त गतिले चलि नै रहन्छ। हात्तिले बसेर श्वास लिए पनि धुलो उडि नै रहन्छ, अजिंगरले श्वासद्वारा स-साना जीवहरूलाई तानि हाल्छ। कुम्भकरनको श्वासको साथ-साथै सयकड़ौं बांदरहरू उसको मुखभित्र जान्थे। यो त सबै जीवहरूको आफ्नो क्षमता र आवश्यकता हो। मुखबाट कतै वायु निस्कन्छ र?

यति भएपनि यदि गल्तिले कुनै जीव मरिहाल्यो भने उसको लागि एक महिनासम्म पश्चाताप गर्ने नियम जैन समाजमा छ। यो हो जीवमाथी दया गर्ने, जसलाई उनीहरूले अहिंसाकै अंग मान्दछन्। भरतमुनिले मृगको बच्चामाथी दया नै गरेको थियो, त्यो अनाथ बच्चाको प्राणरक्षा नै गरेको थियो, वहाँले आउने जन्म मृगको रूपमा लिनु पऱ्यो।

भगवान् महावीरको दृष्टिमा शरीर ओंसको एउटा थोप्ला जस्तो छ। जाडोको दिनहरूमा फसलहरूमा टुप्पामा ओंसका थोप्लाहरू मोती जस्तै टल्कि रहन्छन्। सूर्यको प्रकाश पर्ने बित्तिकै ती थोप्लाहरू भुईंमाथी खस्दछन्, एक घण्टामै सबै ओंस वाष्प बनेर उड्दछन्। बिहान तपाईंले फसलहरूको नजिक भ्रमण गर्नुभयो भने ओंसले खुट्टा भिज्नेछ, कपड़ाहरू भिज्नेछन्, मध्याह्नसम्म ओंसको कतै पनि कुनै निसान भेटिदैन। जब शरीर यति नै क्षणभंगुर छ भने तपाईंले जीवको कस्तोखाले रक्षा गर्दै हुनुहुन्छ? सूर्यको उदय हुने नै छ, ओंसका थोप्लाहरूले वाष्प बनेर उड्ने नै छ। तपाईंले ओंसका थोप्लाहरूलाई रोक्न पनि सक्नु हुन्न। अहिंसाको नामले तपाईं कसलाई बचाउदै हुनुहुन्छ।

भगवान् महावीरको अनुसार पाँच समिति र तीन गुप्तिसम्पन्न मुनिहरू अहिंसक हुन्। पाँचवटै ज्ञानेन्द्रियहरूका पाँचवटा विषयहरू (शब्द, स्पर्श, रूप, रस, गन्ध) हुन्। यी पाँचवटै इन्द्रियहरूको संयम नै पाँच समितिहरू

हुन्, आँखाले बाहिरी संसारका रूपहरू देख्न बन्द गरोस्, जिब्रो रसको लागि ललायित नहोस्। यिनीहरूको संयम हुनु नै समिति हो। महात्माहरूले यिनीहरूको संयम गर्ने बारे उपदेश गरेका छन्। यसैमाथी जोर दिंदै सन्त कबीर भन्नुहुन्छ– **''सन्तो! घर में झगड़ा भारी।। रात दिवस मिलि उठ-उठ लागें, पाँच ठोटा एक नारी।''** पाँचवटा ज्ञानेन्द्रियहरू नै पाँचवटा केटाहरू हुन् जसका पछि-पछि मायारूपी नारी प्रेरक हुन्छिन्। **''न्यारो-न्यारो भोजन चाहैं, पाचों अधिक सवादी। कोउ काहू कर हटा न माने आपुहिं आप मुरादी।।''** पांचवटै ज्ञानेन्द्रियहरू बेग्ला-बेग्लै भोजन चाहन्छिन्। यी सबैका बेग्ला-बेग्लै भण्डार कोठा छन्। आँखाहरू रूप हेरेर अघाउँछिन्, कानले शब्द सुन्न चाहन्छ, छालालाई स्पर्श चाहिन्छ, जिब्रोलाई स्वाद चाहिन्छ भने नाकलाई गन्ध मन पर्छ। यी पाँचवटैका भोजन बेग्ला-बेग्लै र पूर्ण स्वादको भोजन चाहिन्छ। आफ्नो खुराकमा कटौती हुन यिनीहरूलाई सहन हुँदैन। यी मध्येका कुनै पनि इन्द्रियहरूले अरू कसैको अनुशासन मान्न चाहँदैन, यिनीहरूको आ-आफ्नो इच्छा मात्र पुरा हुनुपर्छ, चाहिएको विषय-रस सिद्ध हुनुपर्छ। यी भ्रममा परेका इन्द्रियहरूका इच्छित रस पनि देश, काल र परिस्थिति अनुसार बदलिदै रहन्छन्। बच्चाहरूलाई अलिकति छोइदिए पनि उसले धम्क्याउन थाल्छ, मम्मीलाई भनि दिनेछु। तिम्रो पछाडि फोर्स लगाई दिनेछु। अलिकति ठूलो भएपछि त्यही बच्चा खिलौनाहरूमा भूलिन्छ। जवानी अवस्थामा त्यो क्रिकेट, नाच-गानमा अल्झिएको भेटिन्छ। बुढेसकालमा बच्चाहरूका प्रमोसन सुन्न अथवा उनीहरूलाई एक पल्ट हेर्नको लागि नै आंखा ललायित रहन्छ। कानहरूले पहिले केही अर्को थरी सुनिरहेका थिए, आज यसमा नै खुशी छन्। यस प्रकारले अवस्था अनुसार यिनीहरूको खुराक पनि बदली रहन्छ। मृत्यु भएपछि पनि पाँचवटा इन्द्रियहरू नयाँ शरीरमा तयार भेटिन्छन्। यी पाँचवटै इन्द्रियहरूमा जुन विकृतिहरू छन्, बेग्ला-बेग्लै दिशाहरूमा आफ्नो रसको लागि दौडिरहेका छन्– यी सम हुन जाओस्, संगठित हुन जाओस्, एउटा समिति बनोस्।

मन, वचन र कर्मलाई गुप्त रूपले प्रभावित गर्ने तीनवटा गुणहरू सत्, रज र तम नै तीन गुप्ति हुन्। यी तीनवटैले प्रभाव पार्न नसकुन्। साधक

यिनीहरूका प्रभाव-क्षेत्रभन्दामाथी उठेपछि पाँच समिति र तीन गुप्तिसम्पन्न मुनि हुन्छ, त्यो नै अहिंसक हो। यसको विपरीत जसको जीवन असंयमी छ, जसको संयम साधिएको छैन, त्यो हिंसक हो।

संयमी व्यक्तिले कुनै जीवको हत्या गरे पनि अथवा नगरे पनि उसलाई हिंसक अथवा अहिंसक भनिदैन; किनकि अहिंसाको आधार आत्माको अध्यवसाय हो। आत्माको संरक्षणमा हिड्नु, आत्मस्थितिको लागि दृढतापूर्वक लागि पर्नु नै अहिंसा हो। यो बाहिरी संसारका क्रियाकलापहरूमा छदै छैन। आत्म-पथमा हिड्न थालेपछि योग-साधनाको एउटा अंग अहिंसा हो।

एउटा श्रद्धालुले हिंसा-अहिंसाको बारेमा भगवान् महावीरसंग सोधे। भगवान्ले बताउनु भयो– जसको हृदय दुष्टभावहरूले भरिएको छ, जो वासनाहरू र विकारहरूसंग युक्त छ उसले जीवहरूको हत्या नगरे पनि ऊ हिंसक हो र जसको हृदय पवित्र छ, उसले संसारमा जीवहरूको हत्या गरेपनि ऊ शुद्ध अहिंसक हो।

जैन तीर्थंकर भगवान् महावीरका उपदेशहरू पांचवटा महाअणुव्रतहरूमाथी आधारित छन्। अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह- यी सबैलाई मिलाएर एउटा अणुव्रत हुन्छ। अणुव्रत अर्थात् अतिसूक्ष्म व्रत। भगवान् बुद्धले यिनै पाँचलाई पंचशील भने। महर्षि पतञ्जलिले 'योगदर्शन'मा यिनैलाई पाँच यम भने।

प्रसिद्ध जैनाचार्य अमृतचन्दले 'पुरुषार्थ सिद्धयुपाय' नामक ग्रन्थमा लेखेको छ–

**अप्रादुर्भावः खलु रागादीनां भवत्यहिंसेति।**
**तेषामेवोत्पत्ति हिंसेति जिनगामस्य संक्षेपः।।४४।।**

अर्थात् अंतःकरणमा रागादि विकारहरू नहुनु नै अहिंसा हो र यी विकारहरू अन्तःकरणमा हुनु नै हिंसा हो। यो सम्पूर्ण जैनशास्त्रहरूको सारांश हो। रागादि विकारहरूबाट हानि के छ?

**'यत्खलु काषाय योगात् प्राणानां द्रव्यभावरूपानां व्यपरोणस्य सुनिश्चिता सम्भवति हिंसा।।'**

राग-द्वेषादि विकारहरूले गर्दा मन, वचन र शरीरले द्रव्यरूपमा अथवा भावरूपमा प्राणहरूको जुन हत्या गरिन्छ त्यो हिंसा हो। सृष्टिमा जे जति छन्, ती सबै द्रव्य हुन्, सम्पत्ति हुन्, जसका दुईवटा रूपहरू छन्– दैवी सम्पत्ति र आसुरी सम्पत्ति। आत्मिक सम्पत्ति स्थिर रहने सम्पत्ति हो, निज धन हो। राग-द्वेषादि विकारहरूबाट अलग रहेर मन, वचन र कर्मले जुन आत्मिक सम्पत्ति संयमद्वारा संग्रहीत भई रहेको थियो र सद्गुरु प्रति सम्पूर्ण श्रद्धाभाव रूपमा प्राण अर्थात् मन, बुद्धि, चित्त र अहंकारमा जुन घात अथवा ह्रास हुन्छ; जसले गर्दा दैवी सम्पद्को संकलन अवरुद्ध हुनजान्छ, यो ह्रास नै हिंसा हो; किनकि आत्मपथतिर लम्किरहेको साधकको बाटोमा अवरोध आइसक्यो।

अर्को ठाउँमा वहाँले भन्नुहुन्छ–

**आत्मपरिणाम हिंसन हेतुत्वात्सर्वमेव हिंसैतत्।**
**अमृत वचनाभिः केवलमुदाहृतं शिष्यबोधाय।। (पुरुषार्थ० ४२)**

अर्थात् आत्म-परिणामको हत्या गर्ने सबै विकारहरू हिंसा नै हुन्। झुठो न बोल, चोरी नगर, व्यभिचारादिका मनाहीलाई जुन बेग्ला-बेग्लै भनिने गरिन्छ, त्यो शिष्यलाई बुझाउनको लागि हो। वास्तवमा अहिंसा आत्म-परिणाम अर्थात् जुन साधनाको परिणाम आत्म-साक्षात्कार हो– त्यसको हत्या गर्ने, त्यसबाट पथभ्रष्ट र वञ्चित गर्ने सम्पूर्ण विकारहरू हिंसा हुन्।

तत्वार्थ सूत्र (मोक्षशास्त्र)मा जैनाचार्य उमास्वामीको भनाई छ– **‘प्रमत्तयोगात्प्राणत्यपरोपणं हिंसा।।१३।।’** अर्थात् प्रमादले युक्त भएपछि जीवको भावप्राण र द्रव्यप्राणको अपहरण हुनु नै हिंसा हो। प्रमाद अर्थात् व्यर्थका चेष्टाहरू। जब संयम टुट्दछ, राग-द्वेषादि विकारहरू आउँछन्, तब साधक व्यर्थका चेष्टाहरूमा अल्झिन्छ। प्रमादले युक्त भएकोले जीवको भावप्राण अर्थात् प्राणहरूमा जुन भाव थियो, श्रद्धा थियो, त्यो अभावमा परिवर्तित हुनजान्छ। अन्त:करणमा श्रद्धाको जुन प्रवाह चलिरहेको थियो, त्यो बाधित हुनजान्छ। यसरी नै द्रव्यप्राण अर्थात् दैवी सम्पत्ति, आत्मिक सम्पत्ति, निज धन जो पाइसकेपछि निश्चित कल्याण गर्दछिन्, त्यो द्रव्यको प्राणहरूको व्यापारद्वारा अपहरण हुनु नै हिंसा हो। अर्थात् मनभित्र उत्पन्न हुने रागादि

उद्वेगहरूलाई रोक्नु नै अहिंसा हो। स्पष्ट कि अहिंसाको पालन गर्नमा मानसिक क्रिया नै प्रधान हो। बाहिरी क्रियाहरूसंग अहिंसाको सम्बन्ध छैन। यदि मन प्रमादसंग युक्त छैन भने त्यो मुनिले कुनै प्राणीलाई मारे पनि हिंसा हुँदैन।

जैनशास्त्रहरूमा लेखिएको छ कि ईरिया समितिलाई प्राप्त गरेको अर्थात् हेरेर हिड्ने मुनिहरूको पैतलामुनि आई थिचेर जति जीव मरेपनि वहाँलाई न हिंसा हुन्छ न त अहिंसा हुन्छ।

अहिंसाको अवस्थालाई ओजस्वी बनाउनको लागि अन्त:करणलाई पवित्र बनाउनु पर्दछ। आफ्नो पवित्रतामा अहिंसा सहज रूपले प्रकाशित हुन्छ। त्यस अवस्थामा सबैतिर आफ्नै दर्शन हुन्छ। के बाहिरी जीवहरूलाई नमार्नुले सबैतिर आफ्नो दर्शन हुन्छ? अहिंसा कुनै यस्तो स्तर हो जहाँ सबैतिर आफ्नै दर्शन हुन्छ। अहिंसक व्यक्तिले आफू जस्तै सबैलाई जान्दछ, त्यसलाई सहानुभूति मात्र होइन, समानुभूति हुन थाल्छ। यसलाई **'ईशावास्यमिदं सर्वम्।'**– सबैतिर इष्ट नै प्रसारित रहेको देखा पर्न थाल्छ। यसरी जो स्वरूपमा स्थित महापुरुष छ, उनले जे गरेपनि, त्यसबाट कल्याणस्वरूप अहिंसा नै प्रवाहित हुन्छ र जो स्वरूपभन्दा बाहिर छन्, उनले जति सफा गरेर खुट्टा टेके पनि, त्यसबाट हिंसा नै प्रवाहित हुन्छ। अर्थात् आत्मरमन, आत्मचिन्तन र अहिंसा भनेको एउटै हो। स्वरूपमा प्रतिष्ठित हुनुभन्दा पूर्व अहिंसा अधुरो हुन्छ, अझ हिड्न बांकी नै छ। अहिंसा तपस्याको परिणाम हो। विशेष परिस्थितिले गर्दा केही मुनिहरूले अहिंसाको प्रयोग सामाजिक व्यवस्थाको सन्दर्भमा गरे, जुन कालान्तरमा भ्रमको कारण बन्यो।

भनिने गरिन्छ कि सबै प्राणीहरूलाई जीवन प्रिय लाग्छ। सबै जीव बाच्ने इच्छा राख्दछ। दु:ख सबैलाई नराम्रो लाग्छ, हत्या सबैलाई अप्रिय लाग्छ। सबैजना सुख चाहन्छन्, त्यसैले कसैलाई पनि मार्नु अथवा कष्ट दिनु हुँदैन; तर जस्तो कि 'समयसार' नामक ग्रन्थमा आचार्य कुन्दकुन्दले भनेको छ–

**जो मण्णादि हिंसामि य हिंसिज्जामि य परेहिं सत्तेहिं।**

**सो मूढ़ो अण्णाणी णाणी एतोदु विवरीदो।।२४७।।**

अर्थात् जीवहरूको जन्म-मृत्यु, सुख-दुःख आफैले गरेको कर्म संस्कारको उदयले गर्दा हुन्छ। कसैले कसैलाई मार्नै सक्दैन र मर्न लागेकोलाई बचाउन पनि सक्दैन भन्ने मार्नेको नाम हिंसा र बचाउनेको नाम अहिंसा कसरी हुनसक्छ? जब सबैथोक आफ्नै कर्मको परिणाम हो भन्ने कसले कसलाई कष्ट दिन्छ?

एकपल्ट भगवान् महावीर जंगलमा एउटा छायादार रुखमुनि ध्यानमा लीन भएर बस्नुभएको थियो। दुईवटा गोरु लिएर एउटा गोठालो त्यहाँ आइपुग्यो र त्यही बस्यो। गोरुहरू पनि त्यहीं बसे। एक्कासी त्यो व्यक्ति केही ल्याउनको लागि वनतिर गयो। ऊ फर्केर आएपछि गोरुहरू त्यहाँ थिएन्न। उसले महावीर स्वामीसंग सोधे, ‘‘भगवन्! मेरा दुईवटा गोरुहरू यसै ठाउँमा थिए, ती कता गए?’’ त्यो महापुरुष ध्यानमा लीन हुनुहुन्थ्यो। वहाँले थाहा नै पाउनु भएन, त्यहाँ कतिखेर को आयो, कतिबेरसम्म बस्यो अथवा कतिखेर उठेर गयो? गोठालाले एक-दुई पल्ट सोधे। त्यो महापुरुषले बोल्नु भएन। आँखा खुलेकै थिए, त्राटकको अवस्था जस्तो भएको थियो, सुरत भित्र थियो, आँखाको दृष्टि स्थिर थियो। वहाँलाई शान्त मुद्रामा बसेको देखेर ऊ गोरुहरूलाई खोज्न हिडे।

केही समयपछि गोरुहरू चरेर फर्केपछि त्यही रुखमुनि आएर बसे। उनीहरू त्यहीनेर फेरि बसे; किनकि महापुरुषको चारैतिर वायुमण्डल शान्त प्रवाहित रहन्छ। उनीहरूले पनि त्यहाँ आराम पाए; किनकि **‘हित अनहित पशु पक्षिउ जाना’**। उनीहरू शान्तिपूर्वक पाउज गर्न थाले। वनमा यता-उति खोजेर त्यो गोठाला पनि आइपुग्यो। महात्माको नजिकै ती गोरुहरू बसेको देखेर उसलाई असाध्यै रिस उठ्यो। उसले सोच्यो– यो बाबाले गोरुहरूको बारेमा जान्दथ्यो। यसले जानाजानी मलाई बताएन। यसले बहिरो भएको नाटक गरिरहेकोछ। यसलाई साँच्चिकै बहिरो बनाई दिन्छु। उसले कुशको एउटा बोट उखेल्यो। कुशको जरा तिखो र कड़ा हुन्छ। गोठालाले किला गाडे जस्तै गरी महावीर स्वामीको कानमा कुश घोचि दियो, कानको बाहिर निस्केका कुशलाई सरौताले काट्दियो, जसले गर्दा कसैले कुशलाई कानबाट झिक्न नसकुन्। भक्तहरूका दृष्टि वहाँमाथी परे। उनीहरूले त्यो कुशलाई झिक्ने

प्रयास गरे। कुश निस्किरहेको थिएन। कामीलाई डाकियो। उसले पिलासद्वारा त्यो कुशलाई झिकिदियो। कानबाट रगतको धारा बग्न थाल्यो। महावीरको मुखबाट कराएको आवाज निस्कियो। त्यसको साथै वहाँलाई एउटा आकाशवाणी पनि सुनाई पऱ्यो कि ''यसभन्दा पूर्वको जन्ममा तिमी राजा थियौ। तिमीले आफ्नो अगाडि नै एउटा निरपराध व्यक्तिको कानमा किला गाड्न लगाएका थियौ। आज त्यो प्रायश्चित पुरा भयो। अब भविष्यमा यस्तो कुनै बदला बाँकी छैन।'' **'अवश्यमेव भोक्तव्यं कृतम् कर्म शुभाशुभम्'**– आफूद्वारा गरिएका शुभ अथवा अशुभ कर्मको परिणाम अवश्य भोग्नु पर्ने हुन्छ। जैन विचारधारामा भन्ने गरिन्छ कि कसैलाई न सताऊ। कसले कसलाई सताउँछ र? के त्यो गोठालाले महावीर स्वामीलाई सताएको थियो? उसले त आफ्नो बदला पुरा गर्नु नै थियो। यो उसको अधिकार थियो, प्रारब्ध थियो। महावीरका आफ्नै संस्कारहरूले उनीहरूलाई त्यहाँ ल्याएर उभ्याई दिए, किला गाडियो। यो त होनीको प्रभाव हो, जो बेला-बेलामा भई नै रहन्छ।

संस्कारहरूको नियम छ कि तिनीहरू हजारौं जन्मपछि पनि ठीक समयमा स्मृतिपटलमा प्रगट हुन्छन्। समय परिवर्तनले त्यसमा कुनै बाधा उत्पन्न गर्दैन। महर्षि पतञ्जलिले भन्नुहुन्छ– **'जातिदेशकालव्यवहितानामप्यानन्तर्यं स्मृतिसंस्कारयोरेकरूपत्वात्।। (योगदर्शन, ४/९)**- जाति अर्थात् जन्म, देश र काल अर्थात् समयको व्यवधान भएपनि कर्म संस्कारहरूमा व्यवधान हुँदैन किनकि स्मृति र संस्कारको एउटै स्वरूप हुन्छ। स्मृतिमा त्यही कुरा प्रगट हुन्छ जुन संस्कारहरूमा हुन्छन्। संस्कारहरूको गति अप्रतिहत हो, निर्बाध हो। यसले जन्म-जन्मान्तरहरूमा जताततै सबैतिर कर्ताको पछि-पछि लाग्छ। कागभुशुण्डिजीले अनेकौं जन्म लिए, कालचक्र बिताए, अनेकौं देशहरूमा पुगे तर संस्कारहरूमा कुनै व्यवधान आएन। **'कवनेउँ जन्म मिटिहिं नहिं ग्याना।'-** कुनै पनि जन्ममा वहाँको ज्ञान समाप्त भएन।

शत्रु-मित्र सबैसंग समभाव, जीवहरूसंग मित्रताको भाव, कुनै पनि प्राणीको हानि नगर्ने– यो अहिंसाप्राप्त सन्तको स्वभाव हो। वहाँबाट जहिले पनि अहिंसा, मंगल नै हुनेछ। परमात्मभावलाई प्राप्त गरिसकेको सन्तको यो अवस्था हो। यस्ता महात्माहरू **'विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि। शुनि**

**चैव श्वपाके च पण्डिताः समदर्शिनः।।'** विद्या-विनययुक्त ब्राह्मणमा, चाण्डाल, कुकुर, गाई र विशाल शरीरभएको हात्तीमा एकैथरी दृष्टि भएका हुन्छन्। उनको दृष्टिमा न विद्या-विनययुक्त ब्राह्मणमा कुनै विशेषता छ, न त चाण्डालमा कुनै हीनता छ; किनकि उनीहरूलाई थाहा छ कि विद्या-विनययुक्त ब्राह्मण लक्ष्यको नजिक छ र जसलाई चाण्डाल भन्ने गरिन्छ, ऊ लक्ष्यभन्दा अलि टाढा छ। दुबैजना एउटै मार्गका बटुवामात्र हुन्। महापुरुषहरूको दृष्टि उनीहरूका आत्मामाथी पर्दछ। शरीरको गुण-स्वभाव-व्यवसाय वहाँहरूका दृष्टिमा नगण्य हुन्। कसैलाई न सताउने, करुणा उनको सहज स्वभाव हुन्छ।

जैन साहित्यमा महावीर स्वामीका पूर्वजन्महरूका इतिहास भेटिन्छ। चौबीस जन्म पहिले वहाँ एउटा दाउरा बेच्ने मान्छेको रूपमा हुनुहुन्थ्यो। उनको दृष्टि एउटा सन्तमाथी पर्‍यो। उनले सन्तलाई हेरेको हेरै गरे। यस्तो शान्त स्वरूप उनले कहिले पनि देखेकै थिएन, त्यसैले घण्टौंसम्म हेरि राखे। यो सन्त-दर्शनको प्रभावले अर्को जन्ममा उनले दुईजना सन्तलाई भोजन गराए। त्यस पुण्यको प्रभावले त्यसपछिको जन्ममा सत्संग सुन्ने मौका पाए र विरक्त भए। उनी संन्यासी पनि भए। कतै अलिकति भूल पनि भएकोले नरकमा पनि जानु पर्‍यो। भोग समाप्त भएपछि फेरि उनी सन्त भए। एकपल्ट वहाँले बाघ बनाउनु पर्‍यो, कुनै बेला राजा हुनुभयो र अन्तिम चौबीसौं जन्ममा तीर्थंकर हुनुभयो। यस प्रकारले भगवान्को साधना सन्त-दर्शनबाट शुरू भयो, जसले वहाँलाई कैवल्य ज्ञानसम्पन्न बनाएरै छोड्यो।

त्यसैले जैन-परम्परामा पाँचवटा परमेष्ठीयहरूलाई नमस्कार गर्ने नियम नै बन्यो कि **'णमो अरिहंताणं'**– अरिहन्तलाई नमस्कार छ। जसको काम-क्रोध-राग-द्वेषादि शत्रुहरू समाप्त भइसकेका छन्, जसले अर्काको पनि यी विकारहरूलाई समाप्त गर्ने क्षमता राख्दछ, ती महापुरुषहरूलाई म नमस्कार गर्दछु। **'णमो सिद्धाणं'**– जसले परमतत्त्व परमात्मालाई सिद्ध गरिसकेको छ, जसले इन्द्रियहरूलाई बसमा गरिसकेको छ, नैष्ठिकीम् सिद्धि भएका यस्तो महापुरुषलाई म नमस्कार गर्दछु। अर्थात् यस्तो महापुरुषको शरणमा जाऊ, वहाँलाई नमन गर, वहाँप्रति आफूलाई समर्पित गर। **'णमो आयरियाणं'**– जो आर्यपुरुष हुन्, जसलाई आर्यत्व प्राप्त छ (महावीरको अनुसार जसको बुद्धि

यथार्थ छ, जो जितेन्द्रिय छ, जसको संकल्प यथार्थ छ, उनी आर्यत्व प्राप्त हुन्। आर्य एउटा वृत्ति हो, कतै बाहिरबाट आएको प्रजाति होइन।) यस्तो आर्य पुरुषलाई म नमस्कार गर्दछु, वहाँको शरणमा जान्छु जसले त्यो आर्यत्वलाई प्राप्त गरिसकेको छ। **'णमो उवज्झायाणं'**– उवज्झाय उपाध्यायलाई भनिन्छ अर्थात् आचार्य! जसले आफू पनि जान्दछ र अरूलाई पनि बुझाउन सक्छ, तपाईंको हृदयभित्र साधनाको जागृति गर्न सक्छ– यस्तो आचार्यको शरण जाऊ। **'णमो लोए सव्व साहूणं'**– संसारभरिका जति सन्तहरू छन् जसले घर त्यागेर, आफ्नो आमा-बुबा र साखै सम्बन्धीहरूलाई रुन लगाएर यस मार्गको अनुसरन गरे, त्यस मार्गमा दृढतापूर्वक अग्रसर भए, फर्केर हेरेन, ती सबै सन्तहरूलाई नमस्कार गर्दछु। यी पाँचवटै नमस्कारको उद्देश्य यो हो कि सन्तहरूको सरन, उनीहरूकै सेवा। योगेश्वर उनै हुन्, उनी नै जिनेश्वर हुन्। उनीहरूलाई नै नमस्कार गर्नमा जोर दिइएको छ। **'एसो पंच णमोक्कारो सव्व पावप्पणासणो। मंगलाणं च सव्वेसिं पढमं हवइ मंगलं।'** यी पांचवटा नमस्कारहरू सबै पापहरूलाई नाश गर्नेवाला हुन्। यो नै सबैभन्दा ठूलो मंगल हो। यिनीहरूलाई जसले आचरणमा ढाल्दछ उनको जीवनमा कल्याणै कल्याण छ। यही कुरा गोस्वामी तुलसीदासजी पनि भन्नुहुन्छ– **'प्रथम भगति संतन्ह कर संगा।'**

जैन साहित्यमा भरत मुनिको उल्लेख छ। उनी भगवान् ऋषभदेव, जसलाई आदिनाथ पनि भनिन्छ, को कुल-परम्परामा थिए। जैन-परम्पराको प्रारम्भ उनै भगवान् ऋषभदेवबाट भएको मानिन्छ। भागवत महापुराणमा वहाँको विस्तृत उल्लेख छ। उनी आर्यहरूका चौथो अवतार थिए, जसले राज्य त्यागेर संत भएका थिए। उनका सयवटा छोराहरू मध्ये इक्यासी जनाले ब्रह्मचिन्तन गरेर ब्राह्मण भएका थिए, नौ जना योगेश्वर भए। उनीहरूमध्ये जेठो भरत र कान्छो भाई बाहुबली महान सन्त भए। भरत चक्रवर्ती सम्राट थिए। उनी घर त्यागेर तपस्यामा अनुरक्त भए। वहाँको भजन पुरा हुनै लागेको थियो। अन्तमा परीक्षाको समय आयो। कुटीरको नजिकै गण्डकी नदी बगिरहेको थियो। भरत मुनि नदीको डिलमा चिन्तनमा बसेका थिए। त्यसै बेला एउटी हिरणी प्यासले व्याकुल भएर नदीको किनारमा आइपुगिन्। उसले पानी पिउदै

गर्दा नजिकैमा बाघको गर्जना सुनियो। हिरणीले खोलापारी भाग्नको लागि हाम फाल्ने प्रयास गरिरहेकै अवस्थामा बच्चा दिने समय भइसकेको उसको गर्भ नदीको धारामा खस्यो। नदी तर्ने बितिकै उसको मृत्यु भयो, मृगको बच्चा पानीको धारामा बग्न थाल्यो। दयाले गर्दा भरत मुनिले त्यस मृग शावकलाई आश्रममा ल्याए, त्यसको पालन–पोषण गरे। त्यो अनाथ शरणागत शावकलाई वनका हिंसक जीवहरूबाट रक्षा गरिराखे।

विस्तारै मृग शावक ठुलो हुन लाग्यो। ऊ उफ्रदै वनमा गएपछि भरत मुनि चिन्तित हुन्थे कि यो यति अबोध र मिलनसार छ कि शिकारीको मुख पनि सुंघनेछ, यो चितुवाको नजिक पनि जान सक्छ, कुनै पनि हिंसक पशुले यसलाई मार्न सक्छ। जीवनको अन्तिम क्षणमा पनि भरत मुनिले मृग शावकको लागि यस्तै चिन्तन गर्दै थिए। त्यसैले शरीर छुटेपछि अगाडिको जन्म मृगको रूपमा भयो।

मृग-योनिमा पनि भरतलाई पूर्वजन्मको स्मृति थियो। वहाँले मृगको समूहलाई त्याग गरिदियो। ऋषिहरूको एउटा आश्रम देखा पऱ्यो। त्यो मृग बिना संकोच त्यो आश्रममा पुग्यो, यस्तो लाग्यो कि कुनै धेरै पुरानो चिनाजानी छ। प्रारब्ध समाप्त भएपछि त्यो मृगले गण्डकी नदीको धारामा उभिएर शरीरको त्याग गरिदियो।

भरतको त्यसपछिको जन्म एउटा ब्राह्मण-कुलमा भयो। त्यस जन्ममा पनि उनको नाम भरत नै थियो। सौतेनी आमाबाट जन्मेका नौ जना दाजुहरू बाहेक उनी सबैभन्दा कान्छो थिए। अरू सबै दाजुहरू पढ्न-पढाउन, लेख्न-पढ्नमा तिखो बुद्धिका थिए, तर भरत सांसारिक दृष्टिमा पागल, मुर्ख, अन्धो र बहिरो जस्तो आचरण गर्दथे। शिक्षामा वहाँको रुचि र प्रगति नभएको देखेर दाजुहरूले उनलाई खेतको हेरचाह गर्नमा नियुक्त गरे; तर चिन्तनमा सधै लीन रहने भरतले यो जिम्मेवारीको निर्वाह पनि गर्न सकेन। त्यस क्षेत्रका सबै पशु-पक्षीहरू भरतकै खेतमा पेट भरिरहेका थिए। भरत भन्दै थिए– **'राम की चिड़िया राम का खेत। खा ले चिड़िया भर-भर पेट।।'** दाजुहरूले सुने। असाध्यै रिसाएर उनीहरूले भरतलाई भोजन दिन बन्द गरिदिए र अर्द्धचन्द्राकार मुद्राद्वारा घाँटीमा हात राखेर घरबाट निकाली दिए।

महात्मा भरत यसैको प्रतिक्षामा थिए। घरबाट महाभिनिष्क्रमणपछि उनी भजन गर्दै निर्द्वन्द्व, परम वैरागी, त्यागीको रूपमा निस्पृह भावले विचरण गर्न थाले। वनमा डाँकाहरूको एउटा समूहले एउटा युवकलाई बलि चढ़ाउन देवीकहाँ लग्दै थिए। उनीहरूको पकड़बाट मुक्त भएर युवक भाग्नमा सफल भयो। बलिदिन कुनै अर्को व्यक्तिको खोजी हुँदै थियो। भरतजी ध्यानमा बसेका थिए। उनलाई नै बलि चढ़ाउन लगे। डाँकाहरूका सरदारले भरतको घाँटी समातेर देवीको चरणहरूमा टाउको टेक्न लगायो। सरदारले तलवार उठाउनासाथ देवीको मूर्तिमा आग लाग्यो। एउटा आकृति देवीको मूर्तिबाट निस्कियो; सरदारको हातबाट तलवार खोसेर सबै डाँकाहरूलाई काटिदियो। सुनसान भएपछि भरत उठेर खड़ा भए। सबैजनालाई मरेको देखे। उनी शान्तिपूर्वक भजन गर्दै अगाडि गए।

यो घटना भएको केही दिनपछि सिन्धु सौवीर देशको राजा रहूगण सद्‌गुरुको खोजी गर्न पालकीमा चढ़ेर जाँदै थिए। उनले इक्षुमति नदीको तिरैतिर भएर जाँदै गरेको बेला पालकी उठाउने कहार मध्येका एउटा कहार बिरामी भयो। त्यसको सट्टामा अर्को कहारको खोजी भैरहेको बेला उनीहरूले महात्मा भरतलाई फेला पारे। सिपाहीहरूले बेगारमा समातिएका अरू कहारहरूसंगै उनलाई पनि पालकी बोक्ने काममा लगाई दिए। कुश, काँढा, कमिला इत्यादि जीवहरूलाई कुच्निबाट जोगाउने प्रयासले गर्दा महात्मा भरत अरू कहार जस्तो राम्ररी हिड्‌न सकिरहेका थिएन। राजाले कहारहरूसंग कारण सोधेपछि उनीहरूले भने कि यो नयाँ कहारले पाइलामा पाइला मिलाएर हिडिरहेको छैन। राजाले पालकी रोक्न लगायो, ओर्लेर भरतसंग भन्यो, "तिमी दुब्लो-पातलो पनि छैनौं। के तिम्रो काँधमाथी बढी भारी छ? के तिमी बाटो हिड्‌न सक्दैनौ?" भरतजीले जीवनमा पहिलो पटक बोल्नुभयो, "राजन्! दुब्लो अथवा पातलो त्यो हुन्छ जसलाई देहाध्यास हुन्छ। भारी बोक्ने र बाटो हिड्‌नेको अवस्था-बोध त्यसले जान्दछ जो साँचिकै बाटोमा हिड्‌दछ। तिमीलाई के थाहा! कहिले भारी बोकेर हिडेका छौं?" रहूगणलाई विश्वास भयो कि जुन सद्‌गुरुको खोजीमा ऊ निस्केको छ, यस्तो लाग्छ कि त्यस्तै सद्‌गुरु भेटि

हाले। उनले साष्टांग दण्डवत् गरे, शरणमा लिन र कल्याणको साधन बताउन आग्रह गरे।

महात्मा भरतले भने– रहूगण! महापुरुषहरूका चरणको धूलोले आफूलाई न नुहाइकन मात्र तप, यज्ञ, दान, अतिथि-सेवा, वेद-अध्ययन, गृहस्थोचित कर्म अथवा जल, आगो अथवा सूर्य इत्यादि देवताहरूको उपासना आदि कुनै पनि साधनले त्यो परमात्म-ज्ञान प्राप्त हुन सक्दैन। यस्ता महापुरुषहरू तत्त्वदर्शी हुन्छन्, यस्ता महापुरुष जिनेश्वर हुन्छन् जो आफूपनि जितेन्द्रिय हुन्छ र अरूमा पनि त्यस्तो क्षमता जागृत गर्न सक्दछ। यस्तो कुनै तत्त्वदर्शी महापुरुषको चरणहरूको धूलोमा न लोटिकन परमात्म-दर्शनको विधि जागृत हुन सक्दैन।

तर रहूगण राजा नै थियो। उसले देवी-देवताहरूका अनेकौं मन्दिर बनाउन लगाएको थियो। कतै शिक्षा की देवी, कतै युद्धकी देवी, कतै गाउँकी देवी। उसले सोधे– भगवन्! यी देवताहरू के हुन्? भरतले भने– यी देवी-देवताहरू बटाई जस्तो कातर, कौआ जस्तो सर्वभक्षी, बकुला जस्तो बाहिरबाट मात्र सफा सुघड़ तर भित्रबाट मौका छोप्ने खाले, उल्लु जस्तो अचेत आत्माहरूलाई हत्या गर्नेवाला हुन्, अरू केही पनि होइन्न। भरतले आफै देखेका थिए कि जुन डाँकाहरूले जीवनभरि देवीलाई बलि चढ़ाएका थिए तर देवीको आफ्नै प्राणमाथी आपत आउँदा आफ्ना भक्तलाई नै काटी दिइन्। भरत ब्रह्मलीन महापुरुष थिए। उनको नोक्सान गर्न सोच्नेले परमात्माको प्रकोपबाट उम्कन सक्दैनथे। त्यसैले आफ्नो सुरक्षाको लागि देवीले आफ्ना भक्तहरूकै उन्मूलन गरिन्। भगवान्को वरदहस्तमुनि रहने भक्तको अनिष्ट देवी-देवताहरूले पनि गर्न सक्दैन– **'हरि भक्तन के पास न आवैं भूत-प्रेत पाखंड।'**

भरत मुनिले मृग शावकमाथी कल्याण नै गरेका थिए, शरणागतको रक्षा नै गरे। भनिन्छ कि जीवहरूमाथी दया गर– यो अहिंसा हो। भरतले यो तथाकथित अहिंसातिर नै पाइला चालेको थियो। जानाजान-अनजान रूपले परिस्थितिबस एउटा मृगको प्राण नै बचाउनु भएको थियो। त्यसै जन्ममा प्राप्ति हुनु थियो, तर तीन जन्म अरू लिनु पर्‍यो। त्यसैले जीवन-मृत्यु त एक

आपसका बदलाहरू हुन्। यिनीहरूलाई समय आएपछि चुकाउने नै गरिन्छ। यसमा हिंसा-अहिंसाको प्रश्न नै उठ्दैन।

जैन धर्मावलम्बीहरूको एउटा मान्यता छ कि मात्र क्षत्रियहरू नै तीर्थंकर हुन सक्छन्। उनीहरू राजा र चक्रवर्ती हुन्छन्। लोकहितको लागि उनीहरूले शस्त्र उठाउछन्, ठूल्ठूला लड़ाईहरू लड्दछन्। युद्धमा जो आएपनि त्यसको हत्या नै गर्दछन्। यो अहिंसा कस्तो हो? जीवलाई न मार– त्यसोभए युद्धमा यिनीहरू के गर्दछन्?

कथा आउँछ कि महावीर स्वामीको जीव देवानन्दा नाम गरेकी बाहुनीको गर्भमा पुग्यो। शक्रलाई ठुलो चिन्ता भयो। देवताहरूका स्वामी इन्द्र जस्तो पचासौं इन्द्रभन्दामाथी शक्रको पद हुन्छ। उसले सोच्यो– क्षत्रिय मात्र तीर्थंकर हुँदै आएका छन्। बाहुनीको तुच्छ गर्भबाट भगवान्को जन्म भए भने यस परम्परामा हेरफेर हुनेछ। उसले देवताको वैद्यलाई निर्देशन दिएर त्यस गर्भस्थ जीवलाई त्यहाँबाट झिकेर क्षत्राणी त्रिशलाको गर्भमा स्थापित गराए। पहिले देवानन्दा शुभ शकुन भएका सपनाहरू देख्दथिन्, जस्तै– ऐरावत हात्ती, उच्चैःश्रवा घोड़ा, सेता साँढे, कामधेनु, रत्नहरूको भण्डार, उदाई रहेको सूर्य, द्वितीयाको चन्द्रमा इत्यादि। गर्भ सटासाट भएपछि यिनै स्वप्नहरू त्रिशला क्षत्राणीले हेर्न थालिन्। यस्तो लाग्दछ कि त्यस युगमा क्षत्रियहरू बाहुनभन्दा उन्नत योनिको रूपमा प्रतिष्ठित थिए, कालान्तरमा बाहुन उन्नत प्रतिष्ठित मानियो। बाँकी वर्गहरूको अवमूल्यन भयो। स्वतन्त्रता प्राप्तिपछि भारतको संविधान लागू हुनासाथ मत र आरक्षणको सुविधा प्राप्त गर्नको लागि उच्च जातिहरू पनि अनुसूचित जातिहरूमा सम्मिलित हुने प्रयास गरिरहेका छन्।

आदिशास्त्र गीतामा भगवान् श्रीकृष्ण भन्नुहुन्छ– **'अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम्।'**– सुखरहित क्षणभंगुर तर दुर्लभ मानव शरीर पाएर मेरो भजन गर। भगवान् राम भन्नुहुन्छ– **'बड़े भाग मानुष तन पावा। सुर दुर्लभ सदग्रन्थन्ह गावा।।'** भगवान् राम, भगवान् श्रीकृष्ण जस्तो सबै महापुरुषहरूले भजन गर्ने अधिकार दुई हात-खुट्टा भएका मानवमात्रलाई दिएका छन्। भगवान् श्रीकृष्ण भन्नुहुन्छ कि शूद्र अथवा वैश्य श्रेणी भएका स्त्री-पुरुष जो सुकै होस्, कतै पनि जन्म लिएको किन न होस्, मेरो शरणमा आएर निश्चित रूपले

मलाई प्राप्त गर्दछन्, मोक्ष प्राप्त गर्दछन्; फेरि क्षत्रिय र ब्राह्मण श्रेणी भएकालाई त भन्नु नै के छ र? उनीहरूले त पार हुनु नै छ। किनकि क्षत्रिय भजन-पथको क्रमोन्नत खुड्किला हो, कुनै जाति होइन। यस श्रेणीमा पुगेको साधकले निश्चित रूपले मोक्ष प्राप्त गर्दछ। भगवान्ले उसलाई पतित हुन दिदै दिदैन। गीताको अध्याय एघारमा भगवान्ले अर्जुनलाई यसै बारे आश्वस्त गर्नुहुन्छ कि मद्वारा पहिले नै मारिएका यी शत्रुहरूलाई मार, यश प्राप्त गर, विजय तिम्रो हुनेछ। म प्रतिज्ञा गर्दछु कि तिमी मभित्र निवास गर्नेछौ। यहाँनेर अर्जुन क्षत्रिय श्रेणीको साधक हो। त्यसैले जैन-दर्शनको मान्यता छ कि मात्र क्षत्रियहरू तीर्थंकर हुँदै आएका छन्। जो आफू पवित्र छ र अरूलाई पनि पवित्र गर्ने क्षमता राख्दछ, ऊ तीर्थंकर हो। यदि सामाजिक व्यवस्था अन्तर्गतको क्षत्रिय जातिको कुलीनता नै उद्देश्य हो भने जैनीहरूका लागि कैवल्य पदको कुनै पनि आशा भएको जस्तो लाग्दैन; किनकि जैन समाज अब जात-पातको भेदभावबाट मुक्त छ। त्यसमा अब कुनै क्षत्रिय नै छैन भने तीर्थंकर कहाँबाट हुनेछ?

वास्तवमा वर्ण योग-साधनाका क्रमोन्नत खुड्किलाहरू हुन्। यदि योग-साधना बारे थाहा छैन भने **'या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी।' (गीता, २/६९)** संसाररूपी रात्रिका अचेत प्राणी हुन्। योग-साधना जागृति भएपछि प्रारम्भिक अवस्थामा साधक शूद्र हुन्छ, विधि प्राप्त भएपछि वैश्य, संघर्षशील क्षत्रिय र विलयको योग्यता भएपछि उही ब्राह्मण हुन्छ। क्षत्रिय श्रेणीवाला निश्चित, निर्विघ्न रूपले तीर्थंकर हुन्छन्। उनी आफू पवित्र हुन्छन् र अरूलाई पनि पवित्रता प्रदान गर्न सक्ने हुन्छन्। अतः कोही कुनै पनि जातिको भए पनि तीर्थंकर बन्नको लागि योग-साधनाद्वारा हिड्नु पर्ने नै हुन्छ। गीतोक्त साधनालाई समातेर जो सुकै पनि तीर्थंकर हुनसक्छ।

।। ॐ।।

# भगवान् बुद्धको दृष्टिमा 'अहिंसा'

अहिंसा यौगिक शब्द हो। जब साधकले शान्त-एकान्तमा भजन गर्न बस्छ, उसको अन्त:करणमा आउने एउटा अवस्थाको नाम अहिंसा हो। यो लोक-व्यवहारको शब्द होइन। समाजमा दयाको उपयोग छ, सहनशीलता छ, परोपकार छ; तर अहिंसा समाजमा व्यवहार गरिने शब्द होइन। अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह– यी सबै एकैखाले यौगिक शब्द हुन्। सामाजिक व्यक्तिहरूको लागि ब्रह्मचर्यको के उपयोग छ? यसरी नै महापुरुष जब घोर जंगलमा स्थित कुटीरमा चिन्तनमा लीन रहन्थे, समाजसंग सम्बन्ध-विच्छेद भई सकेको हुन्थ्यो, त्यस बेला उनको हृदयमा घटित हुने एउटा अवस्था-विशेषको नाम अहिंसा हो।

शरीर अनित्य छ। जो छँदै छैन, त्यसको रक्षा तपाईंले कसरी गर्नुहुनेछ? रक्षा त त्यसको हुन्छ जसको अस्तित्व छ। अत: शरीरको रक्षा अहिंसा होइन।

जसले आत्मिक प्रक्रियामा अवरोध उत्पन्न गर्छ, आत्म-परिणामबाट विमुख गर्ने विकारहरूमा प्रवृत्त हुनु अहिंसा हो र आत्म-परिणामसम्मको बाटो हिड्नमा सहायता गर्ने संयमहरूको पालन गर्नुलाई अहिंसा-व्रत भनिन्छ। आत्मा आफ्नो शाश्वत स्वरूपमा स्थित हुन जाओस्– जहाँबाट फेरि जन्म हुँदैन, मृत्यु हुँदैन, परिवर्तन हुँदैन– त्यो अहिंसाको विशुद्ध स्तर हो। जब आत्मा स्वरूपस्थ हुन्छिन्, तब अहिंसा-व्रत पुरा हुनजान्छ।

केही वर्ष पहिले मैले लद्दाख जाने मौका पाएँ। लेह-लद्दाख हिमालयको उपत्यकामा अवस्थित छ। त्यहीबाट १४ किलोमीटरपछि तिब्बतको सिमाना आरम्भ हुन्छ। जाडो धेरै हुन्छ। त्यहाँको हावामा आक्सीजनको मात्रा पनि थोरै हुन्छ। तेऱ्ह-चौध हजार फिटको ऊँचाईमा त्यो क्षेत्र स्थित छ। त्यस ऊँचाईमा दुइवटा श्वास नाकले लिएपछि एउटा श्वास मुखले लिनु परिरहेको थियो। दुई-चार दिनपछि नाकद्वारा श्वास लिने बानी बस्छ, नाकद्वारा नै श्वासको पर्याप्त मात्राको आपूर्ति हुन थाल्छ। त्यहाँ भगवान् बुद्धको प्रतिमाको स्थापना हुने आयोजन थियो।

मूर्ति स्थापनाको अवसरमा सत्संगको पनि आयोजन गरिएको थियो। भगवान् बुद्ध को हुनुहुन्थ्यो? वहाँले के उपदेश दिनुभयो? यिनै विषयहरूमा चर्चा भइराखेको थियो। मसंग पनि भगवान् बुद्धबारे केही बताउन अनुरोध गरियो। घण्टा-सवा घण्टासम्म मैले पनि बोलें कि बड़ो गर्वको कुरा हो कि तपाईंहरू सबैजना भगवान् बुद्धका अनुयायी हुनुहुन्छ र यस भव्य आयोजनको माध्यमले त्यो महापुरुषको शीलको चिन्तन गर्दै हुनुहुन्छ। धेरैथोक तपाईंहरूले बताउनुभयो तर सौभाग्यले म त उनकै वंश-परम्परामा भएकोले उनलाई अलि बढी नजिकसंग जान्दछु।

भगवान् बुद्धको व्यक्तित्व र कृतित्वमाथी मैले उनीहरूलाई विस्तारपूर्वक बताएँ र यो पनि स्पष्ट पारिदिएँ कि जैन, बौद्ध र सनातन बेग्ला–बेग्लै कुनै धर्म होइन। यी त सद्‌गुरुहरूका दरबार हुन्, वहाँहरूको पछाडि लागेका शिष्यहरूका समूह हुन्। महापुरुषहरूले विभिन्न क्षेत्रिय भाषाहरूमा उपदेश दिए, त्यसैले छुट्टै भएको जस्तो लाग्दछ; तर जुन सत्यलाई वहाँले सुदृढ पार्नु भयो, त्यो एउटै छ। धर्म दुई अथवा चारवटा हुँदैन। सृष्टिमा कुनै चिज एउटा छ भने त्यो धर्ममात्र हो। त्यस परमात्मालाई धारण गर्ने विधि पनि एउटै छ।

जे जति मैले भने, इंग्लैण्डमा बौद्ध साहित्य पढाउने एउटा प्रोफेसरले त्यसैलाई अक्षरशः दोहोऱ्याई दियो। उनले यिनै कुरा त्यहाँ पढाउने गर्दथे। अन्तमा वहाँले भन्नुभयो- स्वामीजीले ठीकै भन्नुभएको छ। बौद्ध र हिन्दू धर्म भनेको एउटै हो; तर हाम्रो धर्ममा अहिंसा एउटा घातक अंग हो। यो अहिंसाको देन हो कि चीनले तिब्बतलाई हजम गऱ्यो र अरबले भारतलाई खाई हाल्यो। भारतलाई गुलाम बनायो- यहाँका लाखौं-लाख मानिसहरूलाई, हिन्दूहरूलाई उनीहरूकै पशुहरूका डोरीमा बाँधेर लगे, दुई-दुई रुपियाँमा आइमाइहरू र अढ़ाई-तीन रुपियाँमा लोग्ने मान्छेहरूलाई बेची दिए। सुन्नमा नराम्रो लाग्छ तर घटनाहरू भएका छन्। हेलचेक्राई गरियो भने भविष्यमा पनि हुनेछन्। जुन ठाउँमा कलह हुन्छ त्यहाँ यस्तै दुर्दशा हुने गर्दछ। उनको भनाईको आशय यो थियो कि अहिंसाको रोग हाम्रो धर्ममा नभएको भए चीनले तिब्बतमाथी कुनै हालतमा कब्जा गर्न सक्दैनथे।

त्यसबेला चीनले तिब्बतलाई आफ्नो देशमा मिसाई सकेका थियो। परम पावन दलाई लामाले भारतमा शरण लिएका थिए। यहाँका बौद्धहरूमा धेरै आक्रोश थियो। उनीहरूको आरोप थियो कि अहिंसाले भारतीयहरूको हातलाई पिठ्यूँको पछाडि बाँधि दियो। भारतमा पाइने हरेक जीवहरूको हत्यामा मृत्यु-कर लगाइएको छ। कर न तिरेमा नरकको यातना पाउने विधान छ। हरेक जीवको मृत्युमा भारतीयहरूलाई आफ्नो नरक देखा पर्छ।

मैले उनीहरूलाई भने कि अहिंसालाई बुझ्नमा कतै केही भूल भएको जस्तो लाग्छ। भगवान्ले एकथोक बताए; तर अनुयायीहरूले अर्कै चिज बुझे। यसमा अब पुनर्विचारको आवश्यकता छ र यो नै यस्ता आयोजनहरूको सार्थकता हो।

उदाहरणको लागि भगवान् बुद्धका अनुयायीहरू मासु त खान्छन् तर पशुलाई काट्दैन्न। भगवान्ले कुनै बेला भन्नुभएको थियो कि लाटो पशुलाई न काट, त्यसैले यिनीहरू पशुहरूलाई काट्दैन्न, खसी-बाख्राहरूलाई बोरामा भरेर घरको दोस्रो अथवा तेस्रो तल्लाबाट तल खसाली दिन्छन्, राँगाको मुख बाँधि दिन्छन्। निसासिएर त्यो आफै मर्‍यो भने त्यसलाई खान्छन्। बर्फमा त्यो मासु महिनौसम्म फ्रिजमा राखे जस्तो सुरक्षित रहन्छ। चीन, मलेशिया, मंगोलिया, तिब्बत, सिंगापुर, वियतनाम इत्यादि देशहरूमा अनेकौं मासु बेच्नेहरू बौद्धधर्मका अनुयायी हुन्। उनीहरूको विज्ञापनमा लेखेको हुन्छ– आफै मर्‍यो, मारिएको छैन– यस्ता पशुहरूको मासु यहाँ पाइन्छ। काट्दाखेरि जुन पशु एक मिनटमा मर्दछ, मुख बाँध्नाले त्यो आधा घण्टासम्म छटपटाएर मर्दछ। जीवलाई यति धेरै सताउँछन्, तापनि भन्छन् कि यो अहिंसा हो। भगवान् बुद्धले यस प्रकारको कुनै आदेश दिनुभएको छैन।

भगवान् बुद्धको समयमा धर्मको नाममा, योग-साधनाको नाममा असंख्य रीति-रिवाज प्रचलनमा थिए, तर धर्मसंग तिनीहरूको टाढा-टाढासम्म पनि कुनै सम्बन्ध थिएन। जसले जे गरे पनि आफ्नो समझले धर्मकै आचरण, योग-साधनाको अनुष्ठान नै गरिरहेका थिए। उसको बुझाईमा आत्मदर्शनको त्यही विधि थियो।

एकपल्ट भगवान् बुद्धको अगाडि दुईजना महात्मा एउटा कुकुर-व्रतिक र अर्को गो-व्रतिक पुगे। गो-व्रतिकले भने, ''भन्ते! यो कुकुर-व्रतिकले करीब बाऱ्ह वर्षसम्म कुकुर वृत्तिले तपस्या गरेको छ। यसले कुकुर जस्तो खुर-खुर हिडेर, बस्ने बेलामा दुई-तीनपल्ट घुमेपछि कुण्डली मारेर बस्ने, बिहान-बेलुका कुकुर जस्तो बोलेर, जिब्रोद्वारा पानी पिएर इत्यादि कुकुर जस्तो भएर कठोर तपस्या गरेको छ। यो कुन स्तरसम्म पुगेको सन्त हो?'' बुद्धले भने, ''भाई! अरू जे पनि सोधी हाल तर मात्र यो कुरा न सोध।'' उसले भने, ''होइन भन्ते! मात्र यो कुरा नै बताउनु होस्।'' बुद्धले तीनपल्ट मनाही गरे तर त्यसले मान्दै मानेन्। बुद्धले भने, ''भाई! जसको चाल-चलन, मन-मस्तिष्क र विचार कुकुरमय छ, उसले अगाडिको जन्म निश्चित रूपले कुकुरमा लिनु पर्नेछ। जीवनको अन्तिम क्षणमा त्यही विचार स्फुरित हुन्छ जसको जीवनभरि बढी अभ्यास गरिएको हुन्छ, त्यही कर्म नै अगाडिको योनिको निर्धारक हुन्छ।'' यो सुन्ने बितिकै कुकुर-व्रतिक रुन थाल्यो।

त्यसपछि गो-व्रतिकले भने, ''भन्ते! मैले करीब एघार वर्षसम्म कठोर तपस्या गरेको छु। गाई जस्तो हिड्ने, कसैसंग भेट भएपछि खुट्टाले खुर हल्लाए जस्तै गरेर भेट्ने, गाई जस्तै बाँ-बाँ गरेर बोल्ने, हातको प्रयोग नगरिकन मात्र मुखले खाने-पिउने, गाईको प्रत्येक आचरण आफूभित्र ढाल्ने प्रयास गरेको छु। तपस्यामा मेरो के स्थिति छ?'' बुद्धले भने– तिमी पनि यो न सोधेको भए राम्रो हुन्थ्यो। उसले सविनय भने– ''भगवन्! जति नराम्रो भएपनि तपाईंले अवश्य बताउनुहोस्।'' जब तेस्रो पटकसम्म हठ गरिरह्यो, तब भगवान्ले भने– यदि तिम्रो रहन-सहन, चाल-चलन र मनन-चिन्तन साँच्चिकै गाई जस्तो छ भने अगाडिको जन्म तिमीले गाईको लिनु पर्नेछ। जे पनि गरि हाल्ने, भजन होइन। तपाईं कुनै कामी व्यक्तिको चिन्तन गर्नुहोस्, ध्यानमा राम्ररी उसको स्वरूप पकडमा आएपछि उसको अन्तःकरणमा जति उद्वेग छन्, तपाईंभित्र ओर्लेर आउनेछन्। गो-व्रतिक पनि उदास भयो। दुबैजना भगवान् बुद्धको शिष्य भए। (यहाँनेर भगवान् बुद्धले गीताको अध्याय ८/५-७ श्लोकको नै अनुवाद गरेका हुन्।)

सारनाथमा धर्मचक्र प्रवर्तनपछि विचरण क्रममा तथागत भगवान् बुद्ध उरुवेला (बुद्धगया)मा फेरि पुग्नुभयो। त्यस क्षेत्रमा परम प्रख्यात महान विद्वान काश्यप आफ्ना पाँचसय शिष्यहरूसहित एउटा विशाल यज्ञ गरिरहेको थिए जसमा अंग र मगध राज्यका सातसय सुपुष्ट बाछी, सातसय भेंडा, सातसय बाख्राहरू बलि दिनका लागि एक लाइनमा बाँधिएका थिए। भीडको अनुपात अनुसार कुनै बेला गाईको अथवा कुनै बेला भेंडा-बाख्राहरूको कान-खुट्टा इत्यादिका अंशलाई अग्निमा आहुति दिएर बाँकी मासु प्रसादको रूपमा यज्ञकर्ताहरूमा बाड्ने महायज्ञ भई रहेको थियो। यो नै उनीहरूको योग-साधना थियो, मोक्षको बाटो थियो। भगवान् बुद्धले उनीहरूलाई सम्झाए– विकारहरू मनभित्र छन्। जीवको आवागमन, जन्म-मृत्युको कारण जन्म-जन्मान्तरहरूदेखि संचित भएका संस्कारहरू हुन्। यी लाटा पशुहरूलाई काट्नाले ती संस्कारहरू कसरी मेटिनेछन्? मनभित्र उठ्ने उद्वेगका कारण यी संस्कारहरू नै आत्मदर्शनमा बाधक हुन्। यी संस्कारहरू इन्द्रिय-संयम, ध्यान र समाधिद्वारा नै समाप्त हुन्छन्। यी असहाय पशुहरूलाई काट्नाले संस्कारहरूका शृंखलाको नाश कसरी हुनेछ?

काश्यपले विचार गरे कि तर्कले भगवान्‌लाई हराउने सकिदैन, तब उसले भाव परिवर्तन गरेर भन्यो, ‘‘भन्ते! ठीकै भन्नुहुन्छ। शिष्यहरू हो! विशिष्ट अतिथि कोठामा यहाँको स्वागत र बस्ने व्यवस्था गरियोस्।’’ त्यस यज्ञशालामा काश्यपले नागराज तक्षक पालेर राखेका थिए। त्यसलाई मान्छेको गन्धसंग ईर्ष्या थियो। त्यस कोठामा जस-जसले पहिले विश्राम गरेका थिए, बिहान उठेर हेर्दा ऊ सर्पको टोकाईले मृत अवस्थामा फेला पर्दथ्यो। अरू पाहुनाहरू नरम ओछ्यान, सत्कार पाएर निद्रालाभ लिन थाल्थे; तर भगवान् बुद्ध महात्मा थिए। उनी भजनमा बसी राखे। उनीभित्र कुनै संकल्प-विकल्प थिएन, उनी ध्यानस्थ भए। तक्षक आयो, वहाँको जीउमाथी दुईपल्ट चढ्यो र ओर्ल्यो। बुद्धको जीउमाथी उसले पनि शान्ति पायो। अन्तमा ऊ भिक्षापात्रमा कुण्डली मारेर बस्यो।

बिहान काश्यपले यस्तो बरबराउदै पाहुना कोठाको ढोका खोल्यो कि बडो ज्ञान बताई रहेको थियो, लाटा पशुहरूलाई काट्नाले मनभित्रका

संस्कारहरूका शृंखला कसरी शान्त हुनेछन्? अब यस लाशलाई फ्याकी देउ। तर ढोका खोलेपछि भगवान् बुद्ध शान्तिपूर्वक ध्यानमा बसेको देखा परे। कोठाभित्र पनि उज्यालो छिऱ्यो। उनी आसनबाट उठे, भिक्षापात्र उठाए, सर्पलाई बाहिरको झाड़ीतिर फ्याकेर आए। काश्यपसंग उनले भने– यस्तो आचरण तपाईं जस्तो कुलीन पुरुषलाई सुहाउदैन। कुन कमीका पूर्तिको लागि यति भयंकर कुकृत्य गर्न ठानेका छौ? यो भजनको कुनै तरिका नै होइन। जसद्वारा संस्कारको अन्त हुन्छ, भजनको त्यो विधि म तिमीलाई बताउने छु। आफ्ना पाँचसय शिष्यसहित काश्यप, बुद्धका अनुयायी भए र महाकाश्यपको रूपले प्रसिद्ध भए।

एउटा आर्यत्वलाई प्राप्त गर्नको लागि भगवान् बुद्धले चारवटा आर्यसत्य बताए जसमध्ये प्रथम आर्यसत्य दुःख हो। जन्म दुःख हो, मृत्यु दुःख हो, व्याधि दुःख हो, जरा दुःख हो। भगवान् बुद्धले गीता नै त पढी राख्नुभएको छ– **'जन्ममृत्युजराव्याधि दुःख दोषानुदर्शनम्।।' (गीता, १३/८)** अर्थात् जन्म, मृत्यु, रोग र बढापा– यिनीहरूमा दुःख र दोष भएको अनुभव गर। यिनीहरूलाई अनित्य जानेर चिन्तनमा लाग। दुःखको कारण हो अज्ञान र कल्पनाहरू। दुःखको निवारण छ– जब पुरुषले आफ्नो वास्तविक स्वरूप प्राप्त गर्दछ। गीताले पनि यही भन्दछिन् कि न गरीकन कसैले पनि पाउन सकेका छैन; तर कर्महरूको परिणाममा जसको आत्मा विदित छ, जो आत्मतृप्त छ, आत्मस्थित छ, त्यस महापुरुषको लागि कुनै पनि प्राप्त हुने योग्य वस्तु अप्राप्त छैन; उसले सधै रहिरहने जीवन र शान्ति प्राप्त गर्दछ। भगवान् बुद्धले गीताको भाषा-अनुवाद नै गरिरहेका छन्।

चौथो आर्यसत्यको रूपमा भगवान् बुद्धले निवारण विधि अष्टांग मार्ग बताए, जस अन्तर्गत छन्– सम्यक् दृष्टि (जो समत्व प्रदान गर्दछ त्यो दृष्टि, अरू दृष्टि न आओस्), सम्यक् संकल्प (विचार उठे भने त्यही विचार उठोस्), सम्यक् स्मृति (सधै याद भई रहोस् कि चिन्तनमा कति समयसम्म बस्नु पर्दछ र कति समय लाग्न सकिरहेको छु), सम्यक् जीविका अर्थात् उचित खान-पान, सम्यक् व्यायाम-परिश्रम, युक्त आहार-विहार; सम्यक् कर्म

(समत्व प्रदान गर्ने कर्म); सम्यक् समाधि– स्थिति प्रदान गर्ने समाधि; यसरी भगवान् बुद्धले पाली भाषामा गीतोक्त 'युक्ताहार-विहार' नै सम्झाएका छन्।

भगवान्ले श्वसन क्रियामाथी दृष्टि राख्न अर्थात् श्वासद्वारा जप गर्नेमाथी जोर दिनुभएको छ कि श्वास कहिले भित्र गयो; कति समयसम्म रोकियो, कहिले फर्केर बाहिर आयो? जब श्वासलाई हेर्ने क्षमता आउँछ त्यस अवस्थामा जिब्रोले नाम जप्ने आवश्यकता पर्दैन। त्यो नाम श्वासमा आफै प्रवाहित भएको हुन्छ।

बुद्धको पनि चिन्तनको नाम ओम् थियो। भारतको बाहिर जति पनि बौद्ध देशहरू छन्, सबैका घरमा आज पनि ओम् लेखिएको भेटिन्छ। चीन, सिंगापुर, मलाया, वियतनाम इत्यादि देशहरूमा भाषा-भेदले कतै आ ओ म, कतै अ ऊ म, कतै ओम् त कतै ॐको अक्षर लेखिएका छन्। त्यहाँका बौद्ध नागरिक कतै पनि ओम् लेखेको देखे भने आफ्नो चप्पल, जुता खोलेर त्यहाँ प्रणाम गरेर मात्र अगाडि जान्छन्। भगवान् बुद्धले ठाउँ–ठाउँमा भन्नुभएको छ– **'एषो धम्म सनन्तनो।'**– यो नै सनातन धर्म हो। सनातन धर्म, गीतोक्त धर्म, हिन्दू-धर्मभन्दा अलग बुद्धले केही पनि भनेन।

भगवान् बुद्धको शरीर छुट्ने बेलामा महाकाश्यप पाँचसय भिक्षुहरूका साथमा धेरै टाढा थिए। उनको प्रतिक्षा गरियो। सातौं दिन उनीहरू आएपछिमात्र अंत्येष्टि क्रिया गरियो। भगवान्को पार्थिव शरीरलाई पाँचसय मीटर रेशमको कपडामा बेरेर चक्रवर्ती सम्राट जस्तो उनको दाह-संस्कार गरियो। बुद्धको महाप्रयाणपछि यिनै महाकाश्यपले बौद्ध त्रिपिटकहरूको संकलन गराए। अत: धर्मको नाममा जुन कुरीतिहरू प्रचलनमा थिए, भगवान् बुद्धले त्यसको खण्डन गरे, जीव मार्नुलाई हिंसा भनेन। उनीहरू योग-साधना अथवा भक्तिको नामले सोझो-टेढो केही न केही गर्दै थिए, त्यसलाई काश्यपबाट छोड्न लगाए कि जीवहरूलाई काट्नाले मनभित्रका संस्कारहरू कसरी मेटिनेछन्? त्यसलाई वहाँले अहिंसा भन्नु भएन।

भगवान् बुद्ध दयालु थिए। विनाकारण जीवहरूलाई मर्दै गरेको देख्न सक्दैनथे। कुनै पनि महात्माले देख्न सक्दैन, अनुमोदन पनि गर्न सक्दैन– यो

त महात्माहरूको सहज स्वभाव हो। ऊ जस्तो आफू छ त्यस्तै सबैमा प्रभुको स्वरूप देख्दछ। मैले एकपल्ट गुरु महाराजजीसंग सोधे कि तपाईंको दाँत यति कम उमेरमा कसरी खराब भयो? वहाँले भन्नुभयो कि साधनाकालमा दुई वर्षसम्म उनले दातुनले दाँत सफा गर्नु भएन। वहाँले सोच्नु हुन्थ्यो कि रौं उखेल्नमा जति कष्ट शरीरलाई हुन्छ त्यसै गरी रुख पनि सजीव हुन्। हांगा भाँच्दाखेरि उनीहरूलाई पनि त्यस्तै कष्ट हुन्छहोला। त्यस समयमा उनलाई सबैतिर भगवान्को नै रूप देखा पर्दथ्यो। मैले सोधे– यो विश्वरूप दर्शन कस्तो थियो? वहाँले भन्नुभयो– त्यस बेला त्यही अवस्था थियो, साधनाको स्तर थियो। आज त्यो पनि अज्ञान नै भए जस्तो लाग्छ। अत: दया सन्तको स्वभाव हो। उनीहरू दयार्द्र त हुन्छन् नै, तर जीवहरूमाथी दया गर्नु अहिंसा होइन।

गौतम बुद्धको काकाको छोरा देवदत्त पनि उनकै शिष्य थियो। एकपल्ट उसले निवेदन गर्‍यो कि भगवन्! तपाईं जीव-हत्यामाथी कड़ा प्रतिबन्ध किन लगाउनु हुन्न? शास्ताले भने– वत्स! म कड़ा प्रतिबन्ध लगाउन सक्दिन; किनकि गरीब मानिसहरूले धनि मानिसहरू जस्तो भोजनको व्यवस्था गर्न सक्दैन। यदि मैले कड़ा प्रतिबन्ध लगाई दिए भने जुन गरीब मानिसहरूले चरा इत्यादि मारेर जीवन-निर्वाह गर्दछन्, त्यसमा बाधा उत्पन्न हुनेछ। देवदत्तले सोधे– भिक्षुले के खानु पर्दछ? बुद्धले भने– गृहस्थको घरमा जे पाकेको छ, त्यसबाट अलिकति भिक्षुलाई पनि देऊ। भिक्षुको लागि छुट्टै व्यवस्था गर्नाले यी भिक्षुहरू गृहस्थमाथी भारी जस्तो लाग्न थाल्नेछ। त्यसबेला भगवान् बुद्धको संरक्षणमा दश हजार विरक्त भिक्षुहरू थिए। सबैको भिक्षाटन वृत्ति थियो। कुनै पनि गाउँमा दश हजार भिक्षु पुगे भोजनको के व्यवस्था हुन सक्छ र? जसको घरमा जे पाकेको छ, त्यही नै दिनेछ। कतै शाकाहारी भोजन छ र भने कतै मांसाहारी पनि होला। बुद्धको त्यस्तो उपदेश भएको भए कि लाटा पशुहरूलाई न काट, तब नकाटिकन मासुको आपूर्ति कसरी हुन्थ्यो? भिक्षुहरूलाई कसरी थाहा हुन्थ्यो कि पशुहरूलाई काटिएको थियो कि थिएन? त्यसैले जुन भोजन उनीहरूले प्राप्त गर्दथे, भिक्षापात्रमा त्यही ग्रहण गर्दथे।

भगवान् बुद्धले नियम बनाएका थिए कि जसले तिमीलाई दुई रोटी दिन्छ, उपदेशको रूपमा त्यसलाई दुई शब्द अवश्य सुनाई दिनु पर्दछ। यसले

गर्दा भिक्षु भोजन-ऋणले मुक्त हुनेछ र दिने मान्छेले धर्मको वास्तविक बाटो प्राप्त गर्नेछ। बौद्धधर्मको प्रचार हुनमा यो पनि एउटा प्रधान कारण थियो।

देवदत्त ईर्ष्यालु प्रकृतिको थियो। ऊ सोच्दथ्यो कि दाजुको यति नाम छ, सम्मान छ, मेरो हुन सकिरहेको छैन। दाजुको मृत्यु भएपछि मेरो सम्मान बढ्नेछ। भाई भएको कारणले म नै त्यसको उत्तराधिकारी हुनेछु। उसले बुद्धको एउटा शिष्यद्वारा बौद्ध संघलाई निमन्त्रण दिन लगायो, भोजनको लागि बंगुरको बोसो तयार गर्न लगायो, गोप्य रूपमा त्यसमा विष मिलाई दियो। भिक्षुहरूलाई त्यही भोजन पस्कियो। भगवान् बुद्धले भिक्षुहरूसंग भने– यो भोजन कुनै पनि भिक्षुले खाने छैन। यो पिण्डमात्र तथागतको लागि हो। तथागत बाहेक कुनै पनि देवता, दानव अथवा मानवले यस आहारलाई पचाउन सक्दैन। सबै भिक्षुहरूले खाल्टो खनेर यस भोजनलाई पृथ्वीमा गाडी देउ, आज उपवास गर। सबैजनाले त्यस्तै गरे। बुद्धले मात्र भोजन गरे। कुकुरहरूलाई भोजनको गंध लाग्यो। कुकुरहरूले पन्जाद्वारा खनेर गाडिएको भोजन तानेर खाए। केही कुकुरहरू मर्न लागे। मानिसहरूले थाहा पाए कि भिक्षा-अन्नमा त विष मिलाइएको छ।

भगवान् बुद्धले सबैलाई सान्त्वना दिए- यस भक्तको यही इच्छा थियो। हुन त पृथ्वीमा यो शरीरको समय पुरा भैसकेको छ, मैले जानु नै पर्नेछ। यो सुनेर आनन्द नाम गरेको शिष्य, जो बुद्धसंग उनको कमण्डल लिएर हिड्दथ्यो, श्रुतिधर थियो, एकान्तमा गएर रुन थाल्यो। शिष्यहरूले जानकारी दिए कि आनन्द त रुदैछ। भगवान्ले भने– आनन्दसंग भन, शास्ताले बोलाउदै हुनुहुन्छ। भिक्षुहरू हो! आनन्द दर्शनीय छ। उसले एउटा प्रश्नलाई पांच मिनटमा नै जवाब दिई हाल्छ, श्रोताहरूको समाधान पनि भई हाल्छ। त्यसै प्रश्नको बारेमा उसले एक घण्टासम्म पनि बताउन सक्दछ र सुन्ने मानिसहरूको उत्कण्ठा पनि कम हुँदैन। उनीहरू चाहन्छन् कि आनन्द अरू पनि केही भन्नोस्। आनन्द मेधावी छ। त्यसलाई भन्न कि शास्ता बोलाउदै हुनुहुन्छ।

आनन्द आइपुगे। सान्त्वना दिदै शास्ताले भने– शरीरको समय त पुरा भइसक्यो तर तिमीहरूले चाहे भने यो शरीरलाई अरू तीन महिनासम्म म राख्न सक्दछु। शिष्यहरूले भने– तीन महीना भए पनि राख्नु होस्। त्यसपछि

गौतम बुद्धले तीन महिनासम्म मात्र शरीर धारण गरे। यस्तो अवस्थामा पनि बुद्धको विचरण भई राख्यो। उनलाई आदेश थियो कि संसारमा जो थोरै मल भएकाहरू छन्, उनीहरूलाई मार्गदर्शन गर। विचरण गर्दा-गर्दै बुद्धले एउटा रुखमुनि पल्टि हाले। आनन्दले त्यहाँ एउटा झुप्रो बनाई दिए। यतिकैमा दौडेर एउटा मान्छे आईपुग्यो, उसले भन्यो– भाई! तथागतको दर्शन गर्नुछ। आनन्दले भने– अब कसैले पनि दर्शन गर्न सक्दैन। उनी बिरामी हुनुहुन्छ। बुद्धले भित्रबाट भने– वत्स! म यसैको प्रतिक्षा गरिरहेको थिएँ, प्राणहरूलाई रोकेर पल्टेको थिएँ। यसलाई भित्र आउन देउ। बुद्धले त्यसलाई अन्तिम उपदेश दिए। बुद्धले जुन हातलाई सिरानी जस्तो लगाएर पल्टनु भएको थियो, पल्टिनै रहनु भयो। यो पनि एउटा अनौठो संयोग नै थियो। उनको जन्म एउटा रुखमुनि भएको थियो, पूर्णत्वको प्राप्ति एउटा पिपलको रुखमुनि भयो र वहाँको महापरिनिर्वाण पनि एउटा रुखमुनि भयो।

एकपल्ट राजा बिम्बिसारको मन्त्री भगवान् बुद्धको नजिक आएर भने– राजाले सोध्न पठाउनु भएको छ कि लिच्छिविहरूमाथी आक्रमण गर्न चाहन्छु, भगवान्को के आज्ञा छ? भगवान् बुद्धले आनन्दसंग सोधे, ''आनन्द! के गर्ने? हामीहरू हिजोमात्र लिच्छिवि गणराज्यबाट फर्केका छौं?'' आनन्दले भने, ''हो भगवन्!'' ''उनीहरूमा एकता छ।'' आनन्दले जवाफ दियो, ''हो प्रभु!'' ''उनीहरूले ठूला-बडालाई सम्मान गर्दछन्? उनीहरूसंग राय-सल्लाह गर्दछन्?'' आनन्दले भने, ''हो भगवन्!'' ''उनीहरू सधै शस्त्र अभ्यास गर्दछन् र सिमानामा गस्ती गर्दछन्?'' आनन्दले सहमति व्यक्त गरे। अन्तमा बुद्धले भने, ''मन्त्री प्रवर! जो यति सजग छन् त्यसमाथी हमला त गर्न सकिन्छ, तर त्यसमाथी विजय प्राप्त गर्न सकिदैन।'' बिम्बिसारले आक्रमण त गरे, तर विजय प्राप्त गर्न सकेन। त्यहाँबाट आम्रपाली नाम गरेकि नगरबधूसंग बिम्बिसार फर्के जसबाट जीवक नाम गरेको पुत्र उत्पन्न भयो जो प्रसिद्ध वैद्य भए। यस प्रकरणमा भगवान् बुद्धले परामर्श दिनु पर्दथ्यो कि युद्ध एउटा हिंसा हो, जीवहरूको हत्या न गर, पाप लाग्नेछ। सिद्ध छ कि बाहिरी जीव-हत्यासंग अहिंसाको कुनै सम्बन्ध छैन।

बिम्बिसार जस्तै कौशलराज प्रसेनजितको मृत्यु पनि धार्मिक भावनाको प्रवाहमा भयो। बालसखा र सेनापति बंधुलको हत्याको प्रायश्चित गर्न प्रसेनजित भगवान् बुद्धको दर्शन गर्न आए। प्रसेनजितले आश्रममा प्रवेश गरे। उसको नयाँ सेनापति दीर्घकारायणले प्रसेनजितको छोरा विडूडभलाई राजा घोषित गरेर रथ र सेनासहित राजधानी फर्के। विहारबाट निस्केपछि राजाले सेनापतिको षड्यन्त्रको बारे थाहा पाए। त्यसलाई दण्ड दिनको लागि उसले बिम्बिसारको छोरा अजातशत्रुको सहायता लिन हिडे। राजगृहसम्म पुग्दा-पुग्दै धेरै अन्ध्यारो भैसकेको थियो। ऊ सिमानाद्वारको धर्मशालामा नै बास बस्यो जहाँ त्यसै रातिमा उसको मृत्यु भयो। सूचना पाएपछि भगवान् बुद्धले भने– जो राजा समयमा शान्ति र समयमा क्रोध गर्न जान्दैन, ऊ शासन गर्न सक्दैन। क्रोध पनि जरूरी छ। बुद्धले भन्नु पर्दथ्यो कि **'अहिंसा परमो धर्मः'**– शान्ति बनाएर राख्नु; तर बुद्धले यस्ता कुनै कुरा भनेन।

वरिष्ठ भिक्षु, चिन्तनमा जसको गति राम्रो थियो, धारणा-ध्यान-समाधि जसको स्वभावमा बसिसकेको थियो, उनीहरूलाई वहाँले ब्राह्मण भन्नुहुन्थ्यो। एउटा ब्राह्मण वंशमा जन्मेको व्यक्ति भगवान् बुद्धको नजिक पुगे। उसले भने, ''भन्ते! म उच्चकुलमा जन्म लिएकोछु, वेद-शास्त्रादिको अध्ययन गरिसकेको छु, मंत्रोक्त विधिले पूजा-पाठ पनि गर्न सक्छु। के तपाईंले मलाई ब्राह्मण भन्नु हुन्न?'' बुद्धले भने, ''वत्स! म ब्राह्मण त्यसलाई भन्दछु जो साँच्चिकै जितेन्द्रिय छ, जसको जानकारी वास्तविक छ, जो सधै सचेतावस्थामा रहन्छ कि चिन्तनमा कति लाग्नु पर्दछ र कति लाग्न सकिरहेको छु, ध्यान-धारणा-समाधि जसको स्वभावमा हुन्छ।'' धम्मपदको 'ब्राह्मण वग्गो' श्लोक ३९०मा वहाँले बताउनु भयो कि ब्राह्मणको लागि यो कम कल्याणकारी छैन कि उसले प्रिय पदार्थहरूबाट आफ्नो मनलाई टाढा हटाई लिन्छ। जति-जति मन हिंसाबाट फर्किन्छ, त्यति-त्यति नै दुःख निश्चित रूपले शान्त हुन लाग्दछ। अर्थात् सांसारिक पदार्थहरूको आसक्ति हिंसा हो र देखे-सुनेका त्यै पदार्थहरूमा अनासक्ति अहिंसा हो।

धम्मपदकै 'पकिण्णक वग्गो' अर्थात् प्रकीर्ण खण्डमा भगवान्ले बताउनु भयो कि जसलाई रात-दिन बुद्धानुस्मृति, सधै धर्मानुस्मृति, सधै संघानुस्मृति,

कायगता स्मृति, सधै भावना स्मृति र सधै अहिंसा स्मृति रहन्छ, गौतम बुद्धका ती शिष्यहरू सधै स्मृतिका साथ सुत्ने र जाग्ने गर्दछन्। सृष्टि अनित्य छ, नश्वर छ; मात्र आत्मा नित्य छ। जो भिक्षुहरू साधनामा प्रवृत्त छन्, उनीहरूलाई रात-दिन सधै स्मृति भई रहनु पर्दछ कि म बुद्धको शरणमा छु, भगवान् सद्‌गुरुको शरणमा छु। यस्तो नहोस् कि चार दिनपछि गुरु महाराजलाई नै बिर्सिदिने; किनकि परमात्मा यदि परमधाम हुन भने सद्‌गुरु नै प्रवेश द्वार हुन्। उनीद्वारा नै भजनको जागृति हुन्छ, उनी नै साधकको प्रतिष्ठाको रक्षक, मार्गदर्शक, संरक्षक हुन्। उनलाई बिर्सेपछि साधक भौतारिन थाल्छ। त्यसैले सधै बुद्धानुस्मृति आवश्यक छ। त्यस साधनालाई धारण गर्नुछ जसले निज स्वरूप आत्मपथतिर लान्छ। धर्मानुस्मृति भनेको यो नै हो। यसरी संघानुस्मृति हुनु पर्दछ कि म त्यस गुरु-परम्पराको छु। कायगता स्मृति भई रहनु पर्दछ कि बाहिरी संसारका वस्तुहरूको आकर्षणमा न अल्झियोस्, वस्तु जहिले पनि हृदय-देशमा नै मिल्नेछ। अतः श्वासमा अथवा चरणहरूको ध्यानमा सुरत स्थिर राख्नु कायगता स्मृति हो। भावना स्मृति अर्थात् भाव-श्रद्धा भई रहोस्। श्रद्धा बिना होमिएको हवन, दिइएको दान, गरिएको कर्म, जपिएको जप र तपिएको तप सबै व्यर्थ हुन जान्छन्। यसरी नै सधै अहिंसा स्मृति भई रहोस् कि आफ्नो वास्तविक स्वरूप प्राप्ति गरी हालुँ। उनीहरू रात-दिन चिन्तनमा डुबिरहेका हुन्छन्। ती वैरागी भिक्षुहरूको हृदयमा एउटा स्थिति हुन्छ, जसको नाम अहिंसा हो। मनोनिग्रह गरेर जो चिन्तनरत हुन्छ, उसको समक्ष अन्तःकरणको एउटा अवस्था अहिंसा हो। बाहिरी संसारका मार-काटहरू त एक-आपसका बदलाहरू हुन्, जुन दैवी, आसुरी वृत्तिहरूका देन हुन् जो समय-समयमा भई नै रहन्छन्। शास्त्र सन्तहरूको वस्तु हो। आफ्नो मन-बुद्धिले असंयमी पुरुषहरूद्वारा शास्त्रहरूले व्याख्याले भ्रमहरूको सृजना गर्दछ। यी भ्रमहरू महापुरुषपछि सबै समाजमा हुँदै आएका छन्, जसको ज्वलन्त प्रमाण अहिंसाको सामाजिक अवधारणा हो।

।। ॐ ।।

# निष्कर्ष

महापुरुषहरू प्रत्येक जीवमाथी दयार्द्र हुनजान्छ; किनकि-

**उमा जे राम चरन रत, बिगत काम मद क्रोध।**
**निज प्रभुमय देखहिं जगत, केहि सन करहिं विरोध।।**
**(रामचरित मानस, ७/११२)**

उनीहरूले संसारलाई प्रभुमय देख्दछन्; जीवमा भगवान्को अंश देखा पर्न थाल्छ, त्यसैले विरोध गर्ने पनि त कसको गर्ने? आफ्नो प्रभुसंग कसैले विरोध त गर्न सक्दैन। यो उनीहरूको एउटा स्थिति हो, अवस्था हो, एउटा दृष्टि हो। यस्ता महापुरुषहरूको नजिकमा वनका जीवहरू पनि स्वच्छन्द विचरण गर्दछन्। तिनीहरूलाई विश्वास रहन्छ कि यी महापुरुषबाट हानि हुने कुनै सम्भावना छैन, बरू सुरक्षा नै हुन्छ।

बाल्मीकि रामायण, किष्किन्धाकाण्डको सातौं सर्गमा विन्ध्य पर्वतमाथी निवास गर्ने निशाकर (चन्द्रमा) नाम गरेको ऋषिको उल्लेख छ, जसको कृपाले सम्पातिको डढेको पखेटा फेरि निस्केर आएको थियो। सम्पातिले देखेका थिए, त्यो मुनि नुहाएर फर्किरहेको अवस्थामा अनेकौं भालु, हरिन, सिंह, बाघ र अनेक प्रकारका सर्पहरूले ऋषिलाई घेरा हाली हिड्दै थिए। ऋषिलाई आश्रमसम्म पुऱ्याएर सबै प्राणीहरू फर्केर गए।

अरण्यकाण्डको त्रिहत्तरौं सर्गमा श्रीराम र लक्ष्मणसंग पम्पा सरोवरको परिचय दिदै कबन्धले भने, ‘‘रघुनन्दन! पम्पाको जलमा विचरण गर्ने हाँस, कारण्डव, क्रौंच र कुरर चराहरू सधै मधुर स्वरमा बोलि रहन्छन्। यिनीहरू मान्छेलाई हेरेर डराउदैन्न्; किनकि कुनै मान्छेद्वारा कुनै चराको हत्या पनि हुनसक्छ, यस्तो भयको तिनीहरूलाई अनुभव छैन।’’ ऋष्यमूक, मतंग वन, शबरी आश्रम– तपोधन महात्माहरूका आश्रममा सबै ठाउँमा यस्तै स्थिति थिए।

भगवान् बुद्धको वनवासको प्रथम दिन थियो। राजकीय पोशाकमा नै उनी जंगलमा हिडिरहेका थिए। उनलाई संन्यासी भेषमा एउटा यस्तो व्यक्ति देखा पऱ्यो जोसंग अस्त्र–शस्त्र पनि थिए। बुद्धले उनीसंग सोधे– ‘‘तपाईं शिकारी भएको जस्तो लाग्छ, यो मुनिहरूको भेष किन कारण धारण गर्नु

भएको छ?'' उसले जवाफ दियो, ''यस भेषबाट मृग इत्यादि जीव-जन्तुहरू निश्चिन्त हुन्छन्, नजिकसम्म आई पुग्दछन्। शिकार सजिलै भेटि हाल्छ।'' बुद्धले भने, ''मुनि-भेषसंग उनीहरूका अटुट विश्वासमाथी पनि तिमीले धोका गऱ्यौ। यसो गर, मेरो यो पोशाक लेऊ र आफ्नो वस्त्र मलाई देऊ। जहाँ बजार छन्, यी वस्त्रहरूका पारखी छन्, त्यहाँ यसलाई देखाऊ, यो वस्त्र बेचेर तिमीले राम्रो रकम पाउछौ, जसद्वारा तिमीले अरू तरिकाले पनि जीविकोपार्जन गर्न सक्छौ।'' अत: मुनिहरूका भेषबाट जीव-जन्तुहरू आश्वस्त हुन्छन्। उनीहरूलाई थाहा छ कि यहाँनेर भयको कुनै कारण छैन।

श्रीरामचरित मानसको प्रसंग छ। वनवासकालमा श्रीराम जब महर्षि बाल्मीकि आश्रममा आए, त्यहाँ का दृश्य देखे–

**खग मृग बिपुल कोलाहल करहीं। बिरहित बैर मुदित मन चरहीं।।**

**(मानस, २/१२३-८)**

चित्रकूट आश्रममा भगवान्‌लाई हेरेर सबै जीव-जन्तुहरू आश्वस्त भए–

**करि केहरि कपि कोल कुरंगा। बिगत बैर बिचरहि सब संगा।।**

**(मानस, २/१३७-१)**

करि अर्थात् हात्ती, केहरी अथवा केशरी अर्थात् सिंह, कपि (बाँदर), कोल अर्थात् सुगुंर, कुरंग अर्थात् हरिन– सबै सहज शत्रुतालाई त्यागेर साथ-साथै घुम्न थाले।

भरतले चित्रकूटको वनक्षेत्रको अवलोकन गरेपछि थाहा पाए–

**खगहा करि हरि बाघ बराहा। देखि महिष वृष साजु सराहा।।**

**बयरु बिहाइ चरहिं एक संगा। जहँ तहँ मनहुँ सेन चतुरंगा।।**

**(मानस, २/२३५/३-४)**

चित्रकूट मुनिहरूका निवास थिए। भरतजीले ती मुनिहरूका प्रभाव देखे कि गैंडा इत्यादि सबै जीवहरू सहज शत्रुता बिर्सेर एकैसाथ घुम्दै थिए। पंचवटीमा रामले देखे–

**खग मृग बृन्द आनन्दित रहहीं। मधुप मधुर गुंजत छबि लहहीं।।**

**(मानस, ३/१३-३)**

खग अर्थात् चरा, मृग अर्थात् वनका जीवहरू– सबै आनन्दित थिए। भंवराहरू गुंजार गरिरहेका थिए त्यसैले उनीहरूको शोभा अझै अनौठो थियो।

कागभुशुण्डि आश्रमको चित्रण गोस्वामी जी कै शब्दहरूमा हेरौं–

**सीतल अमल मधुर जल, जलज बिपुल बहुरंग।**
**कूजत कलरव हंस गन, गुंजत मंजुल भृंग।। (मानस, ७/५६)**

आश्रमको हाताभित्र रमनीय तलाउ थियो जसमा हाँसहरू कलकल गरी रमाइरहेका थिए, भंवराहरू गुंजार गरिरहेका थिए; जीव-जन्तुहरू स्वच्छन्द रूपले विचरण गरिरहेका थिए। महात्माहरूलाई देखेपछि उनीहरूको डर नै समाप्त हुनजान्छ।

श्रीमद्भगवद्गीतामा छ–

**विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि।**
**शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः।। (गीता, ५/१८)**

अर्जुन! पण्डिताः अर्थात् पूर्ण ज्ञाता महापुरुष विद्या-विनययुक्त ब्राह्मण र चाण्डाल, कुकुर र गाई, विशालकाय हात्तीमा समान दृष्टिवाला हुन्छन्। उनीहरूको दृष्टिमा विद्या-विनययुक्त ब्राह्मणले न कुनै विशेषता राख्दछ र न चाण्डाल कुनै हीनता राख्दछ। न त गाई धर्म हो र न त कुकुर अधर्म र विशालकाय भएकोले न त हात्ती कुनै विशेषता राख्दछ। उनीहरूका दृष्टि शरीरमाथी होइन, बरू सिधै जीवहरूको अन्तरात्मामाथी पर्दछ। यति कुरा अवश्य छ कि विद्या-विनययुक्त ब्राह्मण लक्ष्यको नजिक छ र जसलाई चाण्डाल भनिन्छ, त्यो लक्ष्यभन्दा टाढा छ। तर सबै त्यसै पथका बटुवा हुन्।

अहिंसामा स्थित यी महापुरुषहरूलाई आफ्ना पूर्वजन्महरूका स्मृति रहन्छन्। भगवान् बुद्धलाई बितेका दुईसय जन्महरूको स्मरण थियो। जातक कथाहरूमा उल्लेख छ– उनी एउटा जन्ममा रुख भए। त्यस रुखमाथि बकुलाले माछाहरू खान्थ्यो र हाडहरू त्यसै रुखमाथि खसाल्दथ्यो। बुद्धलाई यो क्रिया राम्रो लागेन, तर त्यस रुख योनिमा उनले गर्न पनि के सक्थे?

महर्षि कागभुशुण्डिजीलाई पनि अनेकौं जन्महरूको स्मरण थियो–

**सुधि मोहि नाथ जनम बहु केरी। सिव प्रसाद मति मोर न घेरी।।**
**(मानस, ७/९५-८)**

तात! अनेकौं जन्महरूको मलाई स्मरण छ। शंकरजीले कृपाले मेरो बुद्धिलाई मोहले घेरेन। त्यस जीवनमा जति साधना, जस्तो स्मृति थियो, ती सबै पछिका योनिहरूमा संक्रमित हुँदै गए। आज पनि यस्ता उदाहरण जताजतै देख्न पाइन्छन्।

पूज्य गुरु महाराजजीको पालामा सती अनुसूइया आश्रममा एउटा ब्रह्मचारी बाँदर थियो। अन्य बाँदरहरू पशुवत् क्रीड़ाहरूमा लिप्त रहन्थे तर ऊ शान्त-एकान्तमा एउटा रुखमाथी बसी रहन्थ्यो। जस्तो कि सुग्रीवले भगवान् रामसंग निवेदन गरेको थियो– **'बिषय बस्य सुर नर मुनि स्वामी। मैं पाँवर पसु कपि अति कामी।।' (मानस, ४/२०-३)**– बाँदरहरू बढी कामी हुन्छन्। ऋतुकालमा एक-एक महीनासम्म एउटा पात पनि मुखमा हाल्दैन्न, पागल जस्तो बसिरहेका हुन्छन्; नर र मादाले एक अर्कालाई हेरि रहन्छन्। तर त्यो बाँदर महाराजजीको अगाडि रुखमा बसी रहन्थ्यो, महाराजजीलाई आँखा न झिम्क्याइकन लगातार हेरि रहन्थ्यो। यदि कुनै बाँदरनी नजिक आउने प्रयास गर्दथिन् भने त्यसलाई देखे पनि नदेखे जस्तो गरी मतलब राख्दैन्थ्यो र पकडमा आउन सक्ने कुरा बुझेपछि त्यसलाई झट समातेर पहाड़बाट तल फ्याली हाल्थ्यो जसले गर्दा उसको हाड-करंग भाचिन्थ्यो, किं-किं गर्दै सबै बाँदरहरू भाग्दथे, फेरि त्यसको नजिक आउने आँट गर्दैनथे र ऊ मस्त भएर बसिरहन्थ्यो।

पूज्य महाराजजी बिहान जब भजनमा बस्नुहुन्थ्यो, त्यो बाँदर पनि आएर महाराजजीभन्दा अलि पर बस्दथ्यो। एउटा खम्बा थियो, त्यसैको सहारा लिएर बस्दथियो। महाराजजी भजनमा घण्टौंसम्म बसिरहनु हुन्थ्यो, ऊ पनि शान्तिपूर्वक बसिरहन्थ्यो। ऊ कांध अथवा जीउ केही पनि न हल्लाइकन बस्दथ्यो। कहिले काहिं आंखा खोलेर महाराजजीतिर हेर्ने गर्दथ्यो। उसको यो नाटक महाराजजीलाई बड़ो राम्रो लाग्दथ्यो। महाराजजी खोक्दा खेरी ऊ पनि यता-उति जीउमा खौरिन थाल्थ्यो। दयाले गर्दा महाराजजीले त्यसको लागि पनि एउटा टिक्कड़ (बाक्लो रोटी) बनाउन लगाउनु हुन्थ्यो। भजनपछि महाराजजीले त्यही टिक्कड़ उसलाई दिनु हुन्थ्यो। ऊ उभेर त्यसलाई एउटा हातले समाती काँखमा च्याप्थ्यो र तीन खुट्टाले मात्र पहाड़माथी चढ्थ्यो।

अर्को दिन बिहान पाँच बजे अँध्यारोमा नै आएर महाराजजीको सामुन्ने बसी हाल्थ्यो। यो उसको नियम-जस्तो भई सकेको थियो।

एक दिन महाराजजीले उसलाई सम्बोधन गरेर भने, ''ब्रह्मचारी! हेर, वर्षाॠतुको समय हो। आश्रममा सुकेका दाउरा छैन। यस रुखमाथी सुकेका हाँगाहरू छन्। यदि तिमीले भाँचेर खसाली दियौ भने रोटी पकाउन सकिन्थ्यो।'' उसले सुन्यो, रोटी लियो, पहाड़माथी गएन, सामुन्नेको कुवाँको चौतारामा बसेर रोटी खायो, त्यसपछि ऊ देखाइएको रुखमा चढेर सुकेको दाउरा भएको हांगालाई हल्लाउन थाल्यो। आश्रमका भक्तहरूले महाराजजीलाई सूचना दिए। रमिता हेर्न महाराजजी पनि त्यहाँ आई पुग्नुभयो, भन्नुभयो, ''अरु कोशिश गर बेटा!'' हांगा भाँचि रहेको थिएन, तब उसले अझ माथिल्लो हांगामा चढेर सुकेको हांगामाथी हामफाल्यो। हांगा भाचिएन। महाराजजीले फेरि भन्नुभयो, ''एकपल्ट अरू प्रयास गर!'' तेस्रो पल्ट त्यही हांगामा हामफालेपछि एउटा टुक्रा भाँचेर खस्यो। महाराजजी भन्नुभयो, ''स्याबास बेटा! अब रोटी पाकी हाल्छ, तिमीले राम्रो सेवा गर्‍यौ। तिमी चिन्ता न गर। दाउरा आई हाल्छ।'' यसरी त्यो बाँदर मान्छे जस्तो आचरण गर्दथ्यो, आदेशहरूको पालन गर्दथ्यो।

एक दिन महाराजजी ख्यालठट्ठा गर्दै भने, ''जब तिमी ब्रह्मचारी छौ, भजन गर्दछौ भने आफ्नो लागि भोजनको व्यवस्था आफै गर्ने गर। म आफ्ना शिष्यहरूबाट पिठो मगाउँछु। उनीहरू गहुँ पिसाएर १५ किलोमीटर टाढा चित्रकूटबाट पोको आफ्नो टाउकोमा ढुवानी गरेर ल्याउँछन्। हामीहरू रोटी बनाएर तिमीलाई खुवाउने? अब यस्तो हुन सक्दैन। यदि साधु छौ भने आफै चेताउ।'' (सधुकड़ी भाषामा भिक्षाटनलाई चेताउने भनिन्छ।)

अर्को दिन एउटा कुर्मि, जसलाई त्यहाँको क्षेत्रीय भाषामा जमिन्दार भनिन्छ, बिहान लगभग पाँच बजे ब्रह्मचारी बाँदर आउनुभन्दा केही समय पहिले नै महाराजजीको नजिक आइपुग्यो। दण्डवत् प्रणाम गरेपछि उसले निवेदन गरे, ''महाराजजी! के यहाँ कुनै ब्रह्मचारी बाँदर छ?'' महाराजजीले सोधे, ''तिमीलाई कसरी थाहा भयो?'' उसने भने, ''महाराजजी! जंगलमा रहेको खेतको हेरचाह गर्न म मचानमाथी पल्टिरहेको थिएँ। यस्तो लाग्यो कि कसैले मेरो हात समातेर उठाइरहेकोछ। एउटा आवाज पनि सुनियो- के

सुतिरहेका छौ। उठ, म अनुसुइयाको ब्रह्मचारी बाँदर हुँ। मेरो लागि चना लिएर अनुसुइया हिड।

केही बेरसम्म म यता-उति हेरें। जब कुनै आवाज पाइएन तब त्यसलाई सपना ठानेर म फेरि पल्टिहाले। अलि-अलि निद्रा आउनै लागेको थियो कि कसैले एक झ्यापु गालामा हानेर भन्यो, मैले भनि हाले नि! चना लिएर हिड। फेरि सुतिरहेका छौ? मैले विचार गरे, पहिलो पल्ट हात समातेर उठायो, दोस्रो पल्ट झ्यापु हान्यो, तेस्रो पल्ट थाहा छैन कुन दण्ड देला। त्यसपछि नुहाएँ, चना लिएँ, दुई-साढे दुई बजे रातिदेखि नै हिडेर आउँदैछु, गाउँ टाढा छ, घनघोर जंगलको बाटो छ। यहाँसम्म आइपुग्दा बिहान भइसकेकोछ। कता छ त्यो बाँदर?

महाराजजीले भन्नुभयो– ‘‘अहिले आउदै होला। हिजो मैले त्यसलाई गाली गरेको थिएँ कि साधु छौ भने आफ्नो व्यवस्था आफै गर। त्यसलै त्यसको स्वरूप तिमीकहाँ पुग्यो, तिमीलाई उठायो, जगायो, प्रेरित गर्‍यो। भगत! तिमी भाग्यशाली छौ।’’ यतिकैमा ब्रह्मचारी बाँदर आइपुग्यो। महाराजजीले उसलाई चना दिएर भने, ‘‘स्याबास बेटा! अब तिमीले चेताउने आवश्यकता छैन। म बुझिहालें कि तिम्रो साधुता साँचो हो। अब तिमीले रोटी पाइरहन्छौं।’’ जमिन्दारले भने, ‘‘त्यो त ठीकै छ महाराजजी! तर म पनि प्रत्येक सप्ताहमा ब्रह्मचारीको लागि चना ल्याउदै गर्नेछु।’’

सारांशत: **‘उमा! जे राम चरन रत ....’** जो रामको चरनमा अनुरक्त छ, उनीहरूभित्र एउटा दृष्टि हुन्छ। उसले थाहा पाउँछ कि को कति पानीमा छ? के छ? को भ्रष्ट छ? को सही छ? तापनि उनीहरू **‘निज प्रभुमय देखहिं जगत, केहिं सन करहिं विरोध।।’** उनी विरोध गर्ने पनि कोसंग गर्ने?

यस्ता महात्माहरू समदर्शी र समवर्ती हुन्छन्। उनीहरूद्वारा जहिले पनि अहिंसा नै प्रवाहित हुन्छ। उनीहरूबाट जहिले पनि कल्याण नै हुन्छ। अकल्याण गर्ने खालको कुनै पनि वस्तु उनीहरूसंग हुँदै हुँदैन, छैन भने कताबाट दिनेछन्?

**जड़ चेतन मग जीव घनेरे। जे चितए प्रभु जिन्ह प्रभु हेरे।।**
**ते सब भये परम पद जोगू। भरत दरस मेटा भव रोगू।।**

**(मानस, २/२१६/१-२)**

जस-जसले प्रभुलाई देखे अथवा जसलाई प्रभुले नै देखि हाले, ती सबैजना परमपदका अधिकारी भए। अहिंसाव्रत प्राप्त महापुरुषहरूको यस्तै लक्षण हुन्छ। जहाँ आत्मा विदित छ, जो आत्मतृप्त छ, आत्मस्थित छ, जसले आफ्नो उद्धार गरिसकेको छ, उनीद्वारा नै सबैको उद्धार सम्भव छ।

श्री स्वामी विवेकानन्दजीले पातञ्जल योगसूत्रहरूको व्याख्या गर्दै साधन-पादको पैंतिसौं सुत्रमा भने कि, ''भित्र (हृदयदेशमा) अहिंसा प्रतिष्ठित भएपछि उसको नजिक सबै प्राणीहरू आफ्नो स्वाभाविक शत्रुताको भाव त्यागि दिन्छन्। यदि कुनै व्यक्तिले अहिंसाको अन्तिम अवस्था प्राप्त गर्दछ भने उसको अगाडि स्वाभाविक हिंसक प्राणीहरू पनि शान्तिको भाव धारण गर्दछ। यस अवस्थाको प्राप्ति भएपछि नै बुझ्नु कि तिम्रो अहिंसा-व्रत दृढ़ प्रतिष्ठित भइसकेकोछ।'' यस प्रकारले विवेकानन्दजीले अहिंसालाई अन्तःकरणको वस्तु भएको बताए।

यिनै आप्तपुरुषहरूका जीवन-चरित्रलाई पढेर-सुनेर मानव मात्रले समानता, सहिष्णुता, परोपकार, सेवा, सद्भावना र अर्काको दुःखमा करुणाको पाठ सिके। महात्मा गांधीजीमाथी पनि यिनै महापुरुषहरूको प्रभाव थियो। गुजरातका महान संत नरसी मेहता इत्यादि भक्तहरूका जीवनी, रहन-सहन, क्रियाकलाप उनी विशेष रूपले प्रभावित थिए– **'वैष्णव जन तो तेने कहिये जे पीर पराई जाणे रे!'** उनीहरूकै शिक्षाहरूले अभिभूत भएर उनले दक्षिण अफ्रीकीहरूलाई संगठित गरे, स्वतन्त्रताको ढोकासम्म पुऱ्याएर तापनि ती महापुरुषभित्र अहिंसाको जुन अवस्था-स्थिति र दृष्टि आए, त्यो योग-साधनाजन्य थियो, क्रियात्मक अभ्यासजन्य थियो। एकपल्ट अहिंसाको त्यस ऊँचाईसम्म पुगीसकेपछि त्यसले त्यहाँबाट कहिले पनि विचलित हुँदैन। यस्ता महापुरुषहरू आवश्यकता परे आसुरी वृत्ति भएकाहरूको बहुमत देखेर नास्तिकताका लक्षणहरूमा शस्त्राभ्यासमाथी जोर दिएका छन् जसले गर्दा भावी पीढ़ि अकर्मण्य, काँतर र नपुंसक हुन नसकोस्, संसारमा समृद्ध जीवनको साथ साथै परमश्रेयको बाटोपथ प्रशस्त भईरहोस्। अरू कुनै उपाय बाँकी नरहेपछि देश र संस्कृतिको रक्षाको लागि शस्त्रहरूको प्रयोग पनि अहिंसालाई प्रतिष्ठित गर्ने दिशामा उठाइएको एउटा सार्थक पाइला हो।

॥ ॐ ॥

# हाम्रो प्रकाशन

| पुस्तकहरू | | भाषाहरू |
|---|---|---|
| **यथार्थ गीता** | ❖ *भारतीय भाषाहरू* | हिन्दी, मराठी, पंजाबी, गुजराती, उर्दू, संस्कृत, उड़िया, बंगला, तमिल, तेलगू, मलयालम, कन्नड़, आसामी, सिन्धी। |
| | ❖ *विदेशी भाषाहरू* | अंग्रेजी, जर्मन, फ्रेंच, नेपाली, स्पेनीश, फारसी, नार्वेजीयन, चायनीज, डच, इटालियन, रूसी। |
| **शंका समाधान** | | हिन्दी, मराठी, गुजराती, अंग्रेजी, नेपाली। |
| **जीवनादर्श एवं आत्मानुभूति** | | हिन्दी, मराठी, गुजराती, अंग्रेजी। |
| **अंग क्यों फड़कते हैं? क्या कहते हैं?** | | हिन्दी, अंग्रेजी, गुजराती, जर्मन। |
| **अनछुए प्रश्न** | | हिन्दी, मराठी, गुजराती। |
| **एकलव्य का अंगूठा** | | हिन्दी, मराठी, गुजराती। |
| **भजन किसका करें?** | | हिन्दी, मराठी, गुजराती, जर्मन, अंग्रेजी, नेपाली। |
| **योगशास्त्रीय प्राणायाम** | | हिन्दी, मराठी, गुजराती। |
| **षोडशोपचार पूजन-पद्धति** | | हिन्दी, मराठी, गुजराती। |
| **योगदर्शन-प्रत्यक्षानुभूत व्याख्या** | | हिन्दी, गुजराती, संस्कृत। |
| **ग्लोरिस् ऑफ योगा** | | अंग्रेजी। |
| **प्रश्न समाज के- उत्तर गीता से** | | हिन्दी। |
| **बारहमासी** | | हिन्दी। |
| **अहिंसा का स्वरूप** | | हिन्दी, मराठी, अंग्रेजी, नेपाली। |

## ऑडियो कैसेट्स

| | |
|---|---|
| **यथार्थ गीता** | हिन्दी, गुजराती, मराठी, अंग्रेजी। |
| **अमृतवाणी** (श्री स्वामीजीको मुखारविन्दबाट निःसृत अमृतवाणीहरूका संकलन वाल्यूम १ से ५५ सम्म।) | हिन्दी। |

## गुरुवंदना ( आरती )

## ऑडियो सिडिज् (MP3)

| | |
|---|---|
| **यथार्थ गीता** | हिन्दी, गुजराती, मराठी, अंग्रेजी, जर्मन, बंगला। |
| **अमृतवाणी** | हिन्दी। |

© सर्वाधिकार-लेखक

उपरोक्त पुस्तकहरूका अंश प्रकाशन, रिकार्डिंग, प्रतिलिपि प्रकाशन र संशोधन लेखकको अनुमति विना वर्जित छ।

## गीतोक्त धर्मको नाम – आर्य, सनातन, हिन्दू

'गीता'को आरम्भमा नै भगवान्‌ले भन्नुभयो–


**कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम् ।**

**अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन।। (गीता, २/ २)**

अर्जुन! यस विषम स्थलमा तिमिलाई यो अज्ञान कहाँबाट उत्पन्न भयो? न यो कीर्ति बढाउनेवाला छ, न कल्याण गर्नेवाला छ, न पूर्वका वरिष्ठ महापुरुषहरूले भूलेर पनि यसको आचरण गरे। **'अनार्यजुष्टम्' –** यो अनार्यहरूको आचरण तिमीले कहाँबाट सिक्यौ? गीता आर्य-संहिता हो। आत्माबाहेक कसैको अस्तित्व छैन। जो त्यो परमात्माप्रति निष्ठावान छ, ऊ आर्य हो। त्यस आत्मालाई विदित गर्ने विधि (योगविधि)लाई जसले आचरणमा ढाल्दछ त्यो आर्यव्रती हो र यसको परिणाममा जसको आत्मा विदित छ, जो आत्मतृप्त छ, आत्मस्थित छ, त्यो आर्यत्वलाई प्राप्त छ।

आत्मा सनातन छ। जो त्यसको पुजारी छ, त्यो सनातनधर्मी छ। त्यो सनातन आत्मा हृदयमा निवास गर्दछ– **'हृदि सर्वस्य विष्ठितम्' (गीता, १३/१७)**। अध्याय १५मा भगवान् भन्नुहुन्छ– **'सर्वस्य चाहं हृदि सन्निविष्टो।'** – म सबैको हृदयमा निवास गर्दछु। अठारौं अध्यायमा भगवान्‌ले भन्नुभयो– **'ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति।' (गीता, १८/६१) –** अर्जुन! त्यो ईश्वर सबै भूतहरू अर्थात् प्राणीहरूको हृदयमा निवास गर्दछ। त्यो हृदयस्थ ईश्वरको उपासकलाई **'हिन्दू'** भनिन्छ। अतः अस्तित्वप्रति निष्ठावान् **'आर्य'**, सनातन आत्मालाई विदित गर्नेहरू सनातनधर्मी र हृदयस्थ ईश्वरको उपासक हुनाले **'हिन्दू'** कहलाउँछन्। कालक्रमले बदलिदै आएका यी तीनवटै नामहरू एउटै सन्दर्भका सन्देश हुन् र यी सबैका एउटै धर्मशास्त्र **'गीता'** हो।

यथावत् जान्नको लागि हेरौं **'श्रीमद्भगवद्गीता'**को शाश्वत व्याख्या **'यथार्थ गीता'**।




**श्री परमहंस स्वामी अड़गड़ानन्दजी आश्रम ट्रस्ट**

न्यू अपोलो एस्टेट, गाला नं 5, मोगरा लेन (रेलवे सबवे के पास), अंधेरी (पूर्व), मुम्बई – 400069

फोन - (022) 28255300 • ई-मेल - contact@yatharthgeeta.com • वैबसाइट - www.yatharthgeeta.com